# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एक बहुजाति, बहुभाषी, बहुसांस्कृतिक मुलुक हो । यो बिबिधता नै नेपालको बिशिष्ठ पहिचान मानिन्छ । नेपालको जनगणना २०५८ अनुसारले नेपालमा ५९ प्रकारका जनजातिका समूहहरू रहेको पुष्टी गरेको छ भने हाल नेपालमा १०३ जनजातिका समूहहरू रहेको तथ्यको जानकारी आदिवासी जनजाति महासंघ नेपालले जनाएको छ । यी सबै जनजातिहरूको आ-आफ्नै किसिमका मूल्य, मान्यता, भाषा, धर्म, संस्कृति र रीतिरिवाजहरू रहेका हुन्छन् । समयको परिवर्तनसँगैं यी सबै मूल्य, मान्यता, भाषा, धर्म, संस्कृति, रीतिरिवाज, समाज संरचना र संस्कारहरूमा पनि परिवर्तन हुदैं जाने गर्दछन् ।

संस्कृति र इतिहाँस यस्ता तत्व हुन् की जसले राष्ट्र, समाज, संस्कृति र जातिलाई महत्वपूर्ण प्रभाव पारिरहेका हुन्छन् । नेपालमा रहेका जनजातिहरू मध्ये बि.स.२०५८ को जनगणना अनुसार जनसंख्याको हिसाबले लिम्बू जाति जनजातिको समूहमा राई पछिको दोस्रो ठूलो समूहमा रहेको पाइन्छ । लिम्बू जातिको आफ्नै प्रकारको रीतिरिवाज, भाषा, धर्म, संस्कृति र संस्कारहरू रहेको पाइन्छ । नेपालको राष्ट्रिय गौरबलाई सधै जीवित र उच्च राख्नको लागि सबै जात-जातिहरूको समाज र संस्कृतिलाई जीवित राख्न वा संरक्षण र सम्बर्द्धन गर्न अति आवश्यक पर्दछ । नेपालको जनगणना २०५८ अनुसार लिम्बूहरूको जनसंख्या ३५९३७९ रहेको छ जो नेपालको कुल जनसंख्याको १.५८% रहेको पाइन्छ भने लिम्बू भाषा बोल्नेको संख्या ३३,३६३३ रहेको पाइएको छ ।

जनजाति भन्नाले छुट्टै सामाजिक र सांस्कृतिक पहिचान भएको आफ्नै प्रकारको परम्परा, भाषा, धर्म र संस्कृति बोकेको, समानतामा आधारित आफ्नै प्रकारको सामाजिक संरचना, परम्परागत, मूल्य, मान्यता र भौगोलिक क्षेत्र भएको, र बर्तमान नेपालको राजनीति सञ्चालनमा कुनै पनि भूमिका नभएको, हिन्दु बर्णाश्रम धर्मभित्र नपर्ने, ठूलो नेपाली समाजभित्रको एउटा सानो समूह हो । एउटा जनजातिभित्रको समाज र संस्कृति कुनै अर्को जाति वा संस्कृति भन्दा फरक हुन जान्छ । यिनै बिबिधताहरूमा तिनीहरूको भाषा, धर्म संस्कृतिमा बिशिष्ट खालको फरकपन र रीतिरिवाज रहेको हुन्छ । परम्परागत रुपमा अलग समूहको पहिचान र भावना जनजाति समूहका लागि महत्वपूर्ण पक्ष मानिन्छ । जनजातिहरूलाई माथि नउठाएसम्म सामाजिक वा जातिय समानताको कल्पना पनि गर्न सकिदैन ।

यी जनजातिहरूमा मुख्य गरी राई, लिम्बू, मगर, तामाङ, शेर्पा, थकाली, लेप्चा, गुरुङ, थारु,  राउटे, कोचे, मेचे, नेवार, सुनुवार, दनुवार, धिमाल, सतार, राजपुत आदि पर्दछन । यी जनजातिहरू नेपालका पाँचवटै बिकास क्षेत्रमा वा पुर्ब मेची देखि पश्चिम महाकाली सम्म र तराई देखि हिमाल सम्म फैलिएर बसेको पाइन्छ । जनसंख्यको आधारमा राई पछिको दोस्रो ठूलो समुहमा रहेको जातिमा लिम्बू जाति रहेको तध्य नेपाल तथ्यांङ्क बिभागको बि.स. २०५८ को जनगरणा अनुसार पाउँन सकिन्छ ।

नेपाललाई प्रशासनिक दृष्टिकोणले पुर्बाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, र सुदुरपश्चिमाञ्चल गरी पाँच बिकास क्षेत्रमा विभाजन गरिएको छ । यी सबै क्षेत्रको अवस्था क्षेत्रफल, भू-बनोट, हावापानी, विकास र जनसंख्याका आधारमा पनि फरक-फरक रहेको छ । साथै यी क्षेत्रहरूले आ-आफ्नै  किसिमका भिन्न भिन्न बिशेषताहरू बोकेका छन् । बि.स. २०५८ को जनगणना अनुसार “नेपालको कुल जनसंख्या २,३१,५१,४२३ रहेकोमा पुरुषको जनसंख्या १,१५,६३,९१२ अथवा ४९.४ प्रतिशत र महिलाको जनसंख्या १,१५,८७,५०२ अथवा ५०.९६ प्रतिशत रहेको छ । यसबाट ०.८० प्रतिशत महिला बढी देखिए तापनि पुरुषको तुलनामा महिलाको सहभागिता घरायसी धन्दा वा काम बाहेक अन्य उत्पादनका सबै क्षेत्रमा वा रोजगारीका सबै क्षैत्रमा कम रहेको देखिन्छ । क्षेत्रगत रुपमा हेर्दा कुल जनसंख्याको २२.८३% पुर्वाञ्चलमा, ३४.५% मध्यमाञ्चलमा, १९.४% पश्चिमाञ्चल १५.४% मध्यपश्चिमाञ्चल, र  ९.४ प्रतिशत सुदुर पश्चिमाञ्चलमा रहेको छ ।  (केन्द्रीय तथ्यांक बिभाग २०५८) ।

इलाम जिल्ला आम्चोक गा.बि.स वडा न.२ का लिम्बू जातिको समाजशास्त्रीय  अध्ययन गर्नको मुल उद्देश्य भनेको लिम्बु जातिको विविध पक्षहरुको जानकारी लिनु र यिनीहरूमा भएको परिवर्तनका कारणहरू पत्ता लगाउनु नै रहेको ।

यस अध्ययनको बिशिष्ट  उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

(क लिम्बू जातिको सामाजिक पक्ष र त्यसमा आएको परिवर्तनहरूलाई  पहिचान गर्ने। (ख) लिम्बू जातिको सांकृतिक पक्ष अन्तर्गत यिनीहरूका  संस्कारहरूको अवस्था र यिनमा भएका  परिर्वतनहरूको अध्ययन  गर्ने ।

## १.२ समस्याको कथन

लिम्बूहरूको मुख्य बसोबास नेपालको सुदुरपूर्वका नौ वटा जिल्लाहरूमा रहेको छ जसमा तेऱ्हथुम, संखुवासभा, धनकुटा, पाँचथर, इलाम, मोरङ्ग, झापा, ताप्लेजुङ, सुनसरी (धरान, इटहरी ) रहेका छन् । यसको अलावा नेपालका पचहत्तर वटै जिल्लाहरूमा थोरबहुत संख्यामा लिम्बू जातिको बसोबास रहेको देखिन्छ । बिबिध कारणले नेपाल बाहेक अन्य मुलुकहरूमा पनि यत्र-तत्र छरिएर लिम्बूजातिले बसोवास गरेको पाइन्छ । यो जाति छुट्टै सामाजिक व्यवस्था, धर्म, भाषा, संस्कृति रीतिरिवाज बोकेको जाति हो । बँसाईसराईको क्रममा यिनीहरू देशका विभिन्न ठाउँहरूमा पुगेको देखिन्छ । यसरी पैतृक थलोबाट अन्यत्र जाँदा उनीहरूको सामाजिक संरचनामा पनि परिवर्तनहरू आउँदछ । समयको अन्तरालसगै, नवपरिवर्तन, सञ्चार माध्यमको प्रचार, प्रसार, बसाँईसराई, आधुनिकिकरण, पश्चिमिकरण, पर-संस्कृतिकरण, आत्मसाथकरण, क्रान्ति, अन्तरराष्ट्रिय स्तरमा संलग्नता आदि सम्यन्त्रहरूले समाज र संस्कृतिमा पनि परिवर्तन आउँन सक्दछ । यहि सन्दर्भमा इलाम जिल्लाको आम्चोक गा.बि.स. वडा नं. २ 'रातमाटेमा' बसोबास गर्ने आदिबासी जनजाति लिम्बूजातिको समाजशास्त्रीय अध्ययन, अनुसन्धान र यसमा भएका परिवर्तनहरूका बारेमा जानकारी दिलाउने प्रयास यस शोधपत्रमा गरिएको छ किनभने लिम्बू जाति आफै पिछडिएको र सुविधा बञ्चित जाति हो त्यसमा पनि आम्चोक गा..बि.स. वडा नं. २ का लिम्बू जाति हरेक क्षेत्रमा पिछडिएको कारणले गर्दा यस ठाउँका लिम्बू जातिको अध्ययन गरी यसको जानकारी जिल्ला स्तर वा राष्ट्रिय स्तर सम्म पुऱ्याउँनको लागि वा लिम्बू जातिको बारेमा अध्ययन अनुसन्धान गर्न चाहाने स्वदेशी वा बिदेशी अनुसन्धानकर्ताहरूलाई पनि सहयोग पुऱ्याउँने उद्देश्यले यस शोधपत्रमा यसै क्षेत्रका लिम्बू जातिको अध्ययन अनुसन्धान गरिएको छ । लिम्बू जातिको परम्परागत सामाजिक अवस्था र संस्कारहरूको बर्तमान अवस्थासँग के कसरी तुलनात्मक अध्ययन गर्न सकिन्छ ? सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक, धार्मिक र लैङ्गिक पक्षहरूलाई उनीहरूले कुन प्रकृयाबाट परिचालन र परिवर्तन गर्दै ल्याएका छन् भनि लक्षित जातिको अध्ययन र अनुसन्धान गरी यसबाट प्राप्त जानकारीलाई प्रस्तुत् गरी उनीहरूका समस्याहरूलाई उजागर गर्नु आवाश्याक भएकोले यस शोधपत्रको समस्या कथन पनि यहि नै रहेको छ ।

## १.३ अध्ययनको औचित्य

लिम्वू जातिको आफ्नै भाषा, लिपि, धर्म, संस्कृति र सामाजिक परम्परा रहेको छ । उनीहरूको समाज र संस्कृतिका बारेमा थुप्रै लेख, रचनाहरू लेखिए तापनि ती लेख, रचनाहरूमा लिम्बू जातिको समाजशास्त्रीय अध्ययन र यिनमा भएका परिर्वतनहरूका बारेमा खासै ब्याख्या, बिष्लेशण र अध्ययन अनुसन्धान गरेको पाईदैन । लिम्वू जातिको संस्कारहरू पनि लिम्बू समाजको महत्वपुर्ण पक्ष हुन जान्छ । यस समुदायको संस्कारहरूले लिम्वू जातिका बिभिन्न संस्कृतिजन्य पक्षहरूमा विशेष भूमिका निर्वाह गर्ने हुदाँ यसको अध्ययन अनुसन्धान र संरक्षण गर्नु पनि आवश्यक हुन्छ । नेपालका विभिन्न जनजातिहरूको सामाजिक अवस्था र संस्कारहरूको अध्ययन गर्ने क्रममा विभिन्न बिद्धानहरूले फरक-फरक लेख-रचनाहरू प्रकाशित गरेको भए तापनि समयको अन्तरालसँगै परिवर्तन भएको लिम्बू जातिको सामाजिक, सांकृतिक परिवर्तनहरूको बिषयमा गहिरो अध्ययन अनुसन्धान गरेको पाइदैन । त्यसैले यस शोध पत्रमा इलाम जिल्ला आम्चोक गा.बि.स. वडा नं. -२ मा बसोवास गर्दै आएका लिम्बू जातिको समाजशास्त्रीय अध्ययन अनुसन्धान र पहिचान गराउदै यिनमा भएका परिर्वतनहरूको खोज अनुसन्धान गर्नु नै यस अध्ययनको औचित्य रहेको छ ।

लिम्बू जातिको समाजशास्त्रीय अध्ययन गरी यसमा भएका परिवर्तनका कारक तत्वहरूको खोजी गर्दा यिनमा के-कस्ता परिर्वतनहरू हुँदै आएका रहेछन भन्ने कुराहरू पत्ता लाग्ने भएकोले । लिम्बू जातिको समाज र संकृतिमा भएका परिवर्तनहरूको बारेमा जिज्ञासा राख्ने वा बिस्तृत अध्ययन अनुसन्धान गर्न खोज्ने अनुसन्धानकर्ताहरूका लागि पनि यो शोधपत्र आधार बन्दछ वा गाउँ स्तरिय, जिल्ला स्तरिय, राष्ट्रिय स्तरिय र जाति स्तरिय योजनाहरू बनाउँनको लागि पनि योजनाकर्ताहरूलाई महत्वपूर्ण सहयोग पुग्दछ । आज समाजशास्त्र/मानवशास्त्रको क्षेत्रमा समाज र सस्कृति परिर्वतनले महत्वपुर्ण स्थान ओगट्न सफल भएको छ । यसको बिस्तृत जानकारी दिने प्रयास यस शोधपत्रको अध्ययनमा गरिएको छ ।

यसै सन्दर्भमा इलाम जिल्ला आम्चोक गा.वि.स. वडा नं. २ का लिम्बू जातिको समाजशास्त्रीय अध्ययन गरी यसमा आएका परिर्वतनहरूको कारक-तत्वहरू पत्ता लगाई जानकारी लिनुका साथै समाजशास्त्रीय अध्ययन गर्दा देखिएका विविध पक्षहरूका विषयमा अध्ययन अनुसन्धान .गरिएको छ । यस अध्ययनको मद्धतले भविष्यमा आउँने भावी सन्ततिहरूलाई पनि यस सम्बन्धि थप अध्ययन गर्नु परेमा जानकारी लिन सजिलो हुनुको साथै यसै अनुरुप अन्य जातिको पनि समाजशास्त्रीय अध्ययन, अनुसन्धान गर्न सजिलो हुने विश्वास यस शोधपत्रको अध्ययनबाट गरिएको छ ।

## १.४ अध्ययनको सांगठनिक ढाँचा

यस शोधपत्रको अध्ययन अनुसन्धानको कार्यलाई जम्मा पाँच अध्यायमा विभाजन गरि तयार गरिएको छ जो यस प्रकार रहेको छ :- यस शोधपत्रको अध्याय एकमा अध्ययनको पृष्ठभूमि अन्तर्गत परिचय, समस्याको कथन, अध्ययनको उदेश्य, अध्ययनको औचित्य, अध्ययनको संगठनलाई समेटिएको छ । यसै गरि अध्याय दुईमा पूर्ब-साहित्यको समिक्षा अन्तरगत लिम्बुजातिको समाजशास्त्रीय अध्ययनका बारेमा लेखिएका बिभिन्न पुस्तकहरू लेख रचनाहरूका बारेमा अध्ययन, अनुसन्धान र समिक्षा गरि सैद्धान्तिक अध्ययन र समिक्षा गरिएको छ । तेस्रो अध्यायमा यो शोधपत्रको अध्ययनका लागि अपनाइएका अनुसन्धान बिधिहरूको बारेमा चर्चा गरिएको छ । यस अध्याय अन्तर्गत प्राथमिक स्रोत, द्वितीय स्रोत, तथ्याङ्क संकलन बिधि, सर्वेक्षण, प्रश्नावली, अन्तरवार्ता, अवलोकन, र अध्ययन क्षेत्रको सीमाको बारेमा चर्चा गरिएको छ । अध्याय चारमा तथ्याङ्कको प्रस्तुतिकरण, ब्याख्या, विश्लेषण अन्तर्गत अध्ययन क्षेत्रमा लिम्बू जातिको आगमन, बसोबास, बिकास र आम्चोक गा.वि.स. वडा नं. २ 'रातमाटे' का लिम्बू जातिको सामाजिक पक्ष, सांकृतिक पक्ष, आर्थिक पक्ष, लैङ्गिक पक्ष अदिको बारेमा जानकारी लिनुका साथै यिनका रहनसहन, परिवारको बनोट भेष-भूषा र गर-गहना, घरको वनावट, खानपान र पाहुनाको सत्कार, रीतिरिवाज, चाडपर्व एवं धर्म संस्कुति, लिम्बु जातिको मुख्य पेशा व्यवसाय आदिको बारेमा अध्ययन अनुसन्धान गरि यसबाट प्राप्त तथ्याङ्कहरूलाई ब्याख्या, बिश्लेषण र प्रस्तुतीकरण गरिएको छ । अध्याय पाँचमा सारांश र निष्कर्ष, राखिएको छ भने अन्त्यमा परिशिष्ट, सन्दर्ध ग्रन्थ-सुची, प्रश्नहरूको अनुसुची र लिम्बू जातिका बिभिन्न साँस्कृतिक कार्यक्रमहरू झल्काउँने फोटाहरू, लगायत आम्चोक गा.वि.स. को नक्सा र इलाम जिल्लाको नक्सा पनि प्रस्तुत गरिएको छ ।

# अध्याय - दुई

## सन्दर्भ साहित्यको पुनरावलोकन

### २.१ पूर्व कार्यको समिक्षा

यस शोधपत्रमा इलाम जिल्ला आम्चोक गा.बि.स.वडा नं. २ का लिम्बू जातिको समाजशास्त्रीय अध्ययन अनुसन्धान गरिनुका साथै यसमा भएका परिवर्तन र त्यसले समाजमा पारेको प्रभावको बारेमा स्पस्ट हुनको लागि यस शोधपत्रको अध्ययनमा लिम्बू जातिको समाजमा रहेका विविध पक्षहरूको विषयमा अध्ययन, अनुसन्धान गर्नु र त्यसमा आएका परिवर्तनहरूको बारेमा पनि अध्ययन अनुसन्धान गर्नुका साथै अन्य विविध पक्षहरूको बारेमा पनि बुझ्ने कोशिष गरिएको छ । लिम्बू जातिको

समाजशास्त्रीय अध्ययन अनुसन्धान गरि यससँग सम्बन्धित लेख, रचना र पूर्व प्रकाशित कृतिहरूको अध्ययन र अनुसन्धान गरी तिनको समिक्षा गर्नुका साथै ब्याख्या र बिश्लेषण गरी यस शोधपत्रमा प्रस्तुत् गरिएको छ ।

नेपाल चार जात छत्तिस वर्णको फूलवारी हो, भन्ने भनाइले नै पुष्टि गरेको छ की नेपालको मेची देखी महाकाली र तराईदेखी हिमालसम्मको भू-भागमा विविध जातजाति वा आदिवासी जनजातिका मानिसहरूको बासस्थान हो । यिनीहरूको आ-आफ्नै किसिमको सामाजिक, सांस्कृतिक ब्यावस्था, आस्था, विस्वास, मुल्य मान्यता, धर्म संस्कृति, रितिरिवाज र संस्कारहरू रहेका छन् ।

नेपालमा समाजशास्त्र/मानवशास्त्रको अध्ययन अध्यापनको कार्य धेरै पछि मात्र शुरुवात भएको पाइन्छ । २००७ सालमा राणा शासनको अन्त्यपछि मात्र नेपाली जनताले शिक्षा लिने र स्वतन्त्रताको अवसर पाएका थिए । यसको धेरै पछि मात्र नेपालमा समाजशास्त्र/मानवशास्त्रको अध्ययन अध्यापन हुन थाल्यो तर यो भन्दा पहिले देखि नै धेरै विदेशी बिद्धानहरूले नेपालका धेरै आदिबासी जनजातिहरूको बारेमा अध्ययन अनुसन्धानका क्रममा बिबिध जातजातिहरूको भौगोलिक अवस्था, सामाजिक अवस्था, आर्थिक अवस्था, राजनैतिक अवस्था, धार्मिक अवस्था, लैङ्गिक अवस्था आदिलाई आधार बनाई धेरै जनजातिय अध्ययन अनुसन्धान गरेको पाईन्छ भने पछि गएर धेरै स्वदेशी विद्धानहरूले पनि जनजातिय र समाजशास्त्रीय अध्ययन, अनुसन्धान गरेका छन् । यस शोधपत्रमा सामान्य रुपमा केही स्वदेशी तथा विदेशी विद्धान्हरूको अध्ययनहरूको अध्ययन अनुसन्धान र ब्याख्या बिश्लेषण पनि गरिएको छ जो यस प्रकार रहेको पाइन्छ ।

लिम्बू जातिको अस्तित्व कसरी देखा पर्‍यो भन्ने सन्दर्भमा बिभिन्न बिद्धानहरूको फरक-फरक मत रहेको देखिन्छ । द्वापरको आठलाख एकचालिस हजार बर्ष अघि नै किराँतीहरू नेपाल उपत्यकामा बसेको तथ्य नेपालको पौराणिक बंशावलीको प्रथम अध्यायमा उल्लेख गरिएको छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । (**क्षेत्री, २०५५**)

प्राचीन वाङ्मयमा मूल रुपमा काश्मीरको सप्तकुण्ड देखि पुर्बको परशुराम कुण्ड सम्म र बिस्तृत रुपमा हिमालय प्रदेशदेखि बिन्ध्याचल प्रदेशसम्मको क्षेत्रलाई नै किराँत प्रदेश भनिएको छ । यर्जुबेद र अथर्वबेदमा किराँतलाई पर्वतबासी जातिको रुपमा उल्लेख गरेको छ तर बाहिर कुनै ठाउँबाट आएको भन्ने उल्लेख गरिएको भने छैन । किराँतीहरू बाहिरबाट आएका हुन् भन्ने भनाई कल्पित मात्र

हो । उनीहरू यसै भूमिका आदिवासी हुन्  भन्ने कुराको प्रमाणित यसले गराएको छ । भन्ने कुरालाई प्रस्तुत् गरिएको छ । (**आचार्य, २०४२**)

किराँत बंशका राजा व्यावस्थित, धार्मिक र सामाजिक परम्परा, सु–संस्कृतिको थालनी र त्यस समयमा बुद्ध धर्म प्रचार प्रसारका बारेमा उल्लेख भएको छ ।  लिम्बु जातिका विवाह, मृत्यु, गर्भ पूजा, न्वारन, वस्त्र पहिरन, साम्सामा जस्ता संस्कारहरूको बिषयमा व्याख्या गरिएको छ ।' यसका साथै नेपाल एकिकरणको बारेमा पनि चर्चा गरिएको छ । साथै लिम्बूवान तर्फको एकिकरणको वारेमा समेत उल्लेख गरिएको पाइन्छ । यस पुस्तकमा लिम्बू जातिको सामाजिक, साँस्कृतिक पक्ष र संस्कारहरूको बारेमा पनि राम्रो व्याख्या भएकोले यो अध्ययनबाट यो शोधपत्र तयार गर्नको लागि धेरै नै सहयोग पुगेको छ । (**शर्मा, २०४२**)

यसमा पूर्वाञ्चलका सोह्र वटा जिल्लाको परिचय देखि लिएर विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कार, रीतिरिवाज, जीवनशैली आदिका बारेमा उल्लेख भएको छ । यसमा इलाम जिल्लाको परिचय यहाँका मुख्य स्थल र मुख्य जातिहरूको रीतिरिवाज र संस्कारहरूको बारेमा पनि उल्लेख भएको छ ।' यसवाट  लिम्बू जातिका संस्कारहरूको अध्ययन र यिनमा आएका परिवर्तनका सन्दर्भमा अध्ययन गर्न सहयोग पुगेको छ । (**मेची महाकाली भाग १, २०३१**)

यो लिम्बूहरूको जातिय संस्कृति र संस्कार सम्बन्धि अत्यन्त आधिकारिक र आधारभूत पुस्तक मानिन्छ । यसमा मानव वा मुख्य गरी लिम्बू जातिको सृष्टिको कथा, (तागेरा निङमा फुमाङ्गको) सर्ब व्यापकता र संस्कार सम्पादनका विधिहरू, अन्नबाली लगाउँदा पूजागर्ने विधि, न्वाङ्गी पूजागर्ने बिधि, न्वारन गर्ने बिधि, कर्मकाण्डको बिधि, सुत्केरी शुद्ध गर्ने बिधि, (युमा सम्माङ्गका) बारेमा उत्पत्तिको कथा, युमा धर्म प्रचार, लिम्बू जातिको उत्पत्तिको बारेमा धेरै कुराहरू लेखिएका छन् । लिम्बू जातिका सबै संस्कारहरूको सम्पादन बिधिहरू पनि उल्लेख गरिएको छ । यसमा समयको परिवर्तनका क्रममा देखा परेका समाज र संस्कार परिवर्तन वा परिमार्जनका कारणहरू के कति र कसरी रहेका छन् भन्ने कुराहरूको पुष्टि पनि गरिएको छ जसबाट यो शोधपत्रको अध्ययनका लागि प्रशस्त मात्रामा जानकारीहरू प्राप्त भएको छ । **चेम्जोङ्ग,**  (**१९७८**)

यसै गरी अर्को पुस्तकमा 'किराँतीहरूको उत्पत्ति, विकास यिनीहरूको मूल थलो, एवं यिनीहरूको पृष्ठभूमि र संस्कारहरू सम्पादन गर्ने बारेमा चर्चा गरिएको छ । ऋग्बेद, मनु र ईशाकुका बंश वृक्षमा पछि मारुत हुदैं हुण जातिवाट किराँत र मंगोल जातिको उत्पत्ति भएको देखाउँन पौराणिक, साहित्यिक

स्रोतहरूलाई उल्लेख गर्दै पुष्टि गर्ने प्रयत्न गरेको पाइन्छ । यसमा किराँतहरूका जातिय विशेषताहरू, उनीहरूको आफ्नो पन एवं संस्कार अन्तरगत पर्ने कुराहरू उल्लेख गरिएको छ ।'

यस पुस्तकवाट पनि लिम्बू संस्कार र यसका परिबर्तनका बारेमा अध्ययन गर्न थप सहयोग मिलेको छ । सामाजिक, सांस्कृतिक अवस्था र संस्कार सम्पादन भई समाज परिबर्तन हुन्छ र परिबर्तनको पनि कारण हुन्छ । कुनै पनि प्रक्रियाबाट सामाजिक, सांस्कृतिक अवस्था र संस्कारहरूमा परिबर्तन हुन्छ भनिएको छ । यसको सहयोगवाट शोधपत्रको अध्ययनलाई पूर्णता दिन महत्वपूर्ण सहयोग पुगेको छ । (**थुलुङ्ग, २०४१**)

अध्ययनको क्रममा प्राप्त सामागी अनुसारः:- किराँत समुदायको उत्पत्ति, बिकास र विभिन्न शास्त्रहरूको विचार सहित विश्लेषणात्मक विचार, जनजातिहरूको धर्म, संस्कार सम्पादनमा आएका बिकृतिहरू, र किराँत अहिंसाका प्रतिक हुनु पर्नेमा हिंसात्मक क्रियाकलापले धर्म र संस्कारहरूलाई गलत बाटो तर्फ डोऱ्याइरहेको र यसबाट नेपालका लिम्बू जनजातिहरू सचेत भै आफ्नो समाजमा रहेको सस्कृतिलाई जगेर्ना गर्नु पर्ने सन्देशमुलक विचारहरू उल्लेख भएका छन् । यसले लिम्बू जातिको सामाजिक, सांस्कृतिक अवस्था र यिनमा आएका परिबर्तनहरूका बारेमा यस शोधपत्रको अध्ययनका लागि महत्वपूर्ण ज्ञान लिनका लागि पूर्ण सहयोग  पुगेको छ । (**नेपालमा जनजातिको धर्म संस्कार, २०४८**)

यसै गरी अर्को सामाग्रीमाः-  लिम्बू जातिका संस्कारहरू र संकृतिका बारेमा राम्रो बर्णन गरिएको पाइन्छ । यसको पहिलो खण्डमा विवाह पूर्बका सम्पूर्ण संस्कारहरू र सम्पादनका विधिहरू रहेका छन् भने दोस्रो खण्डमा विवाह, विवाहका किसीम र बिधि अनि तेस्रो खण्डमा मृत्यु सम्बन्धी संस्कारको बारेमा उल्लेख गरिएको पाइन्छ । धेरै शब्द र बिधिका बारेमा लिम्बू भाषामा नै उल्लेख गरिएको यस पुस्तकवाट पनि लिम्बू समाजका संस्कारहरू र यिनमा आएका परिवर्तनहरूका बारेमा अध्ययनको लागि आवाश्यक  बौद्धिक ज्ञान प्राप्त भएको छ । (**साङपाङ्बे, २०४९**)

प्राप्त अर्को जानकारी अनुसारः:- "९० देखि ९५ लाख वर्ष पुरानो भनिएको बुटवलको तिनाउ नदीको किनारमा भेटिएको रामापिथेकसको अवशेष र ५ लाख वर्ष पुरानो मानिएको पुरापाषणकालिन र नब-पाषण कालिन हतियार भेटिनुले लिम्बूहरू केवल बाहिरबाट यहाँ आएर बसोवास गर्ने ऐतिहासिक कालका मानवहरू नभई यहि भूमिका ऐतिहासिक मानव जाति हुन् यहि भूमिमा लिम्बू जातिको उत्पत्ति

भएका हो भन्ने कुराको पुष्टि भएको छ ।"[1] "लिम्वू जातिलाई शुरुमा याक+थुम्वा = याक्तुमव भनिने गरेको र पछि गएर यहि शब्द अपभ्रंस भएर याक-थुम्वा भएको हो । जसको अर्थ अति प्राचीन भन्ने लाग्ने भएकोले त्यो मानव जाति लिम्वू नै हुनुपर्दछ भन्ने मान्यता उनको रहेको छ । यहाँका लिम्वूहरू राज्य बिस्तारका क्रममा चीन र काश्मिर सम्म पुगे । ल्हासाको चिसो सहन नसकी केहि वर्षमै एक थरी लिम्वूहरू नेपाल फर्के र याङरुप, तमोर र मेया खोलाको आसपासमा वसोवास गर्न थाले कोहि भने काँशीमा राज्य स्थापना गरि बस्न थाले पछि गएर यहाँ बसेका लिम्वूहरू मुसलमानको थिचोमिचो सहन नसकी आधा शताब्दी पछि फर्केर चौविसे राज्य, कोया खोला र चौथर गाउँमा बसोवास गर्न आइपुगे । एक थरी लिम्वूहरू भने बाहिर कतै नगई फेदापमा शक्तिशाली राज्य स्थापना गरि बसेका थिए । उहाँको अध्ययनलाई हेर्दा लिम्वूवान प्रदेशमा हाल ३ प्रकारका लिम्बूहरू रहेको देखिन्छ । जसलाई यस प्रकार प्रस्तुत् गरिएको छ ।

(१) खाम्वोङ्वा लिम्वू (लिम्वूबासी) ।

(२) मुना फेम्वा (काशी बर्मावाट फर्की आएका लिम्बूबासी) ।

(३) ताङसाङ थावा (तिब्बतबाट फर्की आएका लिम्बूबासी) । (**लावती, २०६२**):

यसरी लावतीले लिम्बू जातिको उत्पत्ति बिकास र बसोबासका बरेमा चर्चा गरेको पाइएको छ जसलाई यस शोधपत्रमा प्रस्तुत् गरिएको छ ।

"चिनको युनान प्रदेशको मकवान नामक ठाउँबाट शाान जातिका चिनियाँहरू बर्मामा सरेपछि काचीन वा चिङको जातिको आक्रमणबाट पराजित भई उत्तर बंगालको किराँत प्रदेशमा प्रवेश गरे र आठ किराँत राजाहरूसँग अनुमति मागी प्रजा भई बसेकोमा समय बित्दै जाने क्रममा आठ किराँती राजाको निरंकुशता बढ्दै गएकोले छैठौं शताब्दीतिर "अब्बे पोजोमा नामक जग्गामा ३ वटा रातो ढुंगा ठाँडो पारी गाडेर त्यसको चारै पट्टी ३ वटा आँप रोपी पवित्र पानीले संत्कार गरि बस्न थाले र त्यस स्थानलाई देब-स्थल मानेर श्रद्धा गर्न थाले । आठ किराँत र दश लिम्बूवान बिच भीषण युद्ध भयो युद्ध पश्चात दश लिम्बूवानको बिजय प्राप्त भयो । त्यसैले धनुष-काँड (लि) हानेर वा भिषण युद्ध (आवुआङ) पछि स्थापित राज्य भएकोले यस राज्यको नाम लिम्बूवान र लिम्वूवानमा बस्ने सबैलाई लिम्वू भन्ने निर्णय भयो ।" भनिएको छ । (**चेम्जोङ्ग, १९५७**)

[1] झापा किराँतेश्वर प्रकाशन लखनपुर झापा २०४२ वर्ष १ पृ. ५९

यसबाट लिम्बू जातिको उत्पत्ति, बिकास र वसोवासका बिषयमा थप जानकारी प्राप्त भएको छ ।

अध्ययनको क्रममा प्राप्त भएको अर्को पुस्तकले पनि केहि जानकारी दिएको छ जुन यस प्रकर रहेको छ :- यो पुस्तकमा चौबिस शीर्षक राखी पच्चीस जातिहरूको सामान्य रुपमा ऐतिहाँसिक, सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको जानकारी दिएको छ । यसका साथै नेपालको मेची देखि महाकाली र तराई देखि हिमालसम्मका बिबिध जातजाति वा जनजातिहरूको अवस्थाको परिचय संक्षिप्त रुपमा दिइएको पाइन्छ ।

बिस्टले यसै पुस्तकको एउटा शीर्षकमा 'हामी लिम्बू किँरात' भनि केहि मात्रामा सामान्य ब्याख्या गरेका छन् । जसमा लिम्बू जनजातिको बसोबास, भौगोलिक अवस्था, सामाजिक, अवस्था, सांस्कृतिक र धार्मिक अवस्थाको बिषयमा संक्षिप्त रुपमा बर्णन गर्ने कार्य गरेको छ जसमा जनसंख्याको आधारमा राई भन्दा पछिको दोस्रो ठूलो जनजाति लिम्बू जाति नै हो भनिएको छ । त्यस समयको जनगणना अनुसार :- लिम्बू जातिको जनसंख्या डेढ लाख जति रहेको पल्लो किँरात वा तमोर खोला पुर्ब देखि भारतको सिक्किम र पश्चिम बंगालसम्म लिम्बूहरूको बसोबास रहेको कुराको उल्लेख गरिएको छ । जसलाई लिम्बूवान राज्य पनि भनिने गरेको थियो भन्ने जानकारी पाइन्छ । जुन भूमिमा अन्य जातिहरूको पनि बसोबास रहेको र लिम्बूहरूलाई सामान्य रुपमा पनि सुब्बा भनिने गरेको कुरा उल्लेख गरिएको छ । लिम्बूहरूको आफ्नै भाषा रहेको र यो पहाडी ईलाका नै लिम्बूहरूको बासस्थान रहेको यसका साथै यिनीहरूको मुख्य पेशा व्यवसाय कृषि र पशुपालन नै रहेको कुनै-कुनै युवाहरू गोर्खा सेना, बेलायती सेना, र नेपाली सेनामा भर्ती भएको कुरा पनि उल्लेख गरिएको छ । लिम्बूहरूलाई सुब्बा भनिने गरेको र यिनै लिम्बू समुदायबाट स्थानीय प्रशासन प्रमुखका रुपमा सुब्बाहरू रहने गरेको र यिनै सुब्बाहरूले गाउँमा नै हैकम चलाएको सामान्य झैं-झगडा मिलाउने काम पनि गाउँमा नै गर्ने गरेको र पछि गएर २००७ साल पछि सुब्बाहरूको अधिकार खोसिएकोले उनीहरूले हेर्ने गरेका सबै कार्यहरू गाउँ पञ्चायतले हेर्ने गरेको कुरा उल्लेख गरेको पाइन्छ तर यी कार्यहरू हाल आएर स्थानिय निकाय अन्तरगत गा.वि.स. ले हेर्ने गरेको छ । २००७ सालको किपट प्रथाको अन्त्यपछि उनीहरू नेपालका बिबिध ठाउँहरूमा गएर रोजगार गरेको कुरा पनि चर्चा गरिएको छ । लिम्बूहरूको बिबिध थरहरू हुने र यी थरहरू भित्र पनि खलक छुट्टिने एउटै थर भित्र पनि बिहेवारी नचल्ने लिम्बूहरूको बैबाहिक चलन, चाड-पर्वहरूमा धान नाच्ने चलन, बिधवा भाउजू देवरले लाने चलन, पारपाचुके गर्ने

चलन, श्रीमती पोइल गए विवाह खर्च स्वरुप जारी उठाउने चलन आदि कुराहरूको चर्चा पनि यस पुस्तकमा गरिएको पाइन्छ । लिम्बूहरूको देबी पूजा, पितृ पूजा, उधौली-उभौली पूजा, गर्ने मृत्यु संस्कार जस्ता कुराहरू आदिको बारेमा पनि छोटकरी रुपमा चर्चा गरेको पाइन्छ तर बिस्तृत रुपमा भने लिम्बू जनजातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको उल्लेख भने गरेको पाइदैन । (**बिष्ट, २०३२**)

यस पुस्तकको अध्ययनबाट पनि यस शोधपत्र अध्ययनको लागि लिम्बू जातिको बारेमा जानकारी लिन केही महत्वपूर्ण सहयोग पुगेको छ ।

अर्को सामाग्री अन्तरगतः- संरचनागत प्रकार्यवादी दृष्टिकोणबाट यो पुस्तकमा काठमाण्डौ कीर्तिपुर स्थित पाँगाका नेवार जनजातिहरूको सामाजिक, संगठन, सांस्कृतिक र आर्थिक अवस्थाको बारेमा कार्यक्षेत्रको अध्ययनबाट अनुसन्धान गरेका छन् । (**नेपाली, सन्. १९६५**)

यस पुस्तकबाट पनि जनजातिको अध्ययन गर्नमा केही मात्रामा सहयोग पुगेको छ ।

शर्माद्वारा लिखित कैलाश पत्रिकाबाट प्रकाशित यो एउटा लेख हो यस लेखमा खास गरी नेपाली समाजमा रहेको जातिय ब्यवस्थाको विविध पक्षहरूको बारेमा चर्चा गर्नुको साथै संस्कृतिकारणको प्रकृयाका सम्बन्धमा पनि चर्चा गरेको छ । मूल रुपमा सन् १८५३ को मुलुकी ऐन र त्यसले नेपाली समाजमा पारेको प्रभावका बारेमा केही मात्रामा महत्वपूर्ण चर्चा गरिएको छ । (**शर्मा, सन्  १९७७**)

यस कृतिमा नेपाली संस्कृति र जातिय ब्यवस्थाका बारेमा लिच्छबि काल, मध्यकाल र पृथ्वीनारायण शाहा पछिको अवस्थालाई सामाजशास्त्रीय अबधारणाबाट अध्ययन र अनुसन्धान गरी प्रस्तुत गरेको पाइन्छ् । यसबाट पनि यस शोधपत्रको अध्ययनको लागि महत्वपूर्ण सहयोग पुगेको छ । (**रेग्मी, सन्  १९९९**)

यो पुस्तकमा नेपालका हिमाली शेर्पा जातिको संस्कारका बारेमा अध्ययन गरिएको छ । यसले पनि जनजातिय अध्ययन अनुसन्धानका लागि यो शोधपत्र तयार पार्नमा महत्वपूर्ण सहयोग पुगेको छ । (**रेग्मी, सन् १९९१**)

यो कृति काठमाडौबाट उत्तर पश्चिममा पर्ने तामाङ बस्तीलाई कार्यक्षेत्र बनाई अध्ययन गरिएको छ । यस अध्ययनमा तामाङ जातिको संस्कारहरूका बारेमा यसको प्रतिकात्मक अध्ययन खोज्नमा नै बढि जोड दिई प्रतिकात्मक दृष्टिकोणबाट तयार पारिएको देखिन्छ । यसले पनि यस शोधपत्रको लागि केही मात्रमा सहयोग पुऱ्याएको छ । (होल्म्बेर्ग सन् १९८९)

यो पुस्तक नेपालका हिमाली शेर्पा वा सोलुखुम्बु जिल्लाको Dzema भन्ने ठाउँका शेर्पा जातिको संस्कारका बारेमा अध्ययन गरिएको छ । यसबाट पनि जनजातिको संस्कारहरूको अध्ययन, अनुसन्धान गर्नमा महत्वपूर्ण सहयोग पुगेको छ ( (**ओर्थर, सन् १९८९**)

यो पुस्तक काठमाडौंको उत्तरपश्चिममा पर्ने तिमलिङ भन्ने ठाउँका तामाङ जातिको पर्यावरणसँगको अन्तरक्रिया र त्यसबाट सिर्जित् सामाजिक, सांस्कृतिक र आर्थिक ब्यवस्थाका बारेमा आधारित रहि पर्यावरणी दृष्टिकोणबाट तयार परिएको छ । यसबाट जनजातिय संस्कारहरूको अध्ययनको लागि केहि मात्रामा सहयोग पुगेको छ । (फ्रेकक**, सन् १९८६**)

यो पुस्तकमा पश्चिम नेपालको Durai भनिने गाउँको अध्ययन गरिएको छ । जसमा उपल्ला बर्गका हिन्दू (बाहुन) जाति र तल्लो बर्गका जनजातिहरू बिचको सम्बन्ध के-कस्तो रहेकोछ वा उपल्लो बर्गका जाति र तल्लो बर्गका जातिबिच भएको आन्तरिक दृष्टिकोणको बारेमा अध्ययन गरी द्धन्दवादी दृष्टिकोणबाट यो पुस्तक तयार परिएको छ । जसमा उपल्ला बर्गका जाति शोषक र तल्लो बर्गका जाति शोषित भएको कुरा उल्लेख गरिएको छ । (**क्याप्लान, सन् १९७२**)

यस अध्ययनमा नेपालको पश्चिम उत्तर क्षेत्रमा पर्ने डोल्पा जिल्लाका खाम मगरहरूको जीवनशैली र क्रियाकलापलाई पर्यावरणीय दृष्टिकोणले अध्ययन अनुसन्धान गरी प्रस्तुत गरिएको छ । ( **मोल्लार, सन्** (१९८१)

यो पुस्तकमा पूर्वी नेपालको लिम्बूवान क्षेत्र विशेषगरी ताप्लेजुङ, पाँचथर, तेह्रथुम, संखुवासभा र इलाम सम्मका लिम्बूहरूको संस्कृति र धर्मलाई अध्ययनको केन्द्रविन्दु बनाएर गरेको अध्ययनका आधारमा प्रकाशित गरिएको पुस्तक हो । यो पुस्तकमा लिम्बूहरूको विभिन्न जात, तिनीहरूको सामुहिक बसोबास स्थान, धार्मिक मूल्य, मान्यता, सामाजिक जीवन पद्धति र सांस्कृतिक पक्षको सूक्ष्म विश्लेषण गरेको पाइन्छ । सांस्कृतिक पक्ष अन्तरगत जन्म, विवाह, गर्भावस्थामा गरिने संस्कारहरू, मृत्यु संस्कार, पितृकार्य, देवकार्य, प्रकृति र बनस्पतिको पुजा बिधि, मौसम परिवर्तनसँग गरिने उधौली-उभौली पुजा, नवगृहप्रवेश र बास्तुपुजा आदि पक्षहरू मथि प्रकाश पारिएको छ । तर इलाम जिल्लाका लिम्बू समुदायको भने कुनै पक्षको पनि चर्चा गरेको पाइदैन । प्रस्तुत शोधपत्रको अध्ययनमा उक्त रिक्तताको परिपूर्ती गरिएको छ । (**सुब्बा** (९१९८)

प्रपन्नचार्यको यस पुस्तकमा संयुक्त रुपमा किराँतहरूको प्राचिन इतिहाँसलाई नै बढी महत्व दिएको पाइन्छ । बैद्धिककाल, स्तुतीकाल, ब्राह्मणकाल, पौराणिककाल, महाकाव्यकाल, र वुद्धकाल, आदि

समयमा लिम्बूहरूको अवस्थालाई साहित्य, ज्योतिष ग्रन्थमा, किँरातहरूको अस्तित्व देखाइएको छ । यो पुस्तकमा किराँतहरूको सामाजिक, आर्थिक, राजनैतिक, भाषिक, धार्मिक अवस्थाको बारेमा पुराना लिपिहरूको व्याख्या र विश्लेषण गरेको पाइन्छ भने छुट्टै रुपमा लिम्बूहरूको धार्मिक अवस्थाको मात्र चर्चा गरेको पनि पाइन्छ  तर नेपालका लिम्बूहरूको समाजशास्त्रीय अवस्थाको उल्लेख भने गरेको पाइदैन । यस्ता कमिकमजोरीहरूलाई पुरा गर्ने कार्य यस शोधपत्रमा गरिएको छ । (**प्रपन्नाचार्य, २०५८**)

यस पुस्तकमा किराँत शब्दको उत्पत्ति, बिकास र किराँतजातिको मुलथलो, किराँतकालीन काठमाडौं उपत्यकाको ऐतिहाँसिक विश्लेषण, दश लिम्बूवानको चर्चा, बिजयपुरका सेनवंशी राजाहरूसँग लिम्बूवानको सम्बन्ध, पृथ्वीनारायण शाहको लिम्बूवान एकीकरण वि. स. १८३१ श्रावण २२ को लाल मोहरको बारेमा चर्चा, किपट प्रथा, लिम्बूवानको बसाई सराई आदिको बारेमा विस्तृत व्याख्या गरेको पाइन्छ । नेपाल बाहिरका लिम्बूहरूको सामाजिक, सांस्कृतिक जनजीवनको बारेमा पनि केहि मात्रामा बिस्तृत चर्चा गरेको पाइन्छ तर लिम्बूजातिको सांस्कृतिक जनजीवनको बारेमा पूर्ण रुपले अध्ययन गरेको पाइदैन तापनि यसबाट यो शोधपत्रको अध्ययनमा महत्वपुर्ण सहयोग पुऱ्याएको छ । (**श्रेष्ठ, २०४२**)

यो पुस्तक किराँत जातिको इतिहाँस र सांस्कृतिमा आधारित छ । चेम्जोङले यस पुस्तकमा संयुक्त रुपमा राई र लिम्बू जातिको ऐतिहाँसिक र सांस्कृतिक पक्षमा जन्म देखि मृत्यु सम्मका संस्कारहरूलाई दुवै जातिल मूल रुपमा सञ्चालन गर्दछन् भन्ने कुराको बारेमा चर्चा गरेका छन् । साथै लिम्बूहरूको धाननाचको बारेमा पनि विशेष अध्ययन गरेको पाइन्छ  तर लिम्बु जातिको सामाजिक अवस्था र सम्पूर्ण लोकसंस्कृतिको बिषयमा भने जानकारी भएको पाइदैन । उक्त रिक्ततालाई यस शोधपत्रमा पुरा गरिएको छ । (**चेम्जोङ, २००३**)

यस पुस्तकमा  जनसंख्याको आधारमा राई पछिको दोस्रो ठूलो किराँत जाति लिम्बूलाई नै मानेका छन् । उनले लिम्बूवान क्षेत्रमा लिम्बूहरूको घरको बनावट, खाद्यान्न, खान-पान, भेष-भूषा, पशुपालन, किपट प्रथा र लिम्बूहरूको थर-उपथरहरूको बारेमा चर्चा गरेका छन् । सांस्कृतिक पक्षमा लिम्बू समाजको विवाह प्रथाको बारेमा बिशेष अध्ययन गरेको पाइन्छ । विवाहमा यालाङमा नाचको विशेष महत्व रहेको उल्लेख गरेका छन् । विवाहका साथै  लिम्बूजातिको केही देबी देवता र मृत्यु संस्कारको बारेमा पनि सामान्य रुपमा चर्चा गरेको पाइन्छ । मानबशास्त्रीय दृष्टिकोणवाट यो पुस्तक

महत्वपूर्ण देखिए तापनि समाजशास्त्रीय दृष्टिकोणले अपूर्ण नै देखिन्छ  तर पनि यो शोधपत्र अध्ययनको लागि भने केही मात्रामा आवश्यक सहयोग पुगेको छ । (**विष्ट, २००२**)

यस पुस्तकमा पूर्वी नेपालको कार्यक्षेत्रको अध्ययनबाट लिम्बूवानको मातहतमा रहेको किपट जग्गालाई राज्य ब्यवस्थाले किपट प्रथाको उन्मूलन गरेको सवाल र हिन्दु धर्मका उपल्ला बर्गका बाहुन र किराँत धर्मका तल्लो जातका लिम्बूहरूको बिचको सामाजिक आर्थिक सम्बन्धको द्वन्द्वका बिषयहरू प्रस्तुत गरिएको छ । अठारौं शताव्दी देखी २००७ साल पछि सम्मको उपल्लो बाहुन जाति र आदिवासी जनजाति लिम्बूहरू बिचको असन्तुलित सामाजिक आर्थिक अवस्थाको बारेमा वा बाहुन जातिबाट लिम्बूजाति शोषित भएको कुराको अध्ययन गरिएको पाइन्छ । लिम्बूहरूमा पनि बिभिन्न गोत्र हुने, थर हुने र लिम्बूहरूलाई सुब्बाको ओहदा दिएको यो प्रथा लिम्बूहरूमा पनि माथिल्लो तहको मानिने किपट भूमिको प्रयोग गरेवापत सुब्बालाई कर बुझाउनु पर्‍यो । सुब्बाको स्थान माथि नै रहने भएको भूमि ब्यवस्थापनलाई रैकरमा परिवर्तन गरी धेरै लिम्बूहरूलाई किपट भूमिमा बसोवास गराएको कुराको उल्लेख गरिएको छ साथै सबै प्रशासनका माथिल्लो केन्द्रहरूमा बाहुनहरू रहने गरेकोले  लिम्बू र बाहुन बिचको द्वन्द्वलाई अघि बढाउने काम भएको छ भन्ने कुराको उल्लेख गरिएको छ । लिम्बू र बाहुन बिचको जन्म मृत्यु विवाहवारी संस्कारहरूमा पनि भिन्न भिन्न स्थिति रहेको कुराको चर्चा गरिएको छ ।

लिम्बूहरू बाहुनसँग परनिर्भर रहनु र बढी खर्चालु हुनुको कारण झन गरिब बन्दै गएको कुराको पनि चर्चा गरिएको छ । यसका अतिरिक्त स्थानीय राज्य ब्यवस्थापनमा पनि वाहुनहरूकै बर्चस्व रहेको र लिम्बूहरू सबै क्षेत्रमा पछि नै परिरहेको कुरा उल्लेख गरिएको छ । यसले लिम्बूहरू र बाहुनहरू बिचको द्वन्द्व झन बढेको कुराको चर्चा पनि गरिएको छ किपट भूमि उन्मुलनका बारेमा विविध बहसहरू भएको कुराको पनि उल्लेख गरेको पाइन्छ ।

यसै गरी राज्य ब्यवस्थाको प्रभाव, किपटको उन्मुलन र परिबर्तनका सर्न्दभमा लिम्बूहरुको अवस्थाको उल्लेख गरेको पाइन्छ तर यो पुस्तक लिम्बूहरूको सांस्कृतिक अध्ययनको बारेमा भने अपूर्ण नै रहेको देखिन्छ । लेखकले द्वन्द्वबादी दृष्टिकोणको प्रयोग गरी कार्यक्षेत्रको  अध्ययनमा आधारित रहेर यो पुस्तक तयार पारेको मान्न सकिन्छ । (**क्याप्लान, सन् १९७०**)

यस पुस्तकको अध्ययनबाट यो शोधपत्र तयार पार्नको लागि महत्वपूर्ण सहयोग पुग्न गएको छ ।

यो शोधपत्र अध्ययनको शिलशिलामा प्राप्त जानकारी अनुसार-: बर्तमान अवस्थामा आदिबासी जनजातिहरू पनि नगन्य मात्रामा शिक्षित भइसकेका छन् । विविध पेशा, ब्यावसायका क्रममा

काठमाण्डौ, ललितपुर, भक्तपुर लगायतका अन्य बैदेशिक शहरहरूमा समेत बसोबास गर्न पुगेका छन् । शिक्षा, सञ्चार र बाह्रय प्रभावका कारणले पनि लिम्बू जनजातिले आफ्नो हक अधिकार र स्वयत्त लिम्बूवान राज्यको माग गर्दै आएका छन् । उनीहरूको हक, अधिकारका साथै भाषा, लिपि धर्म र संस्कृतिलाई माथि उठाउँने प्रयास भईरहेको छ । यसका अतिरिक्त भाषा साहित्य कलाका केही पुस्तकहरू पनि प्रकाशन भएको छ भने विभिन्न पत्र-पत्रिकाहरू पनि लिम्बू भाषामा प्रकाशित हुन थाल्नुका साथै केही कृतिहरू र लेख रचनाहरू पनि प्रकाशित हुन थालेको पाइन्छ जो केही उदाहरणहरू यस प्रकार रहेका छन् ।

**काब्य संग्रह**

तुम्याङ, 'सेवारो'- वि.स. २०५८ ।

फियाक, 'तोलिङसोमुबा' वि.स.२०६० ।

लावती 'याक्थुङ साम्लो' वि.स. २०६२ आदि ।

**खण्डकाब्य**

चेम्जोङ्ग, 'युमा मुन्धुम'(अप्रकाशित), ।

नेम्बाङ्ग, 'किँरात मिक्हन साम्लो' वि स.२०१२ ।

नेम्बाङ्ग, 'सेम्मुइ'- - '१९६८ आदि ।

**महाकाब्यहरू**

तुम्याहाङ, 'सोधुङगेन् चोत्लुङ' वि. स. २०६० ।

थुम्सुहाङ, 'सुक्कुम्' वि.स.२०६१ आदि ।

**कथासंग्रह**

कन्दङवा, 'आङ येरा' वि.स. २०१८ ।

फिपाङ, 'पाङखरे कुसेप्माङ' वि.स.२०६१ ।

चेम्जोङ, र लिङदेन, 'मिक्तोक्' वि.स. २०६२ आदि ।

**उपन्यास**

मुरिङला, 'भत्थामा' सन् १९८३ ।

यङहाङ, 'लोजी' वि.स. २०६२ आदि ।

यी विविध बिधाका साथै लिम्बू भाषामा नाटक, निवन्ध लगायत बिबिध संचार एफ-एमहरू पनि लिम्बू भाषामा सञ्चाल हुन थालेको पाइन्छ । साथै विभिन्न क्याम्पस र त्रि.बि.का बिबिध बिभागबाट पनि लिम्बू जनजातिका बारेमा शोधपत्रको अध्ययन गरेको पाइएको छ । जो यस प्रकार रहेका छन् ।

**शोधपत्रहरू**

**सुब्बा, २०५२** '

**घिमिरे, २०६२**


**आङदाम्बे, २०६३**


यसरी यो शोधपत्र तयार पार्नको लागि विभिन्न कोणबाट लिम्बू आदिवासी जनजातिको विशेष अध्ययन अनुसन्धान गर्ने कार्यमा यी लेख रचनाहरूले महत्वपुर्ण सहयोग पुऱ्याएको छ ।

यी माथिका पुस्तकहरू बाहेक लिम्बू जातिका बारेमा विभिन्न विद्वानहरूले अध्ययन अनुसन्धान गरी पुस्तकहरू प्रकाशन गरेको पाइन्छ । शर्मा नगेन्द्र (२०५२), शर्मा जनकलाल (२०४८), न्यौपाने गोविन्द (२०५७), शर्मा शरदचन्द्र (२०४५) र चेम्जोङ इमानसिंह, २००३, १९५७, १९७८ १९७५, आदि पुस्तकहरूमा पनि लिम्बू जातिको अध्ययनको बारेमा अध्ययन अनुसन्धान गरिएको छ ।

यसरी यो शोधपत्र तयार पार्नको लागि वा अध्ययन क्षेत्रका लिम्बू जातिको अध्ययन अनुसन्धानका लागि माथिका सामग्रीहरू महत्वपूर्ण साधन बन्न गएका छन् ।

## अवधारणात्मक रुपरेखा






# अध्याय तीन

## अध्ययन बिधि

कुनै पनि सामाजिक अथवा वैज्ञानिक घटनाहरूको खोज तथा अनुसन्धान गरी सहि निष्कर्षमा पुग्नको लागि प्राय सबै शोध कार्यमा सबै प्रकारका वैज्ञानिक अध्ययन वा अनुसन्धान पद्धतिहरूलाई अपनाउनु पर्ने हुन्छ । अध्ययन विधि भन्नाले अनुसन्धानको एउटा अति आबश्यकिय अंग हो जसको माध्यामबाट अनुसन्धानको क्रममा अनुसन्धान कर्ता आफूले राखेको उद्देश्य, परिकल्पना, अनुसन्धानमा आफ्नो प्रश्नहरूको पुष्टिका लागि उत्तर प्राप्ति गर्न र उत्तर प्राप्ति गर्नका लागि कुन, कुन विधि र तरिकाहरू अवलम्बन गर्दै अगाडि वढ्नु पर्दछ भन्ने कुरालाई जनाउँदछ । त्यसकारण अनुसन्धान विधिको अभावमा गरिएको अध्ययन, अनुसन्धान भरपर्दो र बिश्वसनीय मान्न सकिदैन भने सत्य तथ्यको बास्तविकतामा पनि पुग्न सकिदैन । त्यसैले यस शोधपत्रको अध्ययन, अनुसन्धानलाई पनि सकेसम्म वैज्ञानिक र विश्वासनीय बनाउँनका लागि बिभिन्न समाजशास्त्रीय/मानवशास्त्रीय अध्ययन अनुसन्धान बिधिहरूको प्रयोग गरिएको छ जो यस प्रकार रहेका छन् ।

### ३.१. अनुसन्धानको ढाँचा

यस शोधपत्रको अध्ययनको ढाँचा बर्णनात्मक तथा बिश्लेषणात्मक रहेको छ । प्राथमिक तथ्याङ्कको आधारमा लिम्वू जातिको समाजशात्रीय अवस्था कस्तो रहेको छ र यिनका बिबिध पक्षहरूको बिषयमा अध्ययन अनुसन्धान गरिएको छ । सामाजिक अवस्थामा सामाजिक पक्ष, राजनैतिक पक्ष, आर्थिक पक्ष, लैङ्गिक पक्ष, शैक्षिक पक्ष र धार्मिक पक्ष आदिको अवस्था के कस्तो रहेको छ भन्ने कुरा पत्ता लगाई बर्तमान परिपेक्ष्यमा यसको अवस्था र परिवर्तनका बारेमा अध्ययन, अनुसन्धान गरी ब्याख्या र बिश्लेषण गरिएको छ । सांस्कृतिक पक्षको अध्ययनमा, संस्कारहरू गर्भपूजा, न्वारन, वस्त्र, पहिरन, विवाह, कन्यामगनी विधि, मृत्यु संस्कार आदिमा के कस्तो अवस्था रहेको छ र यसमा के कस्ता परिवर्तनहरू भएका छन भन्ने विषयमा पनि अध्ययन, अनुसन्धान, गरी ब्याख्या र बिश्लेषण गरिएको छ । साथै यो अध्ययनमा इलाम जिल्ला आम्चोक गा.बि.स.वडा नं. २ का लिम्बूहरूको समाजशास्त्रीय अध्ययन गरिएको छ जसमा सामाजिक पक्ष, सास्कृतिक पक्ष, राजनैतिक पक्ष, आर्थिक पक्ष, धार्मिक पक्ष, शैक्षिक पक्ष, लैङ्गिक पक्ष आदिलाई आधारमानी अध्ययन, अनुसन्धान गरी यसबाट प्राप्त गरिएका तथ्याङ्कहरूलाई ब्याख्या र विश्लेषण गरी निष्कर्ष निकाली यस शोधपत्रमा प्रस्तुत गरिएको छ ।

### ३.२. अनुसन्धानको ढाँचा

कुनै पनि विषयको अध्ययन, अनुसन्धान गर्दा संकलन गरिने तथ्याङ्कहरूको बिश्वसनीयता र वैधताका लागि समग्रताबाट निश्चित प्रतिनिधिमूलक एकाईहरूको छनौट गर्ने प्रकृयालाई नै नमूना

छनौट बिधि भनिन्छ । समाजशास्त्रीय अध्ययन अनुसन्धानमा अनुसन्धानको समग्रताबाट निश्चित प्रतिनिधिमूलक एकाईहरूको छनौट गरी त्यसको निष्कर्षलाई समग्रतामा लागु गर्ने प्रकृया वा बिधिलाई नै नमूना छनौट बिधि भनिन्छ । त्यसैले तथ्याङ्क संकलनका लागि अवलम्वन गरिने अन्य बिधिहरू मध्ये नमूना छनौट बिधिलाई पनि एउटा बिश्वसनीय र भरपर्दो बिधिको रुपमा लिन सकिन्छ ।

यस शोधपत्रमा आम्चोक गा.वि.स.को वडा नं. २ का लिम्बू जातिको मात्र समाजशास्त्रीय अध्ययन गरिएको छ । यस अध्ययन क्षेत्रको बिबरण यस प्रकार रहेको छ । यस वडाका लिम्बू जातिको जनसंख्यामा महिला २२३ जना र पुरुष २०९ जना गरी जम्मा जनसंख्या ४३२ रहेको छ । जसमा घरहरूको संख्या ६९ रहेको छ । अनुसन्धानको क्रममा लिम्बूहरूको मात्र ५० घर परिवारलाई आधार मानी नमूना छनौट गर्दा सम्भाव्यता युक्त नमूना छनौटको आधारमा चिठ्ठा पद्धतिद्वारा नमूना छनौट गरिएको छ । यसरी नमूना छनौटमा परेका परिवारसंख्याबाट एक एक ब्यक्तिर्ला आवश्यकता अनुरुप आफूले तयार पारेको निर्मित प्रश्नावली जाँच लिष्टको आधारमा प्रश्नहरू शोधी परिमाणात्मक र गुणात्मक तथ्याङ्कहरू संकलन गरिएको छ । यसरी प्रश्न सोध्ने क्रममा प्रसंगवस थप अनिर्मित प्रश्नहरू पनि सोधी तथ्याङ्क संकलन गरिएको छ । यसका साथै केही बुढापाका, गाउँका बुद्धिजिवी, बिद्यालयका शिक्षक, स्थानिय नेताहरू, सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरू, लिम्बू जातिसँग सरोकारित संघ संस्थाहरूका प्रतिनिधिहरू र पत्र-पत्रिकाका लेख रचनाहरूलाई समेत सूचना दाताका रुपमा लिइएको छ ।

### ३.३. तथ्याङ्कको स्रोत

कुनै पनि बिषयमा अध्ययन, अनुसन्धान गर्दा अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि तथ्याङ्कको स्रोत र त्यसको बिश्वसनियता अत्यन्त महत्वपूर्ण कुराहरू हुन जान्छ । संकलित तथ्यांकहरूलाई बिश्वासिलो र भरपर्दो स्रोतको आधारमा अनुसन्धान नगरेमा अनुसन्धान कार्य प्रभावकारी हुन सक्दैन । त्यसैले सफल अनुसन्धानका लागि निम्न प्रकारका तथ्याङ्कका स्रोतहरू लिइएको छ ।

#### ३.३.१. प्राथमिक स्रोत

अनुसन्धाकर्ता स्वयं छनौटमा परेका स्थानमा गएर व्याक्तिगत तथा सामुहिक अन्तरवार्ता लिदै प्रश्नावली, लिएर घर गल्ली सर्वेक्षण र अवलोकन आदि बिधिवाट संकलन गरिएका तथ्याङ्कहरूलाई

प्राथमिक स्रोत भनिन्छ । यस अध्ययन अनुसन्धानमा पनि विविध पक्षमा बिभिन्न जानकारी लिई तथ्याङ्कहरू संकलन गरी प्रस्तुत गरिएको छ ।

### ३.३.२. द्धितीय स्रोत

द्धितीय स्रोत अन्तरगत यस अध्ययनसँग सम्बन्धित आम्चोक गा.वि.स.को कार्यालय, विद्यालय, जिल्ला शिक्षा कार्यालय इलाम, गा.वि.स.को प्रोफाईल, जिल्ला बिकास समिति इलाम, केन्द्रीय तथ्याङ्क बिभाग नेपाल, आदिवासी जनजातिसँग सम्बन्धित संघ संस्थाहरू लिम्बू जातिसँग सम्बन्धित संघ-सथाहरू अदि द्धारा प्राप्त र प्रकाशित तथ्याङ्कहरू, व्यक्तिगत लेख, रचना, सरकारी लेख रचना, पत्र-पत्रिका, प्रतिवेदन, लिम्बू जातिसन्ग सम्बन्धित शोधपत्रहरू किराँत भाषा साहित्य उत्थान संघ कार्यालय र अन्यबाट उपलब्ध सूचनाहरूलाई द्धितीय स्रोतका रुपमा लिएको छ ।

### ३.४. तथ्याङ्क संकलन बिधि

जुनसुकै अनुन्धानलाई पनि प्रभावकारी रुपमा निश्कर्षमा पुग्नको लागि तथ्याङ्क संकलनका बिभिन्न बिधिहरू अपनाउँनु पर्ने हुन्छ । यस अध्ययनलाई पूरा गर्नका लागि तथ्याङ्क संकलन गर्दा निम्न लिखित बिधिहरू अपनाईएको छ ।

### ३.४.१. सर्भेक्षण बिधि

सर्भेक्षण बिधि भन्नाले सामाजिक अध्ययन, अनुसन्धानमा बर्णनात्मक प्रकृतिका सूचना संकलन गर्ने र अनुसन्धानका बिभिन्न पक्षहरूमा जानकारी प्राप्त गर्ने उद्देश्यले बृहत रुपमा प्रश्नावली, अन्तरवार्ता र अवलोकन आदिका माध्यमबाट अध्ययन अनुसन्धान गर्ने प्रक्रियालाई जनाउँदछ ।

### ३.४.२. प्रश्नावली बिधि

समाजशास्त्रीय अध्ययन अनुसन्धानका क्रममा तयार पारिएका बिभिन्न प्रकारका सूचिबद्ध प्रश्नहरूलाई उत्तरदाताहरू समक्ष पूऱ्याई आवश्यक सूचनाको संकलन गरिने तरिकालाई नै प्रश्नावली बिधि भनिन्छ । जहाँ उत्तरदाताहरू आफैंले उत्तर दिन, भर्न वा लेख्न सक्दछन् ।

अनुसन्धान कर्ताले तयार पारेका प्रश्नपत्रहरूको सुची जुन उत्तरदाता समक्ष उत्तर प्राप्ती गर्ने उद्देश्यले पठाइन्छ त्यसलाई नै प्रश्नावली भनिन्छ ।

यस अनुसन्धानका लागि पनि विभिन्न किसिमका प्रश्नावलीहरू निर्माण गरी नमूना छनौट गरिएका व्यक्तिहरूवाट प्रश्नावली भराएर सुचना संकलन गर्ने कार्य भएको छ । त्यसै गरी प्रश्नावली भर्न नजान्ने व्यक्तिहरूको हकमा अन्य व्यक्तिहरूको सहयोगमा प्रश्नावली भराउने कार्य गरिएको छ ।

### ३.४.३ अन्तरवार्ता बिधि

अन्तरवार्ता भन्नाले उत्तरदाता र साक्षात्कार अनुसन्धानकर्ता बिच प्रत्यक्ष अन्तरक्रियाबाट सूचना संकलन गर्ने बिधिलाई नै अन्तरवार्ता बिधि भनिन्छ । यसका साथै प्रत्यक्ष रुपमा मौखिक अन्तरक्रियाका माध्यमबाट अन्तरवार्तादिने र लिने बिचको सम्वादवाट तथ्याङ्कहरू संकलन गरिन्छ भने त्यस प्रक्रियालाई अन्तरवार्ता बिधि भन्ने गरिन्छ ।

अन्तरबार्ता सम्मुख अन्तरवैयक्तिका भूमिकाको स्थिति हो जसमा अनुसन्धानकर्ताले कुनै पनि अनुसन्धानको प्रश्न उत्तरदाताहरूलाई उत्तर पाउँने अपेक्षाले प्रश्न सोध्ने गर्दछ ।

यस अनुसन्धान कार्यलाई सम्पन्न गर्ने क्रममा पनि अध्ययन क्षेत्रका लिम्बू जातिको समाजशास्त्रीय अवस्था र यसमा आएको परिवर्तनका प्रकियाका बारेमा भिन्न- भिन्न जानकार व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गरी म शोध कर्ता स्वयंले व्यक्तिगत तथा सामुहिक रुपमा अन्तरवार्ता लिई तथ्याङ्क संकलन गर्ने कार्य भएको छ जो प्राप्त तथ्यांङ्गहरूलाई यस शोधपत्रमा प्रस्तुत गरिएको छ ।

### ३.४.४. सहभागिता र अवलोकन बिधि

अनुसन्धान कर्ता आफूले अनुसन्धान गर्ने विषयमा केन्द्रित रहेर कुनै पनि अनुसन्धान गर्नु पर्ने परिवेशलाई प्रत्यक्ष नियालिन्छ भने त्यसलाई अवलोकन बिधि भनिन्छ । त्यसै गरी सहभागितामुलक अवलोकन भन्नाले अनुसन्धानकर्ताले आफ्नो अध्ययनको विषयमा सम्बन्धित समुदायमा रहेर आवश्यक सबै तहवाट घटना प्रकृतिलाई प्रत्यक्ष नियाल्दछ भने त्यसलाई सहभागितामुलक अवलोकन बिधि भनिन्छ । त्यसैले यस प्रकारको अवलोकनको निष्कर्षमा सत्यता प्राप्त गर्न सकिन्छ ।

यस शोधपत्रको लागि पनि तथ्याङ्क संकलन गर्दा सूचनादातासँग प्रत्यक्ष सहभागी भएर अनुसन्धान क्षेत्रका बिभिन्न पक्षहरूको अवलोकन गरी तथ्याङ्क संकलन गर्ने कार्य गरिएको.छ ।

### ३.४.५. तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण बिधि

अनुसन्धान गर्दा प्रयोग हुने बिभिन्न चरणहरूमा प्राप्त तथ्याङ्ककहरूलाई सही रुपमा प्रस्तुत गर्ने र ती तथ्याङ्कहरूको उचितढंगले ब्याख्या र विश्लेषण गर्न सकियो भने प्राय अनुसन्धानको उपलब्धि

सार्थक हुन जान्छ । तसर्थ यहाँ यस अनुसन्धानमा पनि बर्णनात्मक प्रस्तुतिकरण बिधि अनुसार तथ्याङ्कहरू सङ्कलन गरी प्रस्तुतिकरण, ब्याख्या र विश्लेषण गरिएको छ । जस अनुसार यस अध्ययनको उद्धेश्य बमोजिम  समाजको समाजशास्त्रीय अध्ययन र यसमा आएका परिवर्तनहरूको बारेमा बिभिन्न कोणवाट अध्ययन, अनुसन्धान गरिएको छ । यस अध्ययनलाई पूरा गर्नका लागी तथ्याङ्क संकलन गर्दा माथि उल्लेखित बिभिन्न बिधिहरू प्रयोगमा ल्याइएको छ साथै प्रस्तुत प्राथमिक र द्धितीय तथ्याङ्कहरूलाई तुलनात्मक अध्ययन गरी यस अध्ययनलाई अन्तिम रुप दिइएको छ । यसका अतिरिक्त बिभिन्न माध्यमबाट प्राप्त तथ्याङ्कहरूलाई शुक्ष्म ढंगले ब्याख्या र बिश्लेषण गर्न आवश्यक पर्ने बिभिन्न तालिकाहरूको पनि प्रयोग गरिएको छ ।

## ३.५   अध्ययनको सीमा

नेपालको पुर्वी भाग अर्थात अरुण पूर्व र मेची पश्चिमका नेपालका सबै जिल्लाहरू लगायत अन्य जिल्लाहरू जस्तो :- काठमाण्डौ, ललितपुर भक्तपुर, पोखरा, नारायणघाट र चितवन लगायत अधिकांश नेपालका अन्य जिल्लाहरू र प्रमुख शहरहरूका साथै अन्य बिभिन्न देशहरूमा पनि लिम्वू जातिका मानिसहरू यत्र-तत्र छरिएर वसोवास गरेका छन् । यी सम्पूर्ण क्षेत्रहरूमा छरिएर रहेका सम्पूर्ण लिम्वू जातिको सामाजिक, सांकृतिक पक्षको अवस्था र यिनमा  आएको परिवर्तनहरूका बारेमा समाजशास्त्रीय अध्ययन अनुसन्धान गर्दा वृहत हुने र अध्ययन गर्न असफल हुने भएकोले यस अध्ययनको शोधपत्रमा बिभिन्न क्षेत्रमा रहेका लिम्वू जातिको समाजशास्त्रीय अध्ययनको बिषयबस्तुलाई नसमेटिइकन इलाम जिल्लाको पश्चिम क्षेत्रमा पर्ने आम्चोक गा.वि.स. वडा न. २ का लिम्बू जातिको मात्र अध्ययन यस शोधपत्रमा गरिएको छ । जुन गा.बि.स. फाकफोक गा.बि.स. को पश्चिम, फुयत्तपा गा.बि.स. को उत्तर-पुर्ब र पाँचथर जिल्लाको साराङ डाडा गा.बि.स.को दक्षिणमा पर्दछ आम्चोक गां बिं सं । यहि गा.बि.स. को वडा नं.-२ ‘रातमाटे’ का लिम्वू जातिको समाजशास्त्रीय अध्ययन, अनुसन्धान र यिनमा आएका परिर्वतनको बारेमा मात्र यो शोधपत्रमा अध्ययन अनुसन्धान गरिएको छ ।

## अध्याय चार

### लिम्बू जातिको सामाजिक, सांस्कृतिक र आर्थिक र पक्षहरू

### ४.१ आम्चोक गा.वि.स. को परिचय

नेपाल अधिराज्यको पूर्बाञ्चल बिकास क्षेत्रको मेची अञ्चल इलाम जिल्ला र महाभारत श्रृंखलाको दक्षिणी भागमा अवस्थित आम्चोक गा.वि.स. प्राकृतिक सौन्दर्यले भरिपूर्ण रहेको छ । जिल्ला सदरमुकामबाट करिव १२ कोष पश्चिम तर्फ रहेको यस गा.वि.स. मा लुङ्गसुङ्गदाङ्ग, आम्चोक र लोखरुम्वा गरी तिन वटा डाँडाहरू मिलाएर एउटा गा.वि.स.को निर्माण २०१९ सालको राजनैतिक बिभाजनको बेला भएको थियो । यस भन्दा अगाडि यो ठाउँलाई थुम फाकफोक भन्ने गरिन्थ्यो ।

यस गा.वि.स.को नामाकरणका सम्बन्धमा बिभिन्न भनाईहरू रहेको पाइन्छ । लिम्वू भाषिको भनाई अनुसारः:- 'आङ्ग' भनेको सल्ला र 'जक' भनेको खोटो हो । त्यसैले सल्लाको खोटो निकाल्ने ठाउँ भएकोले यस ठाउँलाई 'आङजक' भनिन थालियो र यहि शब्द पछि गएर अपभ्रंस भई आम्चोक नामाकरण भएको भन्ने भनाई रहेको छ भने अर्को थरी राई भाषिको भनाई अनुसारः- आम्चोक भनेको

"मेरो चौतारो भन्ने अर्थ लाग्ने भएकोले यहाँ भएको ठूलो चौतारोकै नामबाट पछि क्रमशः यस गा.बि.स. लाई आम्चोक भनिन थालियो" भन्ने भनाई रहेको छ भने पर्वते भाषाका अनुसारः-"यो क्षेत्रमा आँप धेरै फल्ने भएकोले आँपचोकबाट क्रमशः यो शब्द अपभ्रंस भएर आम्चोक बन्न गई आम्चोक नाम रहन गयो" भन्ने पनि किम्बदन्तीहरू रहेको पाउँन सकिन्छ।

यस गा.वि.स.को कुल घरधुरी संख्या ९६९ रहेको छ भने कुल जनसंख्या ५,५९२ जना रहेको छ। समुन्द्र सतहबाट करिव ७४० मीटर देखि- २,२७२ मीटरसम्म उचाईमा रहेको र यस गा.वि.स. को क्षेत्रफल २२.६६ बर्ग कि.मी. रहेको छ। यस गा.वि.स.को औपचारिक शैक्षिक केन्द्रको इतिहासको रुपमा २००८ सालमा स्थापना गरिएको श्री सिंहदेवी मा.वि.आम्चोकको महत्वपुर्ण योगदान रहेको छ। हाल यो उच्च मा.बि. मा परिणत भैसकेको छ। कुल ८१.४६ प्रतिशत जनसंख्या साक्षरताको अवस्थामा रहेको यस गा.वि.स.मा बिभिन्न ११ वटा जातिहरूको मिश्रित बसोवास रहेको छ। जो यस प्रकार रहेका छन्। क्षेत्री, ब्राह्मण, राई, लिम्बू, मगर, दर्जी, भुजेल, बराईली, सार्की, नेवार, तामाङ्ग आदि जातजातिका मानिसहरूको बसोबास रहेको छ यहाँका जातजातिहरूले बिशेष गरेर आफ्नै भाषा र संस्कृतिको संरक्षण गर्दै आएको भए तापनि एक अर्कामा धार्मिक सहिष्णुता र बन्धुत्वको भावना अति सुमधुर रहेको छ। यहाँका बिभिन्न संघ-संस्था, महिला बचत तथा ऋण सहकारी समूहहरू र पशुपालन कृषि समूहहरूले पनि आफ्ना नियमित कार्यक्रमहरू संचालन गरिरहेका छन्।

रमणिय ठाउँ आम्चोक गाउँ विकास समितीको पूर्वमा फाकफोक, गा. बि.स., पश्चिममा फूएतप्पा गा.बि.स., उत्तरमा पाँचथर जिल्ला तथा दक्षिणमा पनि फूएतप्पा गा.वि.स. नै पर्दछन्। यो गा.वि.स. २६ डिग्री ५७ मिनेट ०८ सेकेण्ड उत्तरी अक्षांश सम्म र ८७ डिग्री ४२ मिनेट ११ सेकण्ड देखि ८७ डिग्री ४५ मिनेट ५० सेकेण्ड पूर्वी देशान्तरका बिचमा रहेको छ। यस गा.वि.स.मा समशितोष्ण प्रकारको हावापानी रहेको छ र यस गा.वि.स. को तापक्रम सवै भन्दा उचाईमा रहेको फुंङसिङ डाँडामा न्युनतम १ डिग्री सेन्टिग्रेट सम्म र अधिकतम तापक्रम सवैभन्दा तल्लो फाकफोक खोला आसपासको वा वडा नं २ लिम्बू गाउँको तल्लो क्षेत्रमा गर्मी समयमा ३०/३५ डिग्री सेन्टिग्रेटको हाराहारीमा रहने अनुमान गरिन्छ। [२]

यस गा.वि.स. को बस्तुगत बिवरण तयारीका क्रममा घरधुरी सर्वेक्षणका आधारमा सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षहरूको अध्ययन, अनुसन्धान गरी यसको अवस्था र जनसंख्या सम्बन्धि

[२] आवधिक दिगो विकास योजना आम्चोक, इलाम : २०६४, पृष्ट ६

तथ्याङ्कहरू लिइएको छ । यस बाहेक द्वितीय स्रोतमा विभिन्न सुचना तथा तथ्याङ्कहरू पनि समेटिएका छन् । यस गा.वि.स. क्षेत्रको जनसंख्याको आकार निम्नानुसार रहेको पाइएको छ ।

**तालिका न. १. आम्चोक गा.बि.स. को वडागत आधारमा महिला, र पुरुषको जनसंख्या र घरधुरी संख्याको विवरण**

| वडा नं. | घर धुरी | लिङ्ग,अनुसार जनसंख्या | | जम्मा जनसंख्या |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | १०१ | ३२५ | २५७ | ६२२ |
| २ | ७३ | २३१ | २२२ | ४५३ |
| ३ | ८० | १९६ | २१४ | ४१० |
| ४ | १२७ | ३७४ | ३४६ | ७५० |
| ५ | १३८ | ४१७ | ४१५ | ८३२ |
| ६ | ९७ | २७६ | २५८ | ५३४ |
| ७ | ९५ | ३१४ | २८९ | ६०३ |
| ८ | १३२ | ३३९ | ३६१ | ७०० |
| ९ | १२६ | ३४९ | ३३९ | ६८८ |
| जम्मा | ९६९ | २८२१ | २७७१ | ५,५९२ |
| प्रतिशत | | ५०.४५ | ४९.५५ | १०० |

स्रोत :- आवधिक दिगो विकास योजना आम्चोक इलाम : २०६४पृष्ट ८ ।

यस तालिका अनुसार आम्चोकको जम्मा घरधुरी संख्या ९६९ रहेको छ । जसमा कुल जनसंख्या ५,५९२ मध्ये २,८२१ जना अर्थात ५०.४५ प्रतिशत महिला र २,७२१ जना अर्थात ४९.५५ प्रतिशत पुरुषको जनसंख्या रहेको छ । यस गा.वि.स. मा सवैभन्दा बढी जनसंख्या वडा नं ५ मा ८३२ जना र

सवै भन्दा कम जनसंख्या वडा नं ३ मा ४१० जना रहेको छ । यस गा.वि.स को कुल जनसंख्यामा महिलाको संख्या बढि रहेको देखिन्छ । यस शोधपत्रमा वडा न. २ लाई अध्ययन क्षेत्र मानेकोले वडा न. २ लाई नै बढि प्राथमिकतामा राखिएको छ । यसै गरी वडा नं. २ को जनसंख्याको अवस्थालाई हेर्ने हो भने जम्मा घरधुरी संख्या ७३ रहेको छ भने महिलाको कुल जनसंख्या २३१ रहेको छ भने पुरुषको कुल जनसंख्या २२२ रहेको छ । यसरी यस वडाको जम्मा जनसंख्या भने ४५३ रहेको कुरा यस अध्ययनबाट पुष्टि भएको ।

**तालिका नं. २ उमेर अनुसारको वडागत जनसंख्याको विवरण :–**

| वडा नं. | घर धुरी | ०-५ वर्ष सम्म | | ६-१५ वर्ष सम्म | | १६-४५ वर्ष सम्म | | ४६-६० वर्ष सम्म | | ६० भन्दा माथी | | जम्मा | | कुल जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु | म. | पु | म | पु | म | पु | म | पु | म | पु | |
| १ | १०१ | ४६ | ३२ | ८४ | ७२ | १४९ | १४४ | २५ | २९ | २१ | २० | ३२५ | २९७ | ६२२ |
| **२** | **७३** | **३३** | **२३** | **६७** | **६४** | **१००** | **९४** | **१६** | **२१** | **१५** | **२०** | **२३१** | **२२२** | **४५३** |
| ३ | ८० | १७ | २६ | ४१ | ३४ | १०१ | १०७ | २३ | २६ | १४ | २१ | १९६ | २१४ | ४१० |
| ४ | १२७ | ५० | ३९ | ८५ | ९९ | १७६ | १७२ | ४२ | ३८ | २१ | २८ | ३७४ | ३७६ | ७५० |
| ५ | १३८ | ५६ | ५६ | १०५ | १०८ | १९३ | १८६ | ३८ | ३९ | २५ | २६ | ४१७ | ४१५ | ८३२ |
| ६ | ९७ | ३४ | ३४ | ७३ | ६४ | १२३ | १२५ | ३३ | २५ | १३ | १० | २७६ | २५८ | ५३४ |
| ७ | ९५ | २९ | ३५ | ९५ | ६१ | १४७ | १५३ | २५ | ३१ | १८ | ९ | ३१४ | २८९ | ६०३ |
| ८ | १३२ | ४० | ४४ | ८४ | ९१ | १७३ | १७७ | २७ | २९ | १५ | २० | ३३९ | ३६१ | ७०० |
| ९ | १२६ | ५१ | ५० | ९३ | ९३ | १६० | १४२ | २८ | ३३ | १७ | २१ | ३४९ | ३३९ | ६८८ |
| जम्मा | ९६९ | ३५६ | ३३९ | ७२७ | ६८६ | १३२२ | १३०० | २५७ | २७१ | १५९ | १७५ | २८२१ | २७७० | ५५९२ |

स्रोतः- आवाधिक दिगो विकास योजना आम्चोक गा.वि.स. २०६४ पेज नं. :८

माथि उल्लेखित तालिका अनुसार ५ बर्ष सम्मका बालवालिकाको कुल जनसंख्या ६९५ रहेको छ । ६ देखि १५ वर्ष अथवा बिद्यालय उमेरका बालवालिकाहरूको जनसंख्या १,४१३ रहेको छ त्यसरी नै १६ देखि ४५ वर्ष उमेरका मानिसको कुल जनसंख्या २,६२२ रहेको छ । ४६ देखि ६० वर्ष उमेरका मानिसहरूको जनसंख्या ५२८ जना रहेको छ भने ६० बर्ष भन्दा माथि उमेरका मानिसहरूको जनसंख्या २३४ जना रहेको छ । यस अध्ययनका आधारमा आश्रित जनसंख्या भन्दा क्रियाशिल जनसंख्या केहि बढी रहेको पाइएको छ । यस तालिकामा अध्ययन क्षेत्र वडा नं. २ को अध्ययन गर्नु पर्ने भएकोले वडा नं. २ को जनसंख्यालाई बोल्ड गरेर देखाइएको छ ।

## ४.२. आम्चोक गा.वि.स. वडा नं. २ 'रातमाटे' अध्ययन क्षेत्रको परिचय

यस शोधपत्रमा अध्ययन क्षेत्र इलाम जिल्लाको आम्चोक गा.बि.स. को वडा न. २ लाई लिइएको छ, जसको परिचय यस प्रकार रहेको छ । इलाम जिल्लाको आम्चोक गा.वि.स. वडा नं. २ 'रातमाटे' इलाम जिल्लाको सुदरपश्चिम क्षेत्रमा अवस्थित एक सुन्दर गाउँ हो । यो वडाको पुर्वमा फाकफोक गा.वि.स., पश्चिममा आम्चोक गा.वि.स. कै वडा नं. १ र ३ पर्दछन् भने दक्षिणमा फाफफोक गा.वि.स. पर्दछ, । उत्तरमा आम्चोक गा.वि. स. कै वडा नं ३ र ५ पर्दछन् । यो गाउँ अत्यन्तै उर्भर भूमि भएको र प्राकृतिक सौन्दर्यले रमणिय गौरब बोकेको छ । यस गा.बि.स. को बडा न. २ वा अध्ययन क्षेत्रमा भने ६९ घरधुरी लिम्बू जातिको बसोवास रहेको छ भने ४ घरधुरी मात्र अन्य जातिको बसोवास रहेको छ । जो यस प्रकार रहेको पाइएको छ ।

**तालिका नं. ३ आम्चोक गा.बि.स. वडा न. २ को जातिगत घरधुरी बिवरण**

| क..स. | जति | घरधुरी संख्या |
|---|---|---|
| १ | लिम्बू | ६९ |
| २ | ब्रह्मण | ३ |
| ३ | दर्जी | १ |
| जम्मा | | ७३ |

स्रोत-स्थलगत अध्ययन २०६७ कार्तिक ।

यसरी आम्चोक गा.बि.स. वडा न. २ वा अध्ययन क्षेत्रको सर्भेक्षणमा प्राप्त जानकारी अनुसार वसोवासको आधारमा पनि यस क्षेत्रमा लिम्बू जातिको अत्याधिक बाहुलियता रहेको जानकारी माथिको

तालिकाबाट प्राप्त भएको छ । जसमा ६९ घरधुरी संख्या लिम्बू जातिको मात्र रहेको छ भने ब्राह्मण जातिको घरधुरी संख्या ३ र दर्जीको घरधुरी संख्या १ रहेका तथ्य यस अध्ययनाबाट प्राप्त भएको छ ।

आम्चोक गा.बि.स. मा लिम्बू जातिको आगमन र बसोवास कसरी भयो भन्ने सन्दर्भमा यस प्रकारको जानकारी पाइएको छ । पाण्डवहरूको बनबासको समयमा यहाँ ठूलो जंगल थियो । अनाज कुटी खानको लागि उनीहरूले एउटा ठुलो ढुंगामा ओखल बनाएका थिए र त्यसको लागि मुस्ली पनि ढुंगाकै निर्माण गरेका थिए । १६ औं शताब्दीमा पाँचथरको याङनाम् भन्ने ठाउँबाट पाङगीहाङ र उनका छोरा युङगीहाङ उर्भरा भूमिको खोजी गर्दै जाने क्रममा यस गा.बि.स. लाई रोजी त्यही बसोवास गरेका थिए । अहिलेका लिम्बू जनजातिका सन्तानहरू पनि उनीहरूकै सन्तान हुन् र पहिला उनीहरू आम्चोक गा.बि.स. को वडा न.९ को लुङसुङदाङ भन्ने ठाउँमा बसोवास गरे भन्ने भनाई रहेको छ । लिम्बू भाषामा 'लुङ्ग' भनेको ढुंगाको र 'सुङ्गदाङ्ग' भनेको ओख्ली हुन्छ । यी दुई शब्दलाई मिलाउँदा 'ढुंगाको ओख्ली' भन्ने अर्थ लाग्दछ । त्यसैले लुङ्गसुङ्गदाङ्गलाई पनि लिम्बू भाषाबाट नै नामाकरण गरिएको हो भन्ने जानकारी प्राप्त हुन्छ । अहिले पनि लुङ्गसुङ्गदाङ्गको धुलपुजे नामक खेतको बिच भागमा ढुगांको ओख्ली सुरक्षित अवस्थामा नै रहेको छ । मुस्लि भने त्यहाँका बासिन्दाहरूले महत्व नै नबुझि फुटाई दिए तर अवशेष भने अझै पनि देख्न सकिन्छ । यसर्थ यो नाम लिम्बू भाषावाटै नामाकरण भएको हो भन्ने अनुमान लगाउँन सकिन्छ ।

त्यसै गरि लुङसुङदाङका लिम्बूहरू समयको अन्तरालसंगै आम्चोक गा.बि.स. को वडा न २. मा पनि गएर बसोबास गर्न थाले भन्ने कुराको पुष्टि भएको छ । रातमाटेको नामाकरण चाहि त्यो वडा न. २ को सबै माटो अति नै धेरै रातो भएकोले 'रातमाटे' भनिएको कुराको प्रमाणित हुन्छ यो शोधपत्रमा आम्चोक गा.बि.स. को वडा न. २ लाई अध्ययन क्षेत्र रोजेकोले यसै ठाउँको नै यस शोधपत्रमा पनि अध्ययन गरिएको छ ।

लिम्बू जातिका मानिसहरू पहिले देखि अहिले सम्म पनि त्यस ठाउँमा नयाँ बाली भित्र्याउने वा लगाउने बेलामा पूजा-आजा गर्ने गर्दछन् ।

किराँत धर्म तथा साहित्य उत्थान संघका केन्द्रीय अध्यक्ष **श्री डकेन्द्रसिंह थेगिम,** (२०६७) ले पनि यहि कुरा बताउँनु भएको छ । यो गाउँ धान खेतीको लागि योग्य मानिन्छ । सिँचाई सुविधाको कमिको कारण कम उत्पादन हुने गरेको छ । यहाँ धान, मकै, कोदो, गौ, जौ, दाल, अदुवा, अकबरे

प्रसस्त मात्रामा उत्पादन हुने गर्दछन् । आरु, चिउरी, आरुवखडा सुन्तला, केरा, अम्बा आदि फलफुलहरू पनि प्रशस्त मात्रामा उत्पादन हुने गरेको छ ।

यहाँ ढाल्ने, कटुस, चिलाउने, ओखर, बढहर, गोगन, बर, पिपल, चिउरी पैयु, चिलाउने, उत्तिस, बाँस, टाँकी आदि जातका बनस्पतिहरू पाइन्छन् । यहाँका मानिसहरू गाई, भैंसी, बाखा, सुगुंर, गोरु, कुखुरा हाँस आदि पशुहरू पाल्दछन् । यहाँ मृग ढुकुर, जुरेली, दूम्सी, सालक, स्याल, बनविरालो, खरायो, लामपुछ्रे, कोइली, उल्लु एवं रंङ्गी, विरङ्गी चरारुङ्गी र पुतलीहहरू पाइन्छन् । यिनीहरूले गाउँको सौन्दर्यतालाई बढाएर सुनमा सुगन्ध थपेका छन् ।

**तालिका नं. ४. आम्चोक गा.वि.स. वडा न. २. को जातिय जनसंख्या विवरण**

| जतजाति | जनसंख्या |
|---|---|
| **लिम्बू** | **४३२** |
| दर्जी | ४ |
| ब्राह्मण | १७ |
| जम्मा | ४५३ |

स्रोत-स्थलगत अध्ययन -२०६७, कार्त्तिक ।

उक्त तालिका अनुसार, यस वडाको कुल जनसंख्या-४५३ मध्ये लिम्बू -४३२, जना ब्राह्मण १७, जना र दर्जी ४ जना जनसंख्याको बसोवास यस वडामायस वडामा रहेको छ । त्यसरी नै कुल जनसंख्याको ९५.३६% लिम्बू जातिको र अन्या जातिको ४.६३% बसोवास रहेको छ । यसबाट के स्प्रष्ट हुन्छ भने सवै भन्दा बढी जनसंख्या लिम्बूहरूको रहेको र त्यस पछि अति नै थोरै मात्रामा ब्राह्मणको र एक घर मात्र दर्जी जातिको वसोवास यस वडामा रहेको छ जो लिम्बू जातिको जनसंख्या को तुलनामा अति नै न्यून रहेको देखिन्छ ।

**४.२.१. आम्चोक गा.बि.स. वडा नं.२ वा अध्ययन क्षेत्रको सामाजिक पक्षहरू**

कुनै पनि समाज निर्माणको लागि सामाजिक संरचनाको आवश्यकक्ता पर्दछ । यसको पूर्णताको लागि सामाजिक व्यवस्थामा विभिन्न अङ्गहरू हुने गर्दछन् । यस्ता अङ्गहरूले गर्ने प्रकार्यले गर्दा नै

सामाजिक व्यवस्था अस्तित्वमा रहन्छ । यस्ता विभिन्न अङ्गहरू आपसमा मिलेर सिङ्गो समाज निर्माण भएको हुन्छ र ती अङ्गहरूले सिङ्गो समाजलाई कायम राख्नका लागि नै प्रकार्यहरू गरिरहेका हुन्छन् । एउटा सामाजिक व्यवस्था भित्र जाति, धर्म, संगठन, विवाह, परिवार, नाता, सम्बन्ध, संघ- सस्था, गुठी जस्ता अनेकौं एकाईहरू संलग्न भएका हुन्छन् । यसै गरी विवाह, परिवार, धर्म आदिमा पनि विभिन्न मुल्य, मान्यता र संस्कारहरू रहेका हुन्छन् । यिनीहरूको संयोजनबाट नै सामाजिक व्यवस्थामा संस्कारहरूले निरन्तरता पाएका हुन्छन् । त्यस्तै गरेर जुनसुकै जातिमा पनि समाज संरचना र सञ्चालनका लागि विभिन्न एकाईहरूले काम गरिरहेका हुन्छन । यस शोधपत्रमा अध्ययन क्षेत्रका लिम्बू जातिको अध्ययन पनि यसै अनुरुप नै गरिएको छ ।

### ४.२.१.१. सामाजिक रहनसहन

अध्ययन क्षेत्रको सर्भेक्षणका सन्दर्भमा स्थानियवासीहरूले दिएको जानकारी अनुसारः लिम्बू जाति नेपालको एक ऐतिहाँसिक आदिवासी ंजनजाति हो । यो जातिका मानिसहरू वोलीचालीमा सरल, रोमान्टिक, र दयालु स्वाभावका देखिन्छन् । भनिन्छ यो जातिले मनखुशी हुँदा वा एक आपसमा मन मिल्दा जीउको मासु पनि काटेर दिन्छन् भने रिस उठ्दा मानिसलाई काट्न पनि सक्दछन् । व्यवहारमा कसैलाई धोका दिन चाहदैनन् । जालझेल गर्दैनन्, । यो लिम्वू जातिको स्वभाव नै मानिन्छ । कसैले विश्वासघात गऱ्यो भने जाई लाग्नु  उनीहरूको स्वभाव नै रहेको छ । समाजमा यिनीहरूको सहयोगीको भावना रहेको पाईन्छ । यिनीहरू उद्धार प्रवृत्तिका हुन्छन् । ईष्टमित्र, गाउँ, टोलमा  कसैलाई आपत विपत वा दूःख, सङ्कट परेको बेला रात-दिन सहयोग गर्न पनि तयार हुन्छन् । यिनीहरू ठूलो, सानो, उच निचको भावना राख्दैनन् । मर्दा-पर्दा सम्पुर्ण लिम्वू दाजुभाई भेला भई विचार विमर्शद्वारा कार्य विभाजन गरी कार्य सम्पन्न गर्ने तिथि-मिति निश्चित गरिन्छ । यिनीहरूमा भोज-भतेर विवाह आदि कार्यहरूमा कसले के सहयोग गऱ्यो त्यसको टिपोट राख्ने पनि चलन रहेको छ ।

समाजशास्त्रीय अध्ययनको क्रममा इलाम जिल्ला आम्चोक गा.वि.स. वडा नं २ ‘रातमाटे’ का लिम्बू जातिको सामाजिक व्यवस्था सम्बन्धी जानकारी यस प्रकार पाइएको  छ । **किराँत धर्म तथा साहित्य उत्थान संघका अध्याक्ष  श्री डकेन्द्रसिं थेगिम  आम्चोक,     (२०६७) का  अनुसार :–** “लिम्बू जातिहरू प्राय गरेर सबै दाजुभाइ वंशजहरू  एउटै समूहमा मिलेर बस्ने गर्दछन । सबै समूहमा मिलेर बस्ने भएकोले एक आपसमा भैपरी आउँदा एक-अर्काकोमा जाने आउने, सुख-दुःखमा सर–सहयोग गर्ने

गर्दछन । लिम्बू समाजमा मठ-मन्दिर सञ्चालन गर्नको लागि गुठी राख्ने चलन पनि रहेको छ । विवाह कर्म, मृत्यु, जन्म र अन्य सांस्कृतिक पर्वहरूमा पनि भेला हुने चलन रहेको छ । लिम्बूहरू अत्यन्तै सहयोगी प्रवृत्तिका हुन्छन् । लिम्बू जातिमा पर्ने सार्बजनिक कार्यहरूमा एक-आपसमा मिलेर गर्ने चलन रहेको छ । विवाह, मृत्यु जस्ता संकटको बेलामा आर्थिक सहयोगको लागि चन्दा दिने चलन पनि रहेको छ । लिम्वुहरूको समाजमा कुनै पनि सार्वजनिक कार्यहरूमा भोज भतेरको ब्यवस्था दुई किसिमको रहेको हुन्छ । एउटा साकाहारी भोज-भतेर र अर्को मांशहारी भोज-भतेर तर प्राय गरी दोस्रो किसिमको भोज भतेरमा लिम्बू समाज न्यूनिकरण गर्दै जान उन्मुख हुदै गएको छ । कुनै पनि ब्यक्तिको घरमा मान्छे मऱ्यो वा साऱ्हो-गाऱ्हो पऱ्यो भने आफन्त वा छिमेकीहरूले सहयोग रकम जुटाएर भए तापनि सहयोग गर्ने चलन रहेको छ । यिनीहरूको मुख्य पेशा ब्यावसाय भनेको कृषि नै रहेको छ । हिजो-आज सरकारी वा बैदेशिक रोजगारमा जाने लहर पनि उन्मुख भएको पाइन्छ । कु-रीति र कु-संस्कारहरूलाई अन्त्य गरी सभ्य समाज  स्थापित गर्नका लागि पनि उनिहरू लागि परेको देखिन्छ पहिलाको तुलनामा हालको अवस्थामा यहाँका लिम्बू समाजमा सामाजिक वा सांस्कृतिक परिवर्तन भने अवश्य नै आएको देखिन्छ । राम्रा कुराहरूलाई आत्मसाथ गर्ने र नराम्रा वा परम्पराबादी कुराहरूलाई छाड्दै र तोड्दै जाने गरेको पाउँन थालिएको छ ।"

"यसरी समग्र रुपमा हेर्ने हो भने ग्रामीण भेगका लिम्बू जातिको सामाजिक अवस्थामा केही मात्रामा परिवर्तन आएको देखिन्छ भने शहरी क्षेत्रका शिक्षित लिम्बू समाज, ब्रिटिस आर्मी वा उच्च आय-स्तर भएका लिम्बू समाजमा भने आधुनिकिकरण वा पश्चिमीकरणको प्रभाव पूर्ण रुपमा परेको पाइन्छ । उनीहरूको समाज र संस्कृतिमा यस्तो प्रभाब परे तापनि आफ्नो मुल समाज र संस्कृति भने भुल्न सकेका छैनन् जहाँ भए तापनि वा केही  परिवर्तन आए तापनि आफ्नो सामाजिक ब्यवस्थाको संगठन र संरचना वा  मुल संःस्कार र संकृति भने पूर्ण रुपमा मान्दै आएको पाइएको छ ।" यस शोधपत्रको अध्ययनको शिलशिलामा अध्ययन क्षेत्रका लिम्बू जातिको सामाजिक अवस्था माथि भने बमोजिम रहेको पाइएको छ केहि बिवरणहरु तल प्रस्तुत् गरिएको छ ।

### ४.२.१.२. बिकासका  पूर्वाधारको सन्दर्भमा

यो गाँउ विकासमा बिकासका पूर्वाधारहरूका हिसावले कमजोर नै रहेको देखिन्छ । यहाँ कच्ची, सडक सामान्य बजार, विद्युत तथा सञ्चारको थोरै मात्रामा विकास भएको पाइन्छ । बिकासका पुर्बाधार कमजोर भए तापनि हालको अवस्थामा भने केहि मात्रामा सुधार आउँन थालेको देखिन्छ ।

कच्ची सडकमा नै भए तापनि गाउँलेहरूले मर्मत गरेर त्यहाँ सा–साना ट्रकहरू र ट्याक्टरहरू चलाएर आफ्ना नगदे बालीहरू निकासी गर्ने र आफुलाई आवश्यक पर्ने बस्तुहरू आयत गर्ने गर्न थालेका छन । यसैगरी स्थानीय फाकफोक खोलाबाट बिधुत निकाली यस गा.बि.स. को वडा न. १, २, ३, र ५ वडामा बिजुली बत्ती बाल्न सफल भएका छन । सञ्चारको लागि ईलाका हुलाक कार्यालय लगायत, लोकल फोन र मोबाइल फोनको पनि व्यवस्था भएको छ । यहाँको श्री सिंहदेबी मा.बि.स्कूललाई हाल उच्च मा.बि.मा परिणत गरिसकेकाछन, तापनि दीर्घकालिन र बृहत स्तरका बिकासका योजनाहरू वा पुर्बाधार भने बनिसकेका छैनन् । यसै गरी यो अध्ययन क्षेत्रमा परेको वडा न. २ पनि सामान्य रुपमा यिनै सुबिधामा सीमित रहेको छ ।

### ४.२.१.३. आम्चोक गा. बि. स. वडा न. २ 'रातमाटे' का लिम्बूहरूको परिवारको वनौटको बर्तमान अवस्था

एउटा सामाजिक संरचना निर्माण हुनको लागि पनि विभिन्न सामाजिक संगठनहरू, परिवारहरू, नातासम्बन्धहरू, बैबाहिक सम्बन्धका नातेदारहरू, बिबिध संघ, संस्थाहरू जस्ता कुराहरूको समायोजन हुनु आवश्यक छ । यसर्थ सामाजिक संरचना निर्माणका लागि परिवार एक अपरिहार्य अंग हो । परिवार विभिन्न प्रकारका हुन सक्दछन् । एकल परिवार, संयुक्त परिवार, र वृहत परिवार

| क्रम संख्या :– | परिवारको किसिम | परिवारको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल परिवार | ४६ | ९२% |
| २ | संयुक्त परिवार | ४ | ८% |
| जम्मा परिवार संख्या | | ५० | १००% |

**तलिका नं. ५ आम्चोक गा.बि.स. वडा नं. २ को पारिवारीक अवस्था**

स्रोत :-स्थलगत अध्ययन २०६७ कर्त्तिक ।

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने अध्ययनका लागि नमुना छनौटमा परेका यस वडाका लिम्बू समुदायका ५० घर परिवार मध्ये एकल परिवारमा बस्ने परिवार संख्या सवै भन्दा बढि ४६ घर र सवै भन्दा कम सयुक्त परिवारमा बस्ने परिवार संख्या ४ घर रहेको पाइएको छ । यस्तै गरी अध्ययनको शिलशिलामा यस वडामा वसोवास गर्ने अन्य जाति पनि एकल परिवारमा नै बस्ने गरेको पाइएको छ । यसबाट के कुराको स्पस्ट हुन्छ भने यस वडाको

परिवारिक ढाँचामा सुधार भैरहेका छ यसो भए तापनि परिवारमा सदस्य संख्या भने उच्च नै रहेको पाइएको छ यसको कारण अशिक्षा र चेतनाको कमिले गर्दा बढी सन्तान जन्माएको जानकारी पाउँन सकिन्छ ।

### ४.२.१.४. आम्चोक गा. बि. स. वडा न. २ 'रातमाटे' का लिम्बूहरूको भेष-भुषा र गर-गहनाहरूको बर्तमान अवस्था

यस आम्चोक गा.बि.स. वडा न. २ 'रातमाटे' का लिम्वूहरू भने बिशेष गरेर बुढापाकाहरू दौरा, सुरुवाल, कोट, स्टकोट र टोपी लगाउँदछन् अनि कम्मरमा पटुका पनि बाँध्ने गर्दछन् । केटाहरू भने बिशेष गरेर सर्ट, पैन्ट लगाउँदछन् तर यिनीहरूमा पटुका बाध्ने चलन त्यति धेरै मात्रामा छैन भने बुढापाका महिलाहरू गुन्यु, चोलो लगाई पटुका बाँध्ने गर्दछन् भने केटीहरू कुर्ता, सुरुवाल, सर्ट, भेष, मेडी, सल, आदि बस्त्रहरू लगाउने गर्दछन् ।

गर-गहनाहरू पनि आफ्नो आर्थिक अवस्था अनुसार फरक-फरक लगाउने गर्दछन । महिलाहरू सुन, चादी र पत्थरबाट बनेका गर-गहनाहरू लगाउँने गर्दछन् । नाकमा झुम्के र खोके बुलाकी, फुली वा ढुङग्री, कानमा मुन्द्री, माडवारी, गलामा सुनको कण्ठ वा नौगेडी, हारी वा रेजी, शिरमा सुनको शिरफूल लगाउँने गर्दछन् । त्यसैगरी हातमा सुन वा चाँदीको चुरा गोडामा चाँदीको कल्ली वा पाउजू पनि लगाउँने गर्दछन् । आजकल सुनको सिक्रि र औँठी लगाउँने चलन बढी चलेको पाइएको छ । यस वडामा वसोवास गर्ने अन्य जातिले लगाउँने कपडा भने लिम्बू जातिको जस्तै नै रहेको छ तर गर-गहना भने अति सामान्य तरिकाले कानमा टप,नाकमा फुली, हातमा चुरा र घडी औँठी मात्र लगाउँने गरेको पाइन्छ ।

**तालिका नं. ६. आम्चोक गा.वि.स. वडा न. २. को जातिय जनसंख्या विवरण**

| जतजाति | ज्नसंख्या |
|---|---|
| **लिम्बू** | **४३२** |
| ब्राह्मण | १७ |
| दर्जी | ४ |
| जम्मा | ४५३ |

स्रोत-स्थलगत अध्ययन -२०६७, कार्त्तिक ।

उक्त तालिका अनुसार यस वडामा बसोवास गर्ने कुल जनसंख्या-४५३ मध्ये लिम्बू जातिका ४३२, जना, ब्राम्हण जातिका १७, जना र दर्जी जातिका ४ जना जनसंख्या यस वडामा बसोबास गर्दछन् । यसबाट के स्पष्ट हुन्छ भने सवै भन्दा बढी जनसंख्या लिम्बूहरूको

**तालिका नं. ७ आम्चोक गा.वि.स. वडा न २ को जातिगत घरधुरी संख्याको विवरण**

| जात | घर धुरी संख्या |
|---|---|
| **लिम्बू** | **६९** |
| व्राह्मण | ३ |
| दर्जी | १ |
| जम्मा | ७३ |

श्रोतः- स्थलगत अध्ययन -२०६७, कार्त्तिक ।

स्थलगत सर्भेक्षण अनुसार यस वडामा वसोबास गर्ने जातिहरू मध्ये लिम्बू जातिका ६९ घर, ब्राम्हणका ३ घर र दर्जीको १ घरधुरीहरू रहेका छन् । सवै भन्दा बढी लिम्बू जातिको घरधुरी संख्या रहेका छन् भने दोस्रोमा ब्राम्हण र तेस्रोमा दर्जी जातिको घर रहेको छ ।

यस अध्ययनबाट प्राप्त जानकारी अनुसार यस वडामा सब भन्दा बढी संख्या लिम्बू जातिको रहेको छ भने त्यस पछि थोरै मात्रामा ब्राह्मणको संख्या रहेको छ र सबै भन्दा कम जनसंख्या दर्जी जातिको रहेको जानकारी यस अध्ययनबाट प्राप्त भएको छ ।

यस वडामा बसोबास गर्दै आएका बिभिन्न जातजातिहरूको आ-आफ्नै किसिमको सामाजिक ब्यवस्था, धर्म, संस्कार, संस्कृति, मूल्य र मान्यताहरू भए तापनि ग्रामिण परिवेशमा प्राकृति प्रजक किराँत धर्मको विशेषताहरू प्रतिबिम्वित भएको देखिन्छ । यस समाजका लिम्बू जातिमा हिन्दु धर्मको प्रभाव समेत केहि मात्रामा परेको देखिन्छ । यस गाउँमा माघे-संकान्ती, साउने-संकान्ती, चैते दशैं, बडा दशैं, तिहार, रामनवमी, फागुपूर्णिमा, वैशाख पूर्णिमा वा उधौली-उभौली जस्ता सांस्कृतिक पर्वहरू मनाउँदछन् । यस गाउँमा बस्ने सम्पूर्ण जातिहरूले चाड-पर्व, सामाजिक समारोह र उत्सवमा लिम्बूहरूको जातिय धाननाँचमा सबै जातिका मानिसहरूले उत्तिकै मनोरञ्जन पूर्वक हेर्ने गर्दछन् । त्यस्तै च्याब्रुङ्ग नाचमा पनि बुढाबुढी, देखि युवा, युवती र केटाकेटीहरू समेतको समान सहभागिता रहेको पाईन्छ ।

यहाँका लिम्बूहरूको मातृभाषा लिम्बू भाषा नै हो भने अन्य जातिहरूसँगको सम्पर्क भाषा भने नेपाली भाषा हो । यहाँका लिम्बू जातिहरू नेपाली भाषा र लिम्बू भाषा दुवैमा बरावर कुराकानी गर्न

सक्दछन् । अर्थात यिनीहरू द्बिभाषिक पद्धतिको पनि प्रयोग गर्दछन् । यस गाउँको सामाजिक जीवनमा लिम्बू संस्कृतिको प्रभाव क्षेत्री ब्राह्मणको समाजमा र क्षेत्री ब्राह्मणको संस्कृतिको. प्रभाव लिम्बू संस्कृतिमा पनि परेको देखिन्छ । यस गाउँमा पुरुषहरूले दौरा, सुरुवाल, डाका टोपी लगाउँदछन भने महिलाहरूले गुन्यू, चोली, पटुका, ढुङ्गी, मुन्द्री, बुलाकी लगाउँछन् तर आजका पिडिमा यस्तो पोशाकको प्रयोग खासै देखिदैन उनीहरू आधुनिक पोशाकमा रमाउँन थालेका छन । यस गाउँलाई पनि आधुनिकीकरण र पश्चिमीकरणको प्रभाबले छोएको देखिन्छ । यस गाउँको सामाजिक सांस्कृतिक अवस्थामा पहिलेको तुलनामा अहिलेको अवस्थामा धेरै परिवर्तन वा सुधार आउँन लागेको देखिन्छ ।

**४.२.१.५. आम्चोक गा.बि.स. वडा न. २ 'रातमाटे' का लिम्बूहरूको घरको बनावटको बर्तमान अवस्था ।**

आम्चोक गा.बि.स. वडा न. २ 'रातमाटे' का लिम्बूहरूको घरको बनावटको बर्तमान अवस्था यस प्रकार रहेको पाइएको छ ।

प्राय गरी लिम्बूहरू गुजुमुज्ज र बाक्लो घर बनाएर बस्न रुचाउछन् । यदाकदा घरहरू छरिएर रहेका पनि छन् । यही प्रवृतिका घरबस्तीहरू आम्चोक गा.वि.स. वडा नं.२ 'रातमाटे' का लिम्बूहरूमा पनि रहेको देखिन्छ । यस वडामा ३ वटा टोल निक्कै वाक्लो र झुरुप्प पारेर बनाइएको छ । घरहरू प्राय होचा, साना र एकतला वा दुइतला भएका छन् धेरैजसो घरहरूमा फुस्को छानाहरू रहेका छन् भने केहि घरहरूमा टिनको छानाहरू पनि रहेका छन् । घर अगाडि लाछी निकालिएका र सिकुवा राखिएका छन् । घरको नजिकै सुंगुर, कुखुरा र बाख्राको खोर बनाइएको छ भने गाई, भैसी, गोरु राख्ने गोठ वा कटेरो पनि घरको नजिकै बनाइएको छ । सबैको घरको सिकुवामा ढिकी, जाँतो अनिवार्य रुपमा रहेको पाइएको छ । २०४५ सालको भूकम्प पछि निर्माण भएका घरहरू प्रायगरीः दुई तले वा भुईंमा गाह्रो लगाएको र अघिल्लो तला सेन्टीवेरा गरेको लाछी नभएको तर गोबिन्द निकालिइएका छन । यहाँका प्रायजसो सबै घरहरू माटो, ढुंगा र काठबाट नै बनेका छन् र कर्कट पाताले छाइएका घरहरू पनि निकै मात्रामा रहेको पाइन्छ । यस वडामा बसोवास गर्ने अन्य जातिको घरको प्रकारहरू पनि लिम्बू जातिको जस्तै नै रहेको छ ।

**तालिका नं. ८ आम्चोक गा.बि.स. वडा न. २ का लिम्बू जातिका घरहरूको बनावटको आधरमा वसोवास बिबरण  यस प्रकार रहेको छ ।**

| घरको विवरण | ढुंगामाटोको जोडाई खरको छाना भएकोमा वस्ने | ढुंगामाटाको जोडाई टिनकोछाना भएकोमा बस्ने | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ तले | ३ | १५ | १८ | ३६% |
| २ तले | ८ | २४ | ३२ | ६४% |
| जम्मा | ११ | ३९ | ५० | १००% |

स्रोतः- स्थलगत अध्ययन-२०६७ कार्त्तिक ।

माथिको तालिकाबाट के देखिन्छ भने यस वडामा नमुना छनौटमा परेका ५० परिवार वा ६४% मध्येका लिम्बूजातिका मानिसहरू सबै भन्दा बढी २ तले घरमा बस्ने गरेको पाइयो भने सवै भन्दा कम १ तले घरमा बस्ने ३६% रहेका छन् । खरको छाना भएका घरहरूमा बस्ने ११ परिवार रहेका छन भने टीनको छाना भएका घरहरूमा जम्मा ३९ परिवार रहेका छन् । यस तालिकाबाट के स्पष्ट हुन्छ भने यिनीहरूका घरहरूको वनावटमा क्रमश सुधार आइरहेको पाइएको छ । यसै गरी अन्य जातिको घरको बनावट पनि लिम्बू जातिको जस्तै नै रहेको छ ।

**४.२.१.६. आम्चोक गा.बि.स. वडा न. २ का  लिम्बू जातिको भाषाको बर्तमान अवस्था**

आम्चोक गा.बि.स. वडा न. २ का  लिम्बूहरूको मातृभाषा लिम्बू भाषा नै हो भने अन्य जातिहरूसँगको सम्पर्क भाषा भने नेपाली भाषा ने रहेको छ । हाल आएर जाति भित्रकै युवाहरू पनि बढी जसो अग्रेजी भाषा उच्चारण गर्न मन पराउँदछन् । अन्य जातिहरू भने लिम्बू जातिसँग कुराकानी गर्दा नेपाली भाषासँग  लिम्बू भाषा मिसाएर कुराकानी गर्न मन पराउँदछन् । प्रा.वि.तहमा ऐच्छिक विषयको रुपमा लिम्बूहरूको मातृ भाषामा पनि पठनपाठन हुन थालेकोले विद्यालय उमेर समूहका नानीहरूमा पनि लम्बू भाषाको प्रयोगको सम्बन्धमा सकारात्मक सन्देश परेको देखिन्छ।

**तालिका नं. ९ आम्चोक गा. बि. स. वडा न. २ मा भाषागत जनसंख्या विवरण यस प्रकार रहेको छ ।**

| क्र.सं | भाषागत बिवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लिम्बू भाषामात्र प्रयोग गर्ने । | ५ | १०% |

| | | | |
|---|---|---|---|
| २ | नेपाली भाषा मात्र प्रयोग गर्ने । | ४ | ८% |
| ३ | लिम्बू भाषा र नेपाली दुवै भाषाको प्रयोग गर्ने । | २६ | ५२% |
| ४ | लिम्बू भाषा वुझ्ने तर नेपाली भाषा मात्र बोल्ने सक्ने | ५ | १०% |
| ५ | नेपाली भाषा वुझ्ने तर लिम्बू भाषा मात्र वोल्न सक्ने | १० | २०% |
| जम्मा | | ५० | १००% |

श्रोत :स्थलगत अध्ययन :- २०६७ कार्त्तिक ।

यस तालिकाबाट के प्रष्ट हुन्छ भने लिम्बू भाषा मात्र बुझ्ने र प्रयोग गर्ने ५ जना अर्थात् १०% र बाँकी ४५ जना वा ९०% ले लिम्बू भाषा र नेपाली भाषा दुबै बुझ्ने गर्दछन् । यसै गरी लिम्बू भाषा बुझ्ने तर नेपाली भाषा मात्र बोल्न सक्ने ५ जना वा १०% रहेका छन् । यिनीहरू सबै लिम्बू जाति भन्दा अलग यस वडामा बसोवास गर्ने अन्य जातिका मानिसहरू पर्दछन् । यसमा पनि नेपाली भाषा मात्र बोल्नेको संख्या ४ जना वा ८% रहेको छ यो समुह भनेको बाहुन परिवारको बुढा-पाकाको समुह पर्न जान्छ । यसलाई लिम्बू भाषामा अत्यन्तै ठूलो परिवर्तन आएको मान्नु पर्ने हुन्छ ।

### ४.२.१.७ राजनैतिक अवस्था

नेपालको राजनैतिक इतिहाँसलाई हेर्ने हो भने परापुर्बकालदेखि नै नेपालमा मंगोलियन मूलका किराँत राजाहरूले राज्य गरेको एउटा युग नै पाउँन सकिन्छ । त्यो भन्दा पछि पनि पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियान अघि सम्म अरुण पुर्ब वा नेपालका पुर्बी जिल्लाहरूमा दश लिम्बूवान राजाहरूले राज्य गरेको प्रमाणहरू पुराना लेख-रचना र अभिलेखहरू प्रशस्तै मात्रामा पाउँन सकिन्छ । म.र.व. क्याम्पस इलामका **सह-प्राध्यापक मोहनसिंह थेबे**, (२०६७) का अनुसारः- “पञ्चायतकाल देखि बर्तमान नेपालको २०६२/०६३ को जनआन्दोलन पछि स्थापित लोकतान्त्रिक गणतन्त्रको अवस्था सम्मलाई हेर्ने हो भने पनि गहन र जिम्मेवारीपूर्ण पदहरूमा पनि लिम्बूहरूले प्रतिनिधित्व गरी कार्य गरेको पाइएको छ तर यो प्रतिनिधित्व कुनै वर्गीय र जातिय प्रतिनिधित्व नभई कुनै पनि दलिय वा पार्टीगत प्रतिनिधित्व भएको पाइएको छ । त्यसैले हाल नेपालमा २०६२/०६३ को जनआन्दोलन पछि स्थापना भएको लोकतान्त्रिक गणतन्त्रपछि भने लिम्बूहरू सचेत भई केन्द्रको शासन सत्तालाई लिम्बूवान राज्यमा संघियताको माध्यमबाट बिकेन्द्रिकरण गरी स्वयत्त लिम्बूवान राज्यमा शासन ब्यवस्था लिम्बूवान राज्यबाट नै सञ्चालन गर्ने र आफ्नो गुमेको राज्य सत्ता फिर्ता गर्न र किपट भूमि फिर्ता गर्नको लागि अरुण पुर्बका नौ जिल्लाहरूमा स्वयत्त लिम्बूवान राज्यको माग गर्दै सरकार समक्ष बिभिन्न ज्ञापनपत्र

बुझाउँदै चरणबद्व रुपमा आन्दोलनहरू गर्दै वा पटक-पटक भोक हड्ताल पनि गर्दै आएका छन । यो उनीहरूको माग पुरा हुने कुरामा उनीहरू बिश्वस्त भएको पनि बताउँदछन ।”

यसै गरी इलाम जिल्ला आम्चोक गा.विं.स. वडा न २ का लिम्बू जातिको राजनैतिक अवस्थाका सम्बन्धमा किराँत धर्म-साहित्य उत्थान संघका अध्याक्ष **श्री डकेन्द्र सिंह थेगिम,** (२०६७) **को** भनाई यस्तो रहेको छ कि “लिम्बू जाति कुनै पनि सरकारी निकायबाट सुबिधा बञ्चित अवस्थामा रहेको छ । राजनीति सम्बन्धि नगन्यलाई मात्र ज्ञान छ । पार्टीको नाम अधिकांशलाई थाहा छ । मानौ मतदान गर्नेहरू मध्ये ९०% लाई मात्र पार्टीको नाम सम्म मात्र थाहा छ  र त्यसै अनुसार मतदान गर्दछन । राजनीतिमा महिलाको सहभागिता भने अति नै न्युन रहेको छ । स्थानीय निकायमा बिभिन्न पार्टी बिधान अनुरुप नै आ–आफ्नै किसिमले पद धारण गर्ने चलन रहेको छ तर जातिय पक्षको प्रतिनिधित्व भने चेतनाको कमिले केहि कम मात्रमा पाउँन सकिन्छ । यो गाउँका लिम्बू जातिमा हालको अवस्थामा भन्ने हो भने राजनैतिक प्रभाव त्यति सकारात्मक परेको देखिदैन । लिम्बूवान स्वयत्त गणराज्यको माग राख्नुको मुख्य कारण ऐतिहाँसिक पृष्ठभूमि नै हो र समाज परिचालनमा समाबेशी शैली र जनसंख्याको आधार पनि हो । पार्टीगत राजनीति र लिम्बूवान राजनीतिमा अहिलेको अवस्थामा खासै फरक परेको देखिदैन । लिम्बूवान एउटा भूमिको नाम हो । त्यो भूमिमा बस्ने लिम्बूवान जनताका सबै हक अधिकार सुनिश्चित हुनुपर्दछ भन्ने माग रहेको छ । लिम्बूवान स्वयत्त गणराज्यको माग त्यस बेलादेखि भयो जुनबेला केन्द्रीकृत सरकारले लिम्बूवानी जनताको पुर्बको संन्धि-सम्झौता बिपरित हक अधिकार खोस्यो त्यसै बेलादेखि नै प्रत्यक्ष वा अप्रत्यक्ष रुपले लिम्बूवान राज्यको माग शुरु भयो । बि.स. २०१३ सालमा लिम्बूवान तर्फबाट आत्म निर्णयको अधिकार, लिम्बूको हक अधिकारहरू माग गर्न जाने प्रतिनिधि मण्डलमा निम्न ब्यक्तिहरू रहेका छन् जसको नाम यस प्रकार रहेका छन् :- श्याम ब. फागो, कुल ब. आङदेम्बे, मन प्र. राई, नरेन्द्र ब. इङवा, दीप ब. राई, प्रेम भक्त खेवा, आइन्द्र ब. आङदेम्बे, गणेश ब. थाम्सुहाङ, पुर्ण ब. थेबे, दल ब. पतङवा, कृष्ण ब. थाङदेन नन्द प्र. खेवा, इमानसिंह चेम्जोङ, ललित ब. तुम्हाम्फे, बल ब. चेम्जोङ्ग, डलसिं सेन, बम प्र. माझिया, मु.कृष्ण ब. लावती  बृजहाङपति जबेगु, मे. सन्तोष कुमार राई, तिल ब. लक्सम, प्रेमराज आङदेम्बे, देबी प्र.नेम्बाङ र गम्बिर जबेगु आदि ब्याक्तिहरू काठमाण्डौ गई श्री ५ महेन्द्र समक्ष आफ्ना माग राखेका थिए तर त्यो माग पुरा हुन सकेको छैन ।”

"लिम्बूवान गणराज्यको माग सफल भैसकेको छैन त्यसैले यसको संरचना कस्तो हुन्छ भन्ने कुराको मुल्याङ्गन भैसकेको छैन । लिम्बूवान स्वायत्त गणराज्यको सामाजिक संरचना यस्तो रहेको छ की समाबेशी प्रतिनिधित्व समान हक अधिकारको ग्यारेन्टी ( शिक्षा, स्वस्थ्य, सुरक्षा, सामाजिक, आर्थिक आदि सबै पक्षमा ) लिम्बूवान स्वायत्तता हुनु पर्दछ भन्ने रहेको छ ।" भन्ने जानकारी उहाँबाट पाइएको छ ।

सामान्य रुपमा भन्नु पर्दा यस  अध्ययनले के देखाउँछ भने केहि शहरी क्षेत्रमा बसोबास गर्ने र सुबिधा सम्पन्न लिम्बूहरू दलिय, पार्टीगत वा जातिगत राजनितिमा अगाडि देखिए तापनि आन्तरिक अनुसन्धानमा भने अन्य उपल्ला जातिको तुलनामा लिम्बू जातिको राजनैतिक  सहभागिता र प्रतिनिधित्व अति न्युन नै रहेको तथ्य यस अध्ययनबाट पाइएको छ । यसै गरी यस वडामा वसोवास गर्ने अन्य जातिको पनि कुनै पनि पदमा राजनैतिक सहभागिता नरहेको जानकारी यस अध्ययनबाट पाइएको छ ।

समग्रतामा अध्ययनको निष्कर्ष भने यस्तो रहेको छ कि लिम्बूहरू राजनैतिक क्षेत्रमा पनि अग्रसर नै  रहेको पाउँन सकिन्छ तर आम्चोक गा.बि.स. वडा नं. २ का लिम्बू जाति भने रानैतिक रुपमा पिछडिएको तथ्य यस अध्ययनबाट पुष्टि भएको छ ।

यसरी सामान्य रुपमा इलाम जिल्ला आम्चोक गा.बि.स. वडा न. २ का लिम्बू जनजातिको राजनैतिक पक्षको अध्ययन, अनुसन्धान गरी यसबाट प्राप्त जानकारी वा तथ्यांङ्कहरूलाई  यो शोधपत्रमा प्रस्तुत गरिएको छ ।

**४.२.१.८. शैक्षिक अवस्था** स्थलत अध्ययनका क्रममा प्राप्त जानकारी अनुसार इलाम जिल्ला आम्चोक गा.बि.स. वा आम्चोक गा.बि.स. वडा न. २ का लिम्बू जातिको शैक्षिक अवस्था यस  प्रकार रहेको पाइएको छ ।

यसै सन्दर्भमा किराँत धर्म तथा साहित्य उत्थान संघका अध्यक्षः- **श्री डकेन्द्रसिं थेगिम,** (२०६७) **ले** दिएको जानकारी अनुसार यस वडाका लिम्बू जातिको शैक्षिक अवस्थाको जानकारी यस प्रकार रहेको पाइएको छ ।

**थेगिमका** अनुसार :- "लिम्बू जातिमा तुलनात्मक रुपमा शैक्षिक अवस्था अति नै कमजोर रहेको छ ।  एस.एल.सी. भन्दा तल अध्ययन गर्नेको संख्या सर्बाधिक रहेको भए तापनि  त्यस भन्दा माथिका तहहरूमा क्रमश कम संख्यामा रहेको छ । तापनि पहिलाको तुलनामा हालको अवस्थामा शैक्षिक

अवस्था सुधारोन्मुख नै रहेको पाइएको छ । यस वडा न. २ बाट बिद्यार्थी संख्या कति छ भन्ने कुराको एकिन जानकारी हुन नसके तापनि प्रा.बि. तह उमेरका लिम्बूजातिका बालबालिकाहरू भने ९५% अध्ययनरत रहेको पाइएको छ । शिक्षामा छोरा र छोरीको शिक्षालाई बराबरी महत्व दिइएको छ । वर्तमान अवस्थामा लिम्बू जातिको बिशुद्व मातृ भाषामा शिक्षा दिने बिद्मालयहरू पनि नगन्य मात्रामा रहेका छन भने सामुदायिक बिद्मालयहरूमा मातृ भाषामा पठन, पाठन हुने बिद्मालयहरूको संख्या २०६८ सालको शैक्षिक सत्रदेखि अत्याधिक हुने सम्भाब्यता रहेको छ । करिब लिम्बूवानका नौवटै जिल्लाहरूमा जहाँ लिम्बूहरूको वसोवास बढी छ । त्यहाँका बिद्मालयहरूमा मातृ भाषामा पठन, पाठन गराउँने किराँत धर्म तथा साहित्य उत्थान संघको बृहत योजना रहेको छ तर अहिले नै संख्या एकिन गर्न भने सकिदैन । यसको वास्तबिक तथ्य २०६८ साल भरीमा उपलब्ध हुने सम्भावना रहेको छ । शिक्षामा महिला र पुरुषको पहुँच समान रहेको छ । हाल यस वडामा २०४० सालमा एउटा प्रा.बि खुलेको छ । शिक्षा क्षेत्रमा यसको प्रभाब सकारात्मक नै परेको देखिन्छ । छोरा र छोरीको शिक्षालाई समानताको दृष्टिले हेर्ने गरिन्छ । यस वडामा राष्ट्रिय साक्षरता अभियान अन्तरगत प्रौढलाई शिक्षा दिने भनेको भए तापनि प्रौढहरूले भने त्यति चासो नदिएको अवस्था देखिन्छ । मेरो बिचारमा शिक्षा भनेको 'उज्यालो ज्योति' हो जस्तो लाग्दछ, जसले हरेक अन्धकारलाई हटाउँने काम गर्दछ । बिगतको भन्दा हालको अवस्थामा यस गाउँको शिक्षामा अग्रगामी परिबर्तन आएको पाइएको छ' ।

यसरी यस गा.बि.स. को वडा न. २ को शिक्षाको बारेमा सामान्य जानकारी दिई यस शोधपत्रको अध्ययनलाई सहयोग गर्ने काम उहाँबाट भएको छ ।

यसै गरी श्री कालिका देबी प्रा.बि आम्चोक २ 'रातमाटे' मा शिक्षण पेशामा कार्यरत **प्रधानाध्यपक श्री देउ कुमार थापा, (२०६७) ले** दिएको प्रत्यक्ष जानकारी अनुसार यस वडाका लिम्बू जातिको शैक्षिक अवस्था यस प्रकार रहेको जानकारी पाइएको छ । बि. स. २०४० मा **'श्री कालिका देबी प्रा. बिं. आम्चोक २. 'रातमाटे'** को स्थापना भएको हो यहाँ कार्यरत शिक्षकहरूका अनुसार :- यस बिद्मालयमा अध्ययन गरेका बिद्मार्थीहरू स्नातक तह सम्म अध्ययन गर्न पुग्नु पर्ने हो तर पुगेका छैनन् । शुरूमा यो बिद्मालय निजि स्तरबाट सञ्चालन गरिएको थियो । पछि गएर जिल्ला शिक्षा कार्यालय इलामबाट स्वीकृत प्राप्त भयो । यो बिद्मालय कक्षा एकबाट शुरु भएको हो शुरुमा यहाँ अध्ययन गर्ने बिद्मार्थी संख्या २५–३० जना मात्र रहेको थियो । यस वडामा ५०% जनता निरक्षर रहेका छन । यस

वडामा एस.एल.सी. वा प्रमाणपत्र तह उत्तीर्ण गर्नेको संख्या १३ जना मात्र रहेको छ भने, स्नातक तहमा ४–५ जना मात्र पुगेको पाइन्छ ।

यस बिद्यालयमा लिम्बू समुदायबाट जम्मा बिद्यार्थी संख्या १२० जना छन जसमा लिम्बू जातिका ९५% वा ११४ जना अध्ययनरत रहेका छन भने अन्या जातिका बिद्यार्थीहरू मा ५% वा ६ जना रहेका छन् । हालको अवस्थामा महिलाको शिक्षालाई बढी प्राथमिकता दिइएको पाइन्छ । महिला र पुरुषको स्तरको आधारमा शिक्षामा समान पहुच रहेको पाइन्छ । हालको अवस्थामा लिम्बू भाषाका बिद्यालयहरू छैनन् तर पनि १०० पूर्णाङ्कको मातृ भषा वा लिम्बू भाषामा पढाई भैरहेको छ । यो मातृ भाषा अध्यपन गर्नको लागि एक जना मातृ भाषाको वा लिम्बू भाषाका शिक्षक राहत कोटाबाट राखिएको छ । यहाँ २०६०/०६१ सालमा प्रौढ शिक्षाको कार्यक्रम पनि संचालन भयो यसले बढी भन्दा बढी बृद्ध/वृद्धा र महिलाहरूलाई शिक्षित बनायो । यसलाई फेरि पनि सञ्चालन गर्न आबाश्याक छ तर यो कार्यक्रम सरकारी कोटा अभाबका कारण रोकिएको छ । हालको अवस्थामा कुनै पनि बालबालिका शिक्षा लिनबाट बञ्चित छैनन् तर अबिभावक भने धेरै नै अशिक्षित रहेका छन् । अशिक्षाकै कारण यहाँका जनताले स्वास्थलाई त्यति ध्यान दिइएको पाइदैन । यहाँका मानिसहरू झाडा-पखाला ,रुघाखोकी ,आउँ आदि रोगबाट ग्रसित भएको पाइन्छ । यहाँ बिशेषत गर्मी याममा यस्ता रोगहरू देखा पर्ने गर्दछन् । कुनै रोग लागेमा यिनीहरू अस्पताल वा कुनै डाक्टरकोमा जानुको बदलामा धामी वा पूजारीकोमा बिश्वास राख्ने गर्दछन । खाने पानी भने पाइपद्वारा कसै-कसैले मात्र घरमा लगेका छन् भने धेरैजसोले कुवा र धाराको पानी प्रयोग गर्ने गर्दछन । बिशेषत यहाँ थोरैले खाल्डे र अधिकांसले खोल्सी र पाखे चर्पीको प्रयोग गर्दछन । खाना पकाउँनको लागि सबैले दाउराको नै प्रयोग गर्दछन । बच्चालाई पारिवारिक खाना नै ख्वाउँने गरिन्छ भने निम्न स्तरको स्याहार सम्हारमा राख्ने गरिन्छ ।"

"गर्भवतीलाई आवश्यक्ता अनुसार स्वास्थ्य चौकी लाने गरिन्छ । यस वडामा महिला स्वयं सेबिका पनि २ जना महिला रहेका छन । जनचेतना सम्बन्धि कार्यक्रमहरू पनि भैरहन्छन् जस्तोः– भिटामिन, जुका, प्रसुती सेवा, पोलियो, महामारी रोग सम्बन्धि कार्यक्रमहरू आदि रहेका छन ।" यसरी उहाँले यस वडाको शिक्षाको बिषयमा जानकारी दिनु भएको छ ।

बर्तमान अवस्थामा यस वडामा रहेको श्री कालिका देबी प्रा.बि आम्चोक २ राटमाटेको शैक्षिक अवस्था यस प्रकार पाइएको छ ।

**तालिका नं. १०, २०६४/०६५ सालमा श्री कालिका देबी प्रा.बि आम्चोक २ 'रातमाटे' को बिद्यार्थी बिवरण यस प्रकार रहेको छ ।**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| १ | १५ | ८ | २३ |
| २ | ६ | १२ | १८ |
| ३ | ११ | ८ | १९ |
| ४ | १० | १० | २० |
| ५ | ६ | ७ | १३ |
| कुल | ४८ | ४३ | ९३ |

स्रोतः- स्थलगत अध्ययन २०६७ कार्त्तिक ।

मथिको तालिकामा यस वडाको बिद्यालयमा २०६४/०६५ सालमा अध्ययन गर्ने कुल बिद्यार्थी संख्या ९३ जना रहेको छ भने यसमा ९० जना लिम्बू जातिका बिद्यार्थी संख्या वा ९७% रहेको पाइएको छ भने अन्य जातिको बिद्यार्थी संख्या ३ जना वा ३% मात्र रहेको जानकारी यो अध्ययनबाट पाइएको छ ।

**तलिका नं. ११. शैक्षिक-सत्र २०६५-२०६६ मा श्री कालिका देबी प्रा.बि आम्चोक २ राटमाटेको बिद्यार्थी तथ्याङ्क यस प्रकार पाइएको छ ।**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| १ | १६ | ८ | २४ |
| २ | ९ | ४ | १३ |
| ३ | ९ | ११ | २० |
| ४ | ८ | ९ | १७ |
| ५ | ९ | ७ | १६ |
| कुल | ५० | ३८ | ९० |

स्रोतः-स्थलगत अध्ययन २०६७ कर्त्तिक ।

मथिको तालिका अनुसार यस बिद्यालयमा कुल बिद्यार्थी संख्या ९० जना रहेको जानकारी पाइएको छ जसमा लिम्बू जातिको बिद्यार्थी संख्या ९८% वा ८८ जना रहेका छन भन अन्य जातिका बिद्यार्थी २% वा २ जना मात्र रहेको जानकारी यस अध्ययनबाट पाइएको छ ।

**तलिका नं. १२ शैक्षिक-सत्र २०६६/०६७ मा श्री कालिका देबी प्रा.बि आम्चोक २ राटमाटेमा अध्ययनरत बिद्मार्थी संख्याको अवस्था यस प्रकार रहेको पाइएको छ ।**

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| १ | १३ | १० | २३ |
| २ | ३ | ७ | १० |
| ३ | ५ | ९ | १४ |
| ४ | १० | ८ | १८ |
| ५ | ७ | ७ | १४ |
| कुल संख्या | ३८ | ४१ | ७९ |

स्रोत :- स्थलगत अध्ययन २०६७ कार्तिक ।

यस तालिका अनुसार यस बिद्यालयमा २०६६/०६७ मा यस बिद्यालयमा अध्ययनरत बिधार्थी बिवरण यस प्रकार रहेको पाइएको छ । यस बिद्यालयमा अध्ययनरत कुल बिधद्यार्थी संख्या ७९ जना रहेका छन जसमा लिम्बू जातिका बिद्यार्थी संख्या ७५ जना वा ९५% र अन्य जातिका बिद्यार्थी संख्या ४ जना वा ५% रहेको जानकारी यस अध्ययनबाट प्राप्त भएको छ । यस तालिकाका अनुसार :- कक्षा १ मा अध्ययनरत छात्राको संख्या १० जना र छात्रको संख्या १३ गरी जम्मा बिद्मार्थी संख्या २३ जना रहेका छन । यस्तै गरी कक्षा २ मा छात्रा ७ जना र छात्र ३ जना गरी जम्मा १० जना बिद्मार्थी रहेका छन् भने कक्षा ३ मा छात्र ५ जना र छात्रा ९ जना गरी जम्मा बिद्मार्थी गरी जम्मा संख्या १४ जना रहेका छन् , कक्षा ४ मा पनि छात्र १० जना र छात्रा ८ जना गरी जम्मा बिद्मार्थी संख्या १८ जना रहेको छ । साथै कक्षा ५ मा भने छात्रा संख्या ७ जना र छात्र संख्या पनि ७ जना गरी जम्मा बिद्मार्थी संख्या १४ जना रहेको जानकारी पाइएको छ । यसरी यस बिद्मालयमा कुल बिद्मार्थी संख्या भने ७९ जना रहेको जानकारी यो अध्ययनबाट प्राप्त भएको छ ।

यस अध्ययनबाट प्राप्त जानकारी अनुसार, छात्र भन्दा छात्राको संख्या बढी रहेको पाइएको छ । यसरी यस बिद्मालयमा कुनै-कुनै कक्षामा छात्रको भन्दा छात्राको संख्या किन बढी भयो भनि आन्तरिक मुल्याङ्कनका आधारमा शिक्षक वा अविभावकहरूलाई प्रश्न गर्दा छोराहरूलाई यसै गा.बि.स. को वडा न. ३ मा रहेका बोर्डिङ्ग स्कुलहरूमा प्राय गरी धेरै जनाका छोराहरू पढ्न जाने गर्दछन् र छोरीहरू भने यहि सरकारी बिद्मालयमा नै पढ्दछन् । भन्ने जानकारी आन्तरिक

अनुसन्धानबाट पाइएको छ । यसबाट के स्पष्ट हुन्छ भने बाह्य रुपमा छोरीको शिक्षालाई प्राथमिकता दिएको देखिए तापनि आन्तरिक रुपमा भने छोराको शिक्षालाई नै बढी महत्व दिने गरेको जानकारी यस अध्ययनबाट प्राप्त भएको छ।

यसरी समान्य रुपमा यस वडाको शैक्षिक जानकारीको अध्ययन अनुसन्धान गरी यसबाट प्राप्त तथ्याङ्कलाई यस शोधपत्रमा प्रस्तुत गरिएको छ ।

यसै गरी यस बिद्यलयमा कार्यरत शिक्षकहरूको अवस्था यस प्रकार रहेको पाइएको छ । शिक्षक ३ जना शिक्षिका २ जना जम्मा ५ जना जसमा राहत शिक्षक (लिम्बू) एक जना रहेको तथ्याङ्क पाइएको छ ।

**तालिका नं. १३ आम्चोक गा. बि. स. वडा न. २ का लिम्बू जातिको साक्षरता र निरक्षताको बर्तमान अवस्था**

| विवरण | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| साक्षर | १८ | २० | ३८ | ७६% |
| निरक्षर | ७ | ५ | १२ | २४% |
| जम्मा | २५ | २५ | ५० | १००% |

स्रोतः- स्थलगत अध्ययनः- २०६७ कार्त्तिक ।

यस तालिका अनुसार नमुना छनौटमा परेका ५० जना मध्ये महिला २५ जना र पूरुष २५ जना मध्ये पूरुष ५ जना र महिला ७ जना गरी जम्मा १२ जना अर्थात् २४ प्रतिशत निरक्षर रहेको पाइयो साथै पुरुष २० जना र महिला १८ जना गरी जम्मा ३८ जना अर्थात ७६ प्रतिशत साक्षरता दर रहेको कुरा यो अध्ययनबाट जानकारी प्राप्त भएको छ । यस वडाको साक्षरताको अवस्था हेर्ने क्रममा लिम्बू जातिमा भन्दा बाहुन जातिको साक्षरता अवस्था केहि मात्रामा राम्रो रहेको जानकारी यस अध्ययनबाट पाइएको छ । दर्जी जातिको भने लिम्बू जाति समान नै साक्षरता र निरक्षरता दर रहेको जानकारी पाइएको छ ।

**तालिका नं. १४ आम्चोक गा. बि. स. वडा न. २ का लिम्बू जातिको तहगत साक्षरता र निरक्षताका शैक्षिक अवस्था**

| तह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| कक्षा ५ | ३ | ४ | ७ | २१.२१ % |
| कक्षा ८ | ६ | ६ | १२ | ३६.३६ % |
| एस.एल.सी. | ३ | ३ | ६ | १८.८ % |
| प्रमाण पत्र तह | १ | ४ | ५ | १५.१५ % |
| स्नातक तह | १ | २ | ३ | १२.१२ % |
| स्नातकोत्तर | | १ | १ | ३.०३ % |
| जम्मा | १३ | २० | ३३ | १००% |

स्रोतः- स्थलगत अध्ययन :- २०६७ कार्त्तिक ।

यस तालिका अनुसार - नमुना छनौटमा परेका मध्येको शैक्षिक अवस्था यस प्रकार रहेको पाइएको छ । कक्षा ५ मात्र उत्तीर्ण गर्ने महिला ३ जना र पुरुष ४ जना, कक्षा ८ उत्तीर्ण गर्ने महिला ६ जना र पुरुष ६ जना, एस.एल.सी. उत्तीर्ण गर्ने महिला ३ जना र पुरुष ३ जना, प्रमण-पत्र तह उत्तीर्ण गर्ने महिला १ र पुरुष ४ जना रहेका छन्, भने स्नातक तह उत्तीर्ण गर्ने पुरुष २ जना महिला २ जना र स्नातकोत्तर तह उतीर्ण गर्ने पुरुष १ जना छन् भने पि.एच.डि. उत्तीर्ण गर्नेको संख्या शून्य नै रहेको देखिन्छ । यहाँ तहगत रुपमा शिक्षाको अवस्था हेर्ने क्रममा भने लिम्बू जाति र अन्य जातिको शैक्षिक स्तर समानतामा नै रहेको जानकारी पाइएको छ ।

यसरी सामान्य रुपमा आम्चोक गा.बि.स. वडा न. २ वा अध्ययन क्षेत्रको शैक्षिक अवस्थाको अध्ययन, अनुसन्धान गरी यसबाट प्राप्त जानकारीलाई यस शोधपत्रमा प्रस्तुत गरएिको छ ।

**४.२.१.९ लैङ्गिक अवस्था**

साधारण अर्थमा लैङ्गिक पक्ष भन्नाले महिला र पुरुषको जैबिकीय वा प्राकृतिक अवस्थालाई मात्र जनाउने गर्दछ वा प्राकृतिक र शारीरिक अवस्थाका आधारमा लिङ्ग छुट्याउने गरिन्छ । लैङ्गिक अध्ययनका आधारमा भने प्राकृतिक लिङ्ग र सामाजिक लिङ्गका आधारमा अध्ययन वा अनुसन्धान गर्नु पर्ने हुन्छ ।

**प्राकृतिक लिङ्ग** :- जसलाई सामान्य भाषामा लिङ्ग पनि भन्ने गरिन्छ । जसले महिला र पुरुषलाई लिङ्गका आधारमा वा जैबिकीय आधारमा फरक छुट्याउने गरेको हुन्छ ।

**सामाजिक लिङ्ग** :- सामाजिक लिङ्ग भन्नाले महिला र पुरुषमा समानता वा समान अधिकार रहने भन्ने जानकारी पाउँने गरिन्छ ।

नेपाली समाजमा महिलाको स्थान त्यति राम्रो र ब्यवस्थित पाउँन सकिदैन । बि स. २०४६ साल पछि बनेको नेपाल अधिराज्यको संबिधान २०४७ ले लिङ्गका आधारमा महिला र पुरुषलाई समान रुपले हेर्ने कानुनी मान्यताको ब्यवस्था गरेको छ । यसै सन्दर्भमा ३३% महिलालाई अनिबार्य रुपमा राष्ट्रिय स्तरको निर्बाचन वा स्थानिय निकायको निर्वाचनमा पनि अनिबार्य रुपमा सहभागी हुनु पर्ने कानुनी ब्यावस्था गरेको छ । त्यस पछि महिलाले परिबर्तन सम्बन्धी कार्यहरू शुरु गरे । दिनप्रतिदिन महिला चेतनाको बिकास हुन थाल्यो । वर्तमान नेपालमा पनि महिलाको अवस्थामा सकारात्मक परिवर्तन र सकारात्मक परिवर्तनका लागि बिबिध माध्यमहरूको बिकास हुदै गएको छ ।

बि.स. २०६२-०६३ को शाही सत्ता बिरुद्वको जनआन्दोलनमा पनि महिलाको अतुलनिय भुमिका रहेको छ । वर्तमानको संबिधान सभामा पनि सबै पार्टीबाट ३३% महिलाहरू प्रत्याक्ष निर्बाचनमा सहभागी भएका छन् भने सबै पार्टीबाट समानुपातिक रुपमा सबै बर्ग र जातिका ३३% महिलाहरूलाई मनोनित गरी संबिबधान सभामा सहभागी गराइएको छ ।

यो अध्ययन अनुसन्धानमा इलाम जिल्ला आम्चोक गा.बि.स.२ का लिम्बू जातिको लैङ्गिक अवस्थाको अध्ययन गरिएको छ । यस क्षेत्रका लिम्बुजातिको लैङ्गिक अवस्थाको तथ्यांङ्क सम्भब भएसम्म खोजी गरी यस शोधपत्रमा प्रस्तुत गरिएको छ । जो यस प्रकार रहेको छ ।

यो शोधपत्र तयार पार्दा स्थलगत अध्ययनका शिलशिलामा प्राप्त गरेको जानकारीका आधारमा अध्ययन क्षेत्रका वा इलाम जिल्ला आम्चोक गा.बि.स. वडा नं. २ का लिम्बू जातिको लैङ्गिक अवस्था वा महिलाको अवस्थाका बारेमा यस प्रकारको जानकारी पाइएको छ ।

किराँत धर्म तथा साहित्य उत्थान संघका अध्यक्ष **श्री डकेन्द्र सिं थेगिम,** (२०६७) का अनुसार :- “लिम्बू जातिमा महिला र पुरुषको सम्बन्ध सुमधुर रहेको हुन्छ । आधा आकाश पुरूषको र आधा आकाश महिलाको भन्ने पूर्ण मान्यता सधै रहेको हुन्छ । लिम्बू समाज मातृ-सतात्मक समाज भएकोले कुनै पनि पारिवारीक वा सामाजिक कार्यको लागि महिलाको निर्णयलाई नै बिशेष मान्यता दिने गरिन्छ । कुनै पनि घरायासी वा सामाजिक कार्यको निर्णयमा पनि महिलाको निर्णयलाई पुरुष समान मान्यता दिने गरिन्छ । घरायसी काम धन्दा वा बालबच्चा सम्हाल्ने काम गर्नु पर्ने भएकोले पुरुष समान हिडडुल गर्ने समय भने महिलाहरूलाई मिल्न सक्दैन । किराँत धर्मले महिला र पुरुषलाई समानताका दृष्टिले हेर्ने

गरेको छ । सबै क्षेत्रमा महिलाहरूलाई स्वतन्त्रता रहेको छ । अन्य धर्ममा जस्तो महिलालाई कुनै कुरामा पनि बन्देज लगाएको छैन र कुनै प्रकारको बिभेद पनि गरिदैन । किराँत धर्ममा महिलालाई पुर्ण अधिकार प्रदान गरिएको छ । महिलालाई इज्जत र प्रतिष्ठाका साथ हेर्ने गरिन्छ । पैतृक सम्पत्तिमा महिलाको अधिकार कानुन अनुसार नै रहेको छ । विवाहको सन्दर्भमा महिलाको राजीखुशी वा आफुखुशी मन पराएको केटासँग विवाह गर्ने स्वतन्त्रता बिशेष गरेर लिम्बू जातिमा नै बढी मात्रामा रहेको छ । विवाह गर्नको लागि उमेरको हकमा बिशेष गरेर केटीको उमेर १६/१७ बर्षलाई  योग्य मानिन्छ । बहु विवाह प्रथा वा पार-पाचुकेका सन्दर्भमा भने बिगतमा केहि नगन्य रुपमा मात्र सम्पन्न हुने गर्दथ्यो भने पार-पाचुके प्रथा कानुनी रुपबाट नभए तापनि इच्छा लागेमा महिलाले गर्न सक्दछन र मन परेको अर्को केटासँग  विवाह गर्ने प्रथा बिशेष गरेर लिम्बू जातिमा नै प्रचुर मात्रामा रहेको छ । केटाले पनि आफुले चाहेको केटीसँग विवाह गर्न सक्दछ । महिलाको शिक्षालाई बिगतमा भन्दा वर्तमानमा बढी प्राथमिकता दिने गरिएको छ । लिम्बू संस्कारमा छोरी र बुहारीलाई कुनै पनि बिभेद गर्ने चलन शुरुवात देखि नै भएको छैन । छोरी वा बुहारीलाई समानताको दृष्टिले हेर्ने प्रथा लिम्बूहरूमा बिशिष्ट संस्कारका रुपमा आदिमकालदेखि नै चलि आएको छ  तर यहाँका बाहुन जातिमा भने हिन्दु धर्मको मान्यता अनुसार नै महिलालाई हेर्ने गरिन्छ । किराँत धर्ममा महिलालाई जति स्वतन्त्रता रहेको छ हिन्दु धर्मका बाहुन जातिमा त्यति छैन महिलालाई धेरै पक्षमा बन्देज नै लगाइएको छ ।"

यसरी उहाँले दिएको लिम्बू जातिको महिलाको अवस्थाको जानकारीबाट यो शोधपत्रमा लिम्बू समाजको लैङ्गिक अवस्थाको अध्ययन अनुसन्धान गर्नको लागि महत्वपूर्ण सहयोग पुगेको छ । यो शोधपत्र अध्ययनको शिलशिलामा पनि यस क्षेत्रका लिम्बू महिलाको अवस्था उहाँले भने बमोजिम नै रहेको पाइएको छ । यसै गरी यहाँका अन्य जातिका महिलाको अवस्था पनि उहाँले भने बमोजिम नै पाइएको छ ।

राजनीतिमा भने लिम्बू महिलाको सहभागिता अति नै न्युन रहेको पाउँन सकिन्छ । आम्चोक गा.बि.स. वडा न.२ मा पनि राजनीतिमा महिलाको सहभागिता अति न्युन नै रहेको पाइएको छ भने पुरुषको सहभागिता पनि न्युन नै रहेको तथ्य यस अध्ययनबाट प्राप्त भएको छ । यस वडामा बसोवास गर्ने बाहुन जातिको लैङ्गिक अवस्था भने हिन्दु धर्मबाट प्रभाबित नै रहेको छ । लिम्बू जातिमा जति पनि महिला स्वतन्त्रता रहेको छ त्यति स्वतन्त्रता अन्य जातिमा नरहेको जानकारी यो अध्ययनबाट प्राप्त भएको छ ।

यस लिम्बू जातिमा महिला स्वतन्त्रता धेरै मात्रामा भए तापनि पितृसत्तात्मक परिवार ढाँचाको प्रभावका कारणले गर्दा छोराछोरीको थर वावुको थरबाट नै राखिन्छ ।

यसरी सामान्य रुपमा यस अध्ययन क्षेत्रका लिम्बू जाति वा अन्य जातिको लैङ्गिक अवस्थाको अध्ययन, अनुसन्धान गरी यसबाट प्राप्त जानकारी वा तथ्याङ्कहरूलाई यस शोधपत्रमा प्रस्तुत गरिएको छ ।

यसरी बृहत रुपमा अध्ययन गर्न नसके तापनि सामान्य रुपमा अध्ययन क्षेत्रका लिम्बू जातिको सामाजिक पक्षको अध्ययन अनुसन्धान गरी यसबाट प्राप्त जाकारीलाई यस शोधपत्रमा प्रस्तुत् गरिएको छ ।

### ४.२.२. लिम्बू जातिको सांस्कृतिक पक्ष वा धर्म-संस्कारहरू

संस्कृति भनेको कुनै पनि जाति वा जाति विशेषलाई चिनाउने तत्व हो कुनै पनि जातिको आ– आफ्नै समाज र संस्कृति स्थापित भएको हुन्छ । समाज र संस्कृति एक-अर्काका पूरक भएर रहेका हुन्छन । समाज अनुसार संस्कृति चलिरहेको हुन्छ भने संस्कृति अनुसार समाज चलिरहेको हुन्छ ।

जीवनको एउटा अवस्थाबाट अर्को अवस्थाको संक्रमणलाई उत्सवको रुपमा मनाउने परम्परा रहेको छ । समाजशास्त्रीहरूका अनुसार, धेरै जटिल अवस्थाको संस्कृति नभएको समाजमा यसरी जीवनको एक अवस्था पार गरी अर्को अवस्था वा स्तरमा पुग्दा त्यस्ता अवसरलाई नाटकिय ढंगले खास उत्सवको रुपमा मनाउने गरिन्छ । संस्कृतिले जिन्दगीको विशेष अवस्थाहरू पार गर्न मात्र होइन जीवनका संकटहरू सामना गर्न समेत मद्धत गर्दछ ।

यस अध्ययनमा अध्ययन क्षेत्रका लिम्बू जातिको साँस्कृतिक पक्षलाई निम्न अनुसार अध्ययन अनुसन्धान गरी यो शोधपत्रमा प्रस्तुत् गरिएको छ ।

#### ४.२.२.१. यस अध्ययनबाट आम्चोक गा.बि.स. वडा नं.२ 'रातमाटे' का लिम्बू जातिको समाजमा रहेको संस्कारहरूको बर्तमान अवस्था यस प्रकार रहेको पाइएको छ ।

जातिय मूल्य मान्यताका आधारमा मानिसले सामाजिक हैसियत र भूमिका प्राप्त गर्ने, सामाजिक रितिस्थिति नै संस्कार हो । संस्कार सम्पादन गर्दा सामाजिकिकरणमा सहयोग पुग्दछ । यस्ता संस्कारहरू मानिसको जीवनमा गर्भधारणदेखि मृत्यु पश्चात अन्त्येष्टि सम्म गरिन्छ । लिम्बू जातिमा भएका विशिष्ट र जातिय संस्कारहरू निम्नानुसार रहेको पाइएको छ।

### ४.२.२.२. गर्भ संस्कार

लिम्बू जातिमा रहेको गर्भ संस्कारका सन्दर्भमा गर्भ रहेको ५/६ महिना पछि गर्भमा रहेको बच्चा र आमा दुबैको स्वास्थ्यको लागि पानीमा गएर पुजारीद्वारा देवताको पूजा गरिन्छ । पूजा समाप्त भए तापति गर्भवती महिलाले खोला तरेर वारीपारि नगर्ने डाँडा काटेर वारपार नगर्ने आदि कुराहरूमा ध्यान दिनु पर्ने बताउँदछन् ।

### ४.२.२.३. न्वारान

लिम्वू जातिमा केटी भए जन्मेको ३ दिन र केटा भए ४ दिन पछि न्वारान गर्ने चलन रहेको छ । न्वारानको दिन सवेरै घर लिपपोत गरिन्छ । सुत्केरीलाई चोखो तुल्याइन्छ । नानीलाई पनि नुहाई-धुवाई गरेर नयाँ भोटो लगाई दिइन्छ । पूजारीले भद्रभलाद्मीहरूको अगाडी शुद्धिकरणको मुन्धुम सुनाउँदै दुवो र तितेपातीको मुठाले सुनपानी चारैतिर छर्कन्छन् र भन्छन शुद्ध होस् , शुद्ध होस् । किरात 'मुन्धुमI अनुसार नाम राख्नलाई दिन, वार, महिना, र साल विचार गर्नु पर्दछ । चन्द्र, सूर्य, आकाश, पृथ्वी, ग्रह, नक्षत्र, तारा, बर्ष दिन आदिको नामबाट बच्चाको नाम राखे पनि असल नै हुन्छ भनिएको छ ।

### ४.२.२ ४. बस्त्र पहिरन

"यो संस्कार केटा वा केटीको उमेर ११/१२ वर्ष पुगेपछि सम्पन्न गरिन्छ । यो संस्कार सम्पादन गर्दा केटा भए स्नान गराई दौरा सुरुवाल लगाई, पटुका बँधाई, खुकुरी भिराई, शिरमा फेटा बाँधी दिने चलन रहेको छ । त्यसपछि पुजारी वा रित जान्ने भद्रजनले धनुषकाँण, ढाल तरवार आदि दिदैं शुद्ध जलले अभिषेख गर्दछन् ।

त्यस्तै गरी छोरी भए बाल्यकाल देखि लगाउने गरेको घाँघर आदि पुरानो वस्त्र फालिन्छ र तरुणी आईमाईले लगाउँने गुन्यु चोली, भोक्से (कुण्डल), साभ्याङफुङ (सुनको फुल), पोमा (प्वालो), याङयित्सी आन्छोली (छातीमा लगाउने हार), लाङवङ्गी (कल्ली) इत्यादि गर- गहनाहरू लगाउँन दिई राम्ररी सिंगार पेटार गरिन्छ । यसपछि केहि मुन्धुमका साथ उसलाई अब युवती भएको कुराको प्रमाणित गन्छि ।

### ४.२.२.५. लिम्बू जातिको विवाह संस्कार

लिम्बू समाजमा मागीविवाह, प्रेमविवाह, चोरीविवाह, अन्तरजातिय, विवाह र विधवा विवाहको चलन रहेको छ । विवाह गरेर केटीलाई केटाको घरमा लाने क्रममा वेहुलीको तर्फबाट महिलाहरूको जन्ती (लोकन्दी) जाने चलन पनि रहेको छ र ढोगभेटको क्रममा ज्वाइले ससुरालाई ढोग्नु पर्ने प्रचलन पनि रहदै आएको छ ।

**तालिका नं. १५ आम्चोक गा. बि. स. २ का लिम्बू जातिको विवाह संस्कारको ढाँचा**

| क्र. सं | विवाहको किसिम | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मागी विवाह | ३२ | ६४% |
| २ | प्रेम विवाह | ७ | १४% |
| ३ | चोरी विवाह | ४ | ८% |
| ४ | अन्तरजातिय विवाह | ४ | ८% |
| ५ | विधवा विवाह | ३ | ६% |
| जम्मा | | ५० | १००% |

श्रोत : स्थलगत अध्ययन- २०६७ कार्त्तिक ।

यस तालिका अनुसार ५० जना नमुना छनौटमा परेकाहरू मध्ये विवाहको ढाँचा यस प्रकार रहेको छ । मागी विवाह गर्नेको जनसंख्या ३२ जना अर्थात् ६४ %, प्रेम विवाह गर्ने ६ जना अर्थात १४%, अन्तरजातिय विवाह गर्ने ४ जना अर्थात ८%, चोरी विवाह गर्ने ४ जना अर्थात् ८% र विधवा विवाह गर्ने ३ जना अर्थात् ६% रहेको छ । यस तालिकाले के प्रष्ट पार्दछ भने आधुनिकीकरण र शिक्षाको प्रभावको कारण अन्तरजातिय विवाह तर्फ पनि यो लिम्बू समाज उन्मुख भएको देखिन्छ । यस अध्ययन क्षेत्रमा लिम्बू जातिको बाहुल्यता बढी भएको कारण लिम्बू जातिको मात्र विवाहका प्रकारहरू प्रस्तुत गरिएको छ । यसका साथै यस वडामा बसोवास गर्ने अन्य जातिको बिवाहको प्रकारको सम्बन्धमा भने एक घर मात्र रहेको दर्जी जातिका बिवाहको प्रकार भने अन्तरजातिय विवाह प्रथा बाहेक अन्य विवाहका प्रकार लिम्बू जातिको जस्तै रहेको जानकारी पाइएको छ भने त्यहाँ रहेको ३ घर बाहुन जातिमा भने परम्परावादी वा हिन्दु धर्मको मान्यता अनुसार नै विवाह गर्ने चलन रहेको जानकारी पाइएको छ जसमा चलन चल्तीमा रहेको मागी विवाह बाहेक अन्य प्रकारका बिवाहको चलन नभएको जानकारी यस अध्ययनबाट पाइएको छ ।

### ४.२.२.६. लिम्बू समाजमा रहेको मृत्यु संस्कार

लिम्बू जातिमा मृतकको लाशलाई सामुहिक चिहानमा लगि विधिपूर्वक गाडिन्छ भने अहिले लासलाई इच्छानुसार जलाउने चलन पनि रहेको छ । मृतक पुरुष भए चौथो दिन र स्त्री भए तेस्रो दिनमा पञ्च भलाद्मी भेला भई नून तेल फुकाउने विधि सम्पन्न हुन्छ । र मृतकको अन्तिम अन्त्येष्टि गर्ने चलन रहेको छ । क्रिया भने एक वर्ष भित्रमा गरिन्छ जसलाई मृतकका नाममा गरेको भोज पनि भन्ने गरिन्छ । यसै गरी यस वडामा रहेका दर्जी र बाहुन जातिको मृत्यु सस्कार भने सनातन हिन्दु धर्म अनुसार नै गरिन्छ । जस्तो लाशलाई खोलामा लगेर जलाउँने १३ दिनमा क्रिया सक्ने र एक बर्षमा बरखी फुकाउँने जानकारी यस अध्ययनबाट पाइएको छ ।

### ४.२.२.७. आम्चोक गा.बि.स. वडा न. २ का लिम्बूहरूको रितिरिवाज र चाडपर्वहरूको बर्तमान अवस्था

लिम्बू जातिको आफ्नै भाषा, संस्कृति, लिपि, मुल्य, मान्यता भए तापनि सरकारी प्रयोजनमा भने यी कुराहरू आएको पाइदैनन् बर्तमान अवस्थाको २०६२/०६३ को जनआन्दोलन पछि स्थापना भएको लोकतान्त्रिक-गणतन्त्रबादी सरकारले भने यस्ता पक्षहरूमा केहि चासो देखाउँन थालेको पाइएको छ ।

धेरैजसो लिम्बूहरू सिधा, सरल र छलकपट नगर्ने इमान्दारीपुर्बक काम गर्ने, शारीरिक बनावट पनि मिलेका र जंगी मिजासका हुने हुनाले विदेशी तथा स्वदेशी सैनिक सेवामा सुहाउँने खालका हुन्छन् । यस अध्ययन क्षेत्रका लिम्बूहरूले पनि पुरानै पेशा ब्यावसाय, मुल्य, मान्यता संस्कार र संस्कृतिहरूलाई अंगालेको देखिन्छ । यदा-कदा थोरै परम्परमा फेरबदल देखिए तापनि समग्रतामा हेर्ने हो भने माथि भने जस्तै रितिरिवाज चालचलन, मुल्य, मान्यता र पेशा ब्यावसाय रहेको पाइएको छ । यसै गरी यहाँ रहेका अन्य जातिमा पनि हिन्दु धर्म अनुसारका रितिरिवाज र केहि मात्रमा माथि भनिए बमोजिम कै चालचलनहरू रहेको जानकारी यस अध्ययनबाट पाइएको छ ।

### ४.२.२.८.चाडपर्वहरू

लिम्बू जातिमा बिभिन्न प्रकारका जातिय बिशिष्टता रहेका चाडपर्वहरू र पूजा-आजाहरू प्रचलित रहेका छन् । कतिपय पूजा-आजा र चाडपर्बहरू साँस्कृतिक आदान प्रदानबाट पनि स्थापित भएका छन् । लिम्बूहरू भूमिपूजा, न्वाङ्गीपूजा, साउनेसंक्रान्ति, माघेसंक्राति, (कक्फेक्वा) तङ्नाम,

बलिहाङ् तङ्नाम, चासोक तङनामका साथै दशै, तिहार आदि चाडपर्वहरू मनाउने गर्दछन् । यी हरेक चाडपर्व र पूजाहरूको आ-आफ्नै किसिमको बिशिष्टता रहेको देखिन्छ ।

यसै गरी अन्य दुई जातिहरू एक घर दर्जी र तीन घर बाहुनले भने हिन्दु धर्म अनुसार नै मुख्य चाडपर्बका रुपमा दशै, तिहार, तीज, मातातिर्थ औंशी, जनै पूर्णिमा, कुशे औशी आदिलाई मुख्य चाडपर्वका रुपमा मान्ने गरेको पाइएको छ भने केहि चाडपर्वहरूमा लिम्बू चाडपर्वको प्रभाव परेको पनि पाइएको छ ।

## ४.२.२.९. धार्मिक अवस्था

नेपाल एक बहुजाति, बहुभाषी, बहु सांस्कृति राष्ट्र भएकोले यो धर्म सापेक्ष मुलुक हो । यहाँ भएका सबै जातजातिका आ–आफ्नै भाषा, धर्म र सस्कृतिहरू रहेकाछन् ।

लिम्बू धर्मका सम्बन्धमा अध्ययन क्षेत्रलाई आधार मानि गरिएको अध्ययनबाट प्राप्त जानकारी यस प्रकार पाइएको छ । किराँत धर्म तथा साहित्य उत्थान संघका अध्यक्ष **श्री डकेन्द्रसिं थेगिम, (२०६७) का** अनुसार "नेपालको लिम्बू जातिको समाज हिन्दू तथा वौद्ध धार्मिक समाज भन्दा पृथक र परम्परागत धार्मिक प्रचलनको, विश्वासमा आधारित र बिकसित पितृ पूजा, प्रकृति पूजा, स्थानिय देवि-देवताहरूमा विश्वास गर्ने समाज हो । उनीहरू किराँत धर्म मान्ने जाति भएकोले उनीहरूको मुख्य धर्म ग्रन्थ 'मुन्धुम' हो । यसै धर्म ग्रन्थका आधारमा उनीहरू आफ्नो परम्परागत धर्म र संस्कृतिलाई जिबित राख्दै आएका छन । 'मुन्धुमलाई 'किराँत वेद पनि भनिन्छ । यहि 'मुन्धुम' का आधारमा लिम्बू जातिले आफ्ना धर्म, संस्कृति र संस्कारहरू सम्पन्न गर्ने गर्दछन ।"

"यसरी किराँत मुन्धुमले लिम्बू जातिको धर्म र संस्कृतिका विविध पक्षको जग कायम गर्दै आएको देखिन्छ । मुन्धुमलाई दैवी शक्ति पनि मानिन्छ, तर मानव सभ्यतामा यसलाई किराँतीहरूका पुर्खाले नै परम्परागत ज्ञानको रुपमा ग्रहण गर्दै र नव पुस्तालाई हस्तान्तरण गर्दै ल्याइएको देखिन्छ । लिम्बूहरूको यसमा पृथक धर्म र अन्य धर्महरूका भन्दा फरक किसिमका मूल्य, मान्यता र धार्मिक संस्कारहरू रहेका छन् । यसले सिङ्गो संरचनालाई निरन्तरता दिइरहेको छ ।"

**थेगिमको** अर्को भनाई अनुसारः- "लिम्बू वा किराँत धर्मका सन्दर्भमा उनको भनाई यस्तो रहेको छ । "सृष्टिको आरम्भदेखि नै किराँत धर्मको उत्पत्ति र बिकस भएको हो । किराँत धर्मको बेद मानिने 'मुन्धुम' हिन्दु धर्मका चार बेदहरू भन्दा जेठो धर्म ग्रहन्थ मानिन्छ । यो धर्मको उत्पत्ति र विकास

त्यस बेलादेखि भयो जुनबेला मानब जातिमा सभ्यता, आचार संहिनता थिएन । किराँत धर्म वा 'मुन्धुम' का धर्म गुरु–पुजनीय धर्मगुरु 'आत्मानन्द लेङदेन सेइङ' लाई मान्ने गरिन्छ । किराँत धर्मका मुख्य-मुख्य मुल्य, मान्यताहरू बिश्व शान्ति, मानब एकता, सत्य र अहिंसा रहेका छन । लिम्बू जातिका मुख्य देबी देबताहरूमा–हाङसाम थेवा, हाङसाम युमा र हिम्माङलाई मुख्य कुल पितृ मान्ने गरिन्छ ।"

"लिम्बू धर्म अनुसार मुख्य तीन प्रकारका संस्कारहरू रहेका छन् । (जन्म संस्कार, विवाह संस्कार र मृत्यु संस्कार ) । बिश्वमा किराँत धर्म मात्र त्यस्तो धर्म हो जसले महिला र पुरुषका बिच कुनै बिभेद राख्दैन किनकि महिलाले पनि त्यसमा बसेर प्रबचन गर्ने, दिक्षित गर्ने, साम्जिक मुन्धुम (बेद) बाचन गर्ने, गर्न सक्दछन । २०५८ को जनगरणा अनुसार नेपालमा किराँत धर्म राज्यको चौथो स्थानमा रहेको छ र यो धर्म मान्नेको संख्या ८,१८०००/ रहेको छ । किराँत धर्म सर्वप्राचिन धर्म भएकोले अन्या धर्मको प्रभाब यसमा परेको मानिदैन बरु यस धर्मको प्रभाब भने अन्या धर्ममा परेको पाउँन सकिन्छ प्राय गरी हिन्दु धर्ममा किराँत धर्मको बढी प्रभाब परेको पाउँन सकिन्छ । यति सम्म कि कतिपय किराँत 'मुन्धुम' भाषाका शब्दहरू जस्ताको तस्तै हिन्दु धर्मका ग्रहन्थहरूमा आगन्तुक भएर रहेका छन जस्तो कि चरु, जग्गे, यज्ञ, मण्डप आदि क्रम :अर्घ, अन्न पोलिने ठाउँ वा यज्ञ, माङयुक वा मण्डप र देबीदेवताहरूलाई बोलाई आसनग्रहण गराउँने ठाउँ भन्ने मण्डपको शाब्दिक अर्थ लाग्दछ । यी सबै शब्द किराँत मुन्धुमी भाषा वा (लिम्बू भाषाका शब्दहरू हुन ।) किराँत धर्मावलम्बीहरूको मुख्य तिर्थस्थल 'फकताङलुङ' वा कुम्बकर्ण हिमाल हो । किराँत मुन्धुमले जनाए अनुसार समस्त मानव जातिको सृष्टि त्यसैको आसपासबाट भएको मान्दछ । अर्कोतिर देवताहरूका पनि देवता श्री महादेब मृष्तिवा आदि पुरुषको बासस्थान पनि त्यसै क्षेत्रलाई नै मानिन्छ । पछिल्लो समयमा आएर राष्ट्रिय बिभुति 'फाल्गुनन्द लेङदेनले' स्थापना गरेका ७ वटा मन्दिरहरू जस्तैः काबेली, निगुरादिनु, लोब्रेकुटी, सिलौटी, जितपुर शिबालय र चुम्चिनाम्बा मन्दिर हुन् र वर्तमान समयका धर्मगुरु आत्मानन्द लिङदेन 'सेइङ' को समयमा स्थापित लारुम्बा, माङसेबुङ, मा स्थापित मन्दिरहरू प्रमुख तिर्थ स्थलका रुपमा रहेका छन । बर्तमान धर्मगुरुका समयमा थप थुप्रै मन्दिरहरू बिभिन्न स्थानहरूमा निर्माण भइरहेका छन । किराँत धर्मका अनुसार :- धर्मगुरुको स्थान स्वयं परमात्मा परमेश्वर 'तागेरानिङवाभूमाङ' का प्रतिरुप अबतारको रुपमा किराँत धर्मगूरुमा सम्मानित हुनुहुन्छ । बिगतमा भन्दा वर्तमानमा किराँत धर्ममा परिवर्तन यस किसिमले आएको छ कि शुरमा पशुभेण (बलि प्रथा), अहिंसा थियो भने अहिले बिचमा आएर बलि प्रथाले स्थान

पाएको र पुन अहिंसा र भोग बलि प्रथामा न्युनिकरण हुदै गएको छ ।" भन्ने जानकारी उहाँबाट पाइएको छ ।"

यसरी किराँत धर्म वा लिम्बू धर्मका बारेमा जानकारी उहाँबाट प्राप्त भएको छ तर किराँत धर्म मान्ने भन्नाले लिम्बू मात्र नभई राई जाति पनि पर्न जान्छ तर यस अध्ययनमा भने अध्ययन क्षेत्रका लिम्बू जातिका धार्मीक अवस्थाका बारेमा अध्ययन गरी जानकारी प्राप्त गरी यस शोधपत्रमा प्रस्तुत् गरिएको छ ।

यस वडामा बसोवास गर्ने अन्य जातिका चार घरले भने सनातन हिन्दु धर्म नै मान्ने गरेको जानकारी यस अध्ययनबाट प्राप्त भएको छ ।

**तालिका नं. १६ धर्म अनुसार घरधुरी संख्याको आधरमा आम्चोक गा.बि.स. को विवरण**

| वडा नं. | हिन्दू | किँरात | वौद्ध | इसाई | जम्मा |
|---|---|---|---|---|---|
| १ | ८१ | १२ | ८ | ० | १०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ४ | ६९ | ० | ० | ७३ |
| ३ | ७९ | ० | १ | ० | ८० |
| ४ | ५९ | ६८ | ० | ० | १२७ |
| ५ | ९० | ४८ | ० | ० | १३८ |
| ६ | ० | ९५ | ० | २ | ९७ |
| ७ | ५७ | ३८ | ० | ० | ९५ |
| ८ | १०५ | २७ | ० | ० | १३२ |
| ९ | ४३ | ८३ | ० | ० | १२६ |
| जम्मा | ५१७ | ४४१ | ९ | २ | ९६९ |

स्रोत :- आवधिक दिगो विकास आम्चोक इलाम :२०६४, पृष्ट ८ ।

यस तालिका अनुसार आम्चोक गा.वि.स.मा सवै भन्दा बढी ५१७ जना हिन्दू धर्म मान्ने र सवै भन्दा कम ईसाइ धर्म मान्ने २ जना र अन्य धर्म किराँत र बौद्ध धर्म मान्ने मानिसहरू क्रमश : ४४१ र ९ जना रहेको पाइएको छ । भने वडा न. २ को सन्दर्भमा भने हिन्दु धर्म मान्ने ४ घरपरिवार र किराँत धर्म मान्ने वा लिम्बू धर्म मान्ने ६९ घर परिवार रहेको जानकारी यो अध्ययनबाट प्राप्त

**तालिका नं. १७ धर्मका आधारमा आम्चोक गा.बि.स. वडा न. २ को परिवार बिबरण**

| वडा न. | हिन्दु | लिम्बू | जम्मा |
|---|---|---|---|
| २ | ४ | ६९ | ७३ |

स्रोतः- स्थलगत अध्ययन २०६७ कार्त्तिक ।

यस तालिका अनुसार अध्ययन क्षेत्रको धार्मिक अवस्था यस प्रकार पाइएको छ । जसमा हिन्दु धर्म मान्नेको परिवार संख्या ४ र लिम्बू धर्म मान्नेको ६९, जम्मा ७३ घर-परिवार रहेको जानकारी यस अध्ययनबाट पाइएको छ ।

यसरी सामान्य रुपमा अध्ययन क्षेत्रको धार्मिक अवस्थाको अध्ययन अनुसन्धान गरी यसबाट प्राप्त जानकारीलाई यस शोधपत्रमा प्रस्तुत गरिएको छ ।

यसरी सामान्य रुपमा अध्ययन क्षेत्रका लिम्बू जातिको साँस्कृतिक पक्ष वा धार्मिक अवस्थाको अध्ययन अनुसन्धान गरी यसबाट प्राप्त जानकारीलाई यस शोधपत्रमा प्रस्तुत् गरिएको छ ।

## ४.२.३.आर्थिक पक्ष

यस अध्ययनको शिलशिलामा अध्ययन क्षेत्रका स्थानियवासीले यस क्षेत्रको आर्थिक पक्षका बिषयमा दिएको जानकारी यस प्रकार रहेको छ । नेपालका आदिबासी जनजातिमा पर्ने लिम्बू जाति पनि जनसंख्याको दृष्टिले राई पछिको दोस्रो स्थानमा रहेको भए तापनि आर्थिक अवस्थाको दृष्टिले भने धेरै नै पछाडि रहेको छ । केहिलाई छाडेर भन्नु पर्दा लिम्बूहरूको आर्थिक अवस्था कमजोर नै रहेको देखिन्छ । परापूर्वकालदेखि आफू बसी आएको क्षेत्रका धेरै जसो लिम्बुहरू गरिव अवस्थामा नै रहेको देखिन्छन् । यसको कारण चेतनाको कमी, अशिक्षा, जनसंख्या बृद्धि, अन्धविश्वास र पछौटेपन आदिलाई लिन सकिन्छ । लिम्बूहरूको मुख्य पेशा ब्यावसाय भनेको मुख्य रुपमा खेती नै हो कुनै पनि उत्पादनजन्य उधोग ब्यावसायमा उनीहरू लागेको र आय-आर्जनमा राम्रो स्तर प्राप्त गरेको लिम्बू जातिमा त्यति धेरै पाउँन सकिदैन । अधिकांश लिम्बूहरू खेती गर्दछन् । त्यसको अलावा नेपाली सेना, वेलायती सेना, भारतीय सेना तथा नेपाल प्रहरीमा समेत सामेल भएको पाइन्छ । यसरी यी पेशामा सम्लग्न रहेका र केहि लिम्बूहरू शहरी क्षेत्रमा प्रवेश गरी उद्योग, ब्यावसाय गर्ने र रोजगारीमा सम्लग्न भएका लिम्बूहरूको आर्थिक अवस्था भने केहि सुढृढ र उच्च स्तरको रहेको पनि पाइन्छ तर यस्ता ब्यक्तिहरू नगन्य मात्रामा मात्र पाउँन सकिन्छ । नेपालमा वसोवास गर्ने लिम्बू जाति प्राय गरी ग्रामिण क्षेत्रमा नै वसोवास गर्ने भएकोले उनीहरूको मुख्य पेशा ब्यावसाय भनेको कृषि र पशुपालन नै रहेको छ । यसमा पनि आफ्नो खेतीपातीबाट खान पुग्नेको संख्या भने अति नै न्युन रहेको पाइन्छ । यसका अलावा उनीहरू आफ्नो जिविकोपार्जनका लागि ज्याला मजदुरीमा काम गर्ने, बैदेशिक रोजगारीमा जाने र सरकारी वा गैर-सरकारी संघ-संस्थाको काममा सम्लग्न रहेको पनि पाइएको छ ।

यसै गरी किराँत धर्म तथा साहित्य उत्थान संघका अध्यक्ष **श्री डकेन्द्रसिंह थेगिमका,** (२०६७) अनुसार :- इलाम जिल्ला आम्चोक गा.वि.स. वडा न. २ का लिम्बू जातिको आर्थिक अवस्थाका सम्बन्धमा यस प्रकारको जानकारी पाइएको छ । “लिम्बूजाति कुनै पनि निकायबाट सुबिधा बञ्चित अवस्थामा रहेको जाति हो । यहाँका लिम्बू जातिको मुख्य आयस्रोत भनेको कृषि र बैदेशिक रोजगार नै हो । यहाँ आफ्नो आय स्रोतले खान पुग्नेको संख्या १५% मात्र रहेको छ । जसमा लिम्बू समुदायका ६९ घर परिवार मध्ये करिब ९–१० घर परिवार मात्र आफ्नो कमाइले खान पुग्ने परिवारमा पर्न जान्छन् भने ४–५ घर परिवारले भने आफ्नो उत्पादनबाट आफूले खाएर बचाउँन सक्ने रहेका छन् । यस ठाउँका धेरै जसो मानिसहरूले आफ्नो जिबिकोपार्जन ज्यालादारी र मजदुरीको काम गरेर नै चलाएको पाइन्छ, तर हालको अवस्थामा भने बैदेशिक रोजगारी र नगदे बाली अदुवा र अम्लिसोको कारण

यहाँको आर्थिक अवस्था केहि मात्रामा सुधारोन्मुख देखिदै गएको पाइएको छ ।" भन्ने उहाँको भनाई पाइएको छ ।" ।   यसै गरी यस अध्ययनको क्रममा यहाँ वसोवास गर्ने दर्जी र बाहुन जातिको आर्थिक अवस्था पनि सामान्य नै रहेको पाइएको छ ।

### ४.२.३.१. आम्चोक गा.बि.स. वडा न. २ का लिम्बूहरूको बर्तमान अवस्थाको मुख्य पेशा र व्यावसाय

यस अध्ययन क्षेत्रका स्थानीयवासीका अनुसारः-यस वडाका लिम्बूजातिका मानिसहरूको मुख्य पेशा, व्यवसाय भनेको खेती नै हो । खेतीपातीमा धान, गहुँ, मकै, कोदो, आलु, आदि उब्जाउने गर्दछन् । यस बाहेक अहिले आएर, वेलायत, ब्रुनाई, भारत आदि देशहरूमा सेनामा भर्ना भई वा खाडी मुलुकहरूमा बैदेशिक रोजगारमा गई हाल आएर निक्कै ठूलो, मात्रामा आय आर्जन गरी बैदेशिक मुद्रा आय-आर्जन गरिरहेका छन् । स्वदेशमा पनि नेपाली सेना र नेपाल प्रहरीमा पनि यो समुदायको संख्या कम छैन । खाडी मुलुकहरूमा कतार, दुबही, इराक, साउदी, मलेशिया आदि देशहरूमा गई राम्रो आय-आर्जन गर्नेको संख्या पनि निक्कै बढेको छ । महिलाहरू तानमा टोपी, चौवन्दी चोलो, ढाका, कपडा बुन्ने पनि गर्दछन् । यो पनि उनीहरूको आय-आर्जनको राम्रो स्रोत रहेको देखिएको छ ।

आफ्नो आय-आर्जनले खान नपुग्ने परिवारका मानिसहरू भने गाउँमा मजदुरी र ज्यालादारी काम गर्न पनि जाने गर्दछन । विद्यालय उमेरका केटा केटीहरू प्राय सबै जसो विद्यालयमा जाने गरेको पाइन्छ । व्यापार व्यावसायमा यहाँका मानिसहरू त्यति लागेको देखिदैन । यहाँका लिम्बू जातिहरू केही आफ्नो जमिन बाहेक अरुको जमिनमा पनि खेती गर्ने गर्दछन् भने धेरैजसो आफ्नै जमिनमा खेती गर्दछन् । धेरै जसोले मकै आलु, गहुँ, जस्ता वाली र तरकारी खेती समेत गर्दछन् । यसको अलावा अलैची, अदुवा अम्लिसो जस्ता नगदेवालीको समेत खेती गर्ने गरेको पाइन्छ । धेरै जसोले पशु पाल्ने गर्दछन् । गाई, भैसी, गोरु, बाखा, सूँगुर कुखुरा आदि पशूहरू पालन गरी गाई, भैसीको दुध, डेरीमा लगेर आर्थिक आर्जन गर्ने पनि गर्दछन् । हिजो आज देशमा आएको परिवर्तन, शहरिकरण, औद्योगिकिकरण, व्यवसायीकरण, आदिका कारण यहाँका लिम्बू जातिहरू कृषिको अलावा ज्याला, मजदुरी, सरकारी नोकरी व्यापार व्यवसाय जस्ता आर्थिक आय स्रोतका बाटाहरू पनि अवलम्वन गर्न थालेको देखिन्छ । यसै गरी यहाँ बसोवास गर्ने दर्जी बाहुन जातिको पेशा ब्यावसाय पनि खेती नै रहेको र उनीहरूको आर्थिक अवस्था पनि न्युन नै रहेको जानकारी यस अध्ययनबाट पाइएको छ ।

यस क्षेत्रका लिम्बू जातिका मानिसहरूको पेशागत तालिका निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८ आम्चोक गा. बि. स. वडा न. २ का लिम्बू जातिको कृषि तथा रोजगारीको विवरण ।**

| आफ्नो जमीन नहुने तर खेतीगर्ने | ऋाफ्नो जमीनमा मात्र खेतीगर्ने | स्वदेश तथा विदेशमा ज्याला मजदुरी गर्ने | सरकारी नोकरी गर्ने | जम्मा. |
|---|---|---|---|---|
| १ | ४३ | ५ | १ | ५० |

स्थलगत अध्ययन-२०६७ कार्त्तिक ।

उपरोक्त तालिका वमोजिम यहाँका लिम्बू जातिका जम्मा ५० जना नमूना छनौटमा पर्ने मध्ये आफ्नो जमिन नहुने व्यक्ति १ जना मात्र छन् भने ४३ जनाको आफ्नो जमिन छ । कृषिको अलावा व्यापार, व्यावसाय पनि गर्ने गर्दछन् सरकारी नोकरी गर्ने १ जना र बैदेशिक रोजगारी गर्नेहरूको संख्या निक्कै कम ५ जना मात्र रहेको देखिन्छ । उद्योग धन्दाको विकास नहुनु र सरकारी नोकरीको अवसरको अभावले अधिकांश परिवार कृषिमा नै निर्भर रहेको पाइएको छ ।

बैदेशिक रोजगारीकै क्रममा कतार गएर पैसा कमाई आफ्नो गाउँमा आएर ट्याक्सी किनी सबै गाउँलेलाई नै यातायात सुबिधा दिन सफल भएका छन् एक जना युबक उनी यस वडामा मात्र नभई यातायातको साधन किन्नेमा आम्चोक गा.बि.स. कै प्रथम ब्यक्ति मानिन्छन् । उनी हुन आम्चोक गा.बि.स.२ का हर्ष ब. खजुम (लिम्बू) का छोरा बिरबल खजुम (लिम्बू) उनले किनेको ट्याक्सी आम्चोकबाट सदरमुखकाम इलाम आवत्-जावत् गर्दछ । उनले यो गाडी खाडी मुलुक कतारबाट आफ्नो गाउँ आम्चोकको वडा न. २ मा ६ बर्ष पछि २०६७ मा फर्केपछि रु.२०,५०,०००/ मा किनेको बताउँछन् । बैदेशिक रोजगारबाट ग्रामीण क्षेत्रका मानिसहरूको आर्थिक अवस्था सुधारोन्मुख भएको एउटा उदारण यसलाई पनि मान्न सकिन्छ।

यसै गरी यहाँ वसोवास गर्ने एक घर दर्जी र तीन घर बाहुन जातिको पनि थोरै मात्रमा भए तापनि आफ्नो जमिन भएको र आफ्नो जमिनको उत्पादनले पूर्ण रुपमा खान नपुग्ने जानकारी यस अध्ययनबाट पाइएको छ ।

यसरी सामान्य रुपमा यस अध्ययन क्षेत्रका लिम्बू जाति र अन्य जातिको पनि आर्थिक अवस्थाको अध्ययन, अनुसन्धान गरी यस शोधपत्रमा प्रस्तुत गरिएको छ

यसरी इलाम जिल्ला आम्चोक गा.बि लगायत यस शोधपत्रमा छनौट गरिएको इलाम जिल्ला आम्चोक गा.बि.स. वडा न. २ का लिम्बू जनजातिको विविध दृष्टि कोणबट अध्ययन, अनुसन्धान गरी त्यसबाट प्राप्त जानकारी वा विविध पक्षका तथ्याङ्कहरूलाई ब्याख्या र विश्लेषण गरी यस शोधपत्रमा प्रस्तुत गरिएको छ ।

# अध्याय पाँच

## सारांश तथा निष्कर्ष

### ५.१ सारांश

यो शोधपत्र तयार पार्दा अध्ययनको क्रममा प्राप्त जानकारीमा लिम्बु जातिको बिषयमा सामान्य जानकारीलाई यस शोधपत्रको सारांशमा प्रस्तुत् गरिएको छ जो यस प्रकार रहेको रहेकोछ ।

नेपालको पुर्वी सिमाना मेची नदी पश्चिम, अरुण, नदी पूर्व, दक्षिण तराईका फाँट वा भारतको बिहार भन्दा उत्तर कुम्भकर्ण हिमश्रृखंलादेखि दक्षिण यी चार किल्ला भित्रको प्रदेशलाई लिम्बूवान प्रदेश भनिदैं आएको छ । गोर्खाका राजा श्री ५ पृथ्वी नारायण शाहले यस लिम्बूवान प्रदेशलाई पल्लो किराँत भनि नामाकरण  गरिदिएका थिए । गोर्खा राज्यको बिस्तार अघिसम्म बिजयपुरको अधिनमा रहेका लिम्बूहरूको सामाजिक पद्धति समतामुलक व्यवस्थामा आधारित रहेको थियो भन्ने कुरा उनीहरूको सामुदायिक रुपमा भूमिको स्वामित्व र उनीहरूका अन्य सामाजिक, साँस्कृतिक तथा आर्थिक पद्धतिहरूबाट पुष्टि भएको पाइएको छ । लिम्बूहरू किराँत बंशकै एक शाखा हुन् वा मंगोलियन मुल कै एक प्रजाति हुन् भन्ने तथ्य यस अध्ययनको क्रममा उनीहरूले दिएको जानकारीबाट पाउँन सकिन्छ ।

चीनको युनाम प्रान्तको मकवान नामक ठाउँबाट शान जातिका चिनियाहरू आफुलाई शान मकवान जाति घोषणा गरी उत्तर बर्मा  चिनदीन नदीको किनारमा बसाँई सर्न आए । पछि गएर त्यहाँका आदिवासी काचिन जातिले उनीहरूलाई आक्रमण गरी पराजित गरेपछि सान मकवान जातिका १० नेता आसाम हुँदै किराँत देशका ८ किराँती राजाहरूसँग अनुमति लिई ३ जना पुरोहित सहित ( फेजारी, पूजारी, साम्बाशैङ) किराँत प्रदेशमा बसोवास गर्न लागेको कुरा इमानसिंह चेम्जोङले 'प्राचिन बिजयपुरको इतिहासमा' उल्लेख गर्नु भएको छ । पछि गएर यी १० भाइका वंश वृद्धि भई संख्या बढ्दै गयो । किराँत राजाहरूले राज्य द्रोहको आशंकाले उनीहरूलाई ज्यादै दबाउन लागे । फलस्वरुप १० लिम्बूहरूका सन्तानले बिजय प्राप्त गरी किराँत प्रदेशलाई आफ्नो अधिनमा पारी त्यस प्रदेशको नाम लिम्बूवान राखि १० लिम्बूवानका थितिहरू बाँधि राज्य सञ्चालन गर्न लागे । त्यही समयमा बाँधिएको थितिरिति अनुसार नै हालसम्म पनि लिम्वू जातिको समाज, र संस्कृति तथा संस्कारहरू चलिरहेको कुरा यस अध्ययनको क्रममा लिम्बूहरूले बताएको पाइएको छ ।

लिम्बूहरूको आफ्नै भाषा, संस्कृति र लिपि रहेको छ । आफ्नै सामाजिक ब्यवस्था र संस्कृति वा सस्कारहरू रहेका छन । भौगोलिक अवस्थाका कारण, बसाईसराई, आर्य संस्कृतिको प्रभाव, बैदेशिक रोजगारी र लाहुर जाने प्रभावका कारण सामाजिक ब्यवस्था र संस्कार सम्पादनमा केहि फरक पन अवश्य नै परेको देखिन्छ । हिन्दूहरूको सर्वमान्य ग्रन्थ वेद भए झै लिम्बूहरूको सर्वमान्य ग्रद्घन्थ 'मन्धुम' हो । यो धार्मिक वा तान्त्रिक दुवै बिद्यामा प्रयोग हुन्छ ।

यसै गरी यो शोधपत्रमा इलाम जिल्ला आम्चोक गा.बि.स. वडा न. २ का लिम्बू जातिको अध्ययन गरिएको र यसै शिलशिलामा प्राप्त जानकारी अनुसारः- लिम्बू जातिका सामाजिक पक्ष, आर्थिक पक्ष, राजनैतिक पक्ष, शैक्षिक पक्ष, धार्मिक पक्ष र लैङ्गिक पक्षहरूमा पनि केहि सुधारोन्मुख परिवर्तनहरू आइरहेको पाइएको छ सामाजिक संरचनामा नयाँ ढंगबाट सञ्चालन गर्न थालिएको छ भने बिभिन्न पेशा ब्यावसाय र बैदेशिक रोजगारीका कारण आर्थिक अवस्थामा पनि सुधारोन्मुख अवस्था नै रहेको पाउँन थालिएको छ । यसै गरि शैक्षिक स्तरमा पनि लिम्बू जातिमा चेतनाको बिकास हुदै गएकोले शैक्षिक बृद्धिदर बढ्दै गएको तथ्य यस अध्ययनबाट पाइएको छ । यसै गरि राजनैतिक पक्ष र धार्मिक पक्षमा पनि नयाँ ढंगले अघि बढ्न थालेको पाइएको छ भने लैङ्गिक पक्षमा पनि सुधारोन्मुख चेतना आएको तथ्य यस अध्ययन अनुसन्धानबाट पुष्टि भएको छ ।

### ५.२. निष्कर्ष

यस शोधपत्रमा इलाम जिल्ला आम्चोक गा.बि.स. वडा न. २ का लिम्बूजातिको समाजशास्त्रीय अध्ययन गरिएको छ जसमा यस क्षेत्रका लिम्बू जातिको सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक, तथा लैङ्गिक पक्षको सामान्य रुपमा अध्ययन गरिएको छ । सामाजिक संरचनामा लिम्बू जातिमा एक-आपसमा सौहार्द्रपूर्ण ब्यवहार रहेको पाइएको छ । सांस्कृतिक रुपमा पनि लिम्बू जाति अति धनी भएको पाइएको छ । आर्थिक दृष्टिकोणले भने अन्य जातिको तुलनामा यो जाति पिछडिएको नै पाइएको छ तर पनि हालको अवस्थामा भने अदुवा, अम्लिसो, दुध जस्ता नगदेबालीको प्रचलन आएको र बैदेशिक रोजगारीमा जाने चलन भएकोले यस क्षेत्रका लिम्बू जातिको आर्थिक अवस्था केहि कमजोर भए तापनि केहि मात्रामा सुधार आएको पाइएको छ । शैक्षिक क्षेत्रमा पनि यस क्षेत्रका लिम्बू जातिमा अग्रता आएको पाइएको छ । यस क्षेत्रका सबै लिम्बू बालबालिकाहरू बिद्यालय गएको र शिक्षाको स्तर पनि बढ्दै गएको पाइएको छ । प्रौढ शिक्षा र महिलाको शिक्षामा पनि सुधार आउँदै गएको तथ्य यस अध्ययनबाट पुष्टि भएको छ । यस्तै गरी यस वडाका लिम्बू जातिले आफ्नो धर्म संस्कारलाई पनि

उनीहरूको धर्मग्रहन्थ 'मुन्धुम' अनुसार नै सञ्चालन गर्दै आएको पाइएको छ । बौद्ध धर्मको प्रभावका कारण हालको अवस्थामा लिम्बू धर्मले अहिंसाको बाटो अवलम्वन गर्दै गएको पाइएको छ । यसका साथै लिम्बू धर्मको प्रभाब यहाँका अन्य जातिमा पनि परेको पाइन्छ भने यहाँका लिम्बूहरूमा पनि हिन्दु धर्मको प्रभाब परेको पाइएको छ । लैङ्गिक अवस्थाका दृष्टिले भने अन्य धर्म वा समाजमा रहेको लैङ्गिक अवस्था भन्दा लिम्बु समाजको लैङ्गिक अवस्था उत्तम रहेको पाइएको छ । यस अध्ययनको क्रममा पाएको जानकारी अनुसार परिवार वा समाजमा महिलाको स्थानलाई उच्च मान्ने गरेको पाइएको छ । महिला माथि कुनै पनि बिभेद नरहेको र परिवार वा समाजमा कुनै पनि कार्यको लागि महिलाको निर्णय मान्य हुने कुराको जानकारी यस क्षेत्रका स्थानियबासीबाट पाइएको छ ।

यसरी यो शोधपत्र तयार पार्ने क्रममा अध्याय एकमा अध्ययनको पृष्ठभूमि राखिएको छ भने अध्याय दुईमा सन्दर्भ साहित्यको समिक्षा गरिएको छ यस्तै गरी अध्यय तीनमा यस शोधपत्रको अध्ययन वा अनुसन्धान बिधि र अध्ययनको सिमा प्रस्तुत् गरिएको छ भने अध्याय चारमा अध्ययन क्षेत्रको परिचय र अध्ययन, अनुसन्धाजबाट प्राप्त तथ्याङ्कहरूको ब्याख्या, बिश्लेषण र प्रस्तुतिकरण गरिएको छ । यसै गरि अध्याय पाँचमा यस शोधपत्रको सारांश र निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

यसै गरी यस शोधपत्रको परिशिष्टमा भने सन्दर्भग्रन्थसुची यस अध्ययनको क्रममा तयार पारिएका प्रश्नसुची लगायत लिम्बू समाजमा रहेको संस्कृति झल्काउने केहि फोटाहरू पनि प्रस्तुत गरी यस शोधपत्रको अन्त्य गरिएको छ । एवं तरिकाले यो शोधपत्रको अध्ययन, अनुसन्धान र यसबाट प्राप्त तथ्याङ्कहरूको ब्याख्या बिश्लेषण र प्रस्तुतिकरण गर्ने कार्य पुरा गरिएको ।

## सन्दर्भ ग्रन्थसूची


- **आचार्य खेम राज, केशव सरण**, 'किराँत बंशको प्रशासनिक अभियान किराँतेश्वर सन्देश झापा', किराँतेश्वर प्रकाशन लखनपुर झापा, २०४२ वर्ष-१ पृ. ५९ ।
- **आङदाम्बे खड्ग नारायण**, 'लिम्बू र नेपाली भाषाका ब्याकरणात्मक कोटिहरूको तुलनात्मक अध्ययन' शिक्षाशास्त्र नेपाली शिक्षा शिक्षण विभाग म.र.व. क्याम्पस ताहाचल, २०६३
- **अगष्टा मोल्नार (**Economic Strategies and Constrains: Case of Kham Magar of North West Nepal) सन् १९८१

o **एन.सि.डि.पी. (आवधिक दिगो बिकाश योजना),** आम्चोक गा.वि.स. इलाम, आम्चोक गा.बि.स. को परिचय, पौष २०६४ ।

o **श्रेष्ठ, शिवकुमार,** 'लिम्बुवानको ऐतिहासिक अध्ययन' धनकुटा, (श्रीमति गंगा देबी), २०४२ ।

o ˙ **काइला बैरागी,** 'साप्पाक चोमेन मुन्धुमः' लिम्बु जातिमा

o कोखपुजा, काठमाण्डौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४८ ।

o **काइला बैरागी,** 'ईश्पा र आँखिडाहीको आरत्पान' काठमाण्डौ' नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५१ ।

o **काइला, बैरागी,** 'आख्यान र अनुष्ठान, काठमाण्डौं' नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५२ ।

o **कार्की रनबहादुर,** 'इलाम दर्शन' काठमाण्डौं, (श्रीमती डिल्ली कुमारी कार्की) २०५८ ।

o **क्यप्लान** (land and Social Change in East Nepal) Rourtledge an Kegan Paul Limited Londan . सन् १९७० ।

o **'किराँत याक्थुङ चुम्लुङ,** 'कराँत चाड' चासोक तङनाम' संक्षिप्त परिचय, ललितपुर किँरात याक्थुङ चुम्लुङ, २०५९ पृ.१५-२३ ।

o **'किँराती लोक कथा',** काठमाणडौं गुनिलो प्रकाशन, २०४७ ।

o **'किँरात इतिहास',** विर्तामोड (श्री गणेश इङनाम लिम्बु, श्री शन्तवीर आङवोहाङ लिम्बू, २०५२) ।

o **'किराँत मुन्धुम',** दार्जिलिङ्ग भारतीय किराँत चुम्लुङ्ग सभा, सन् १९७८ ।

o **घिमिरे प्रविण,** 'इलाम बरवोटे गा.वि.स.का लिम्बू जातिको एक अध्ययन',

o नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय बिभाग त्रि.वि. कीर्तिपुर २०६२ ।

o **चेम्जोंङ्ग इमानसिंह,** 'किँरातकालिन जियपुरको संक्षिप्त इतिहास' दार्जीलिङ्गः नेपाली साहित्य परिषद,.सन् १९७५ ।

o **चेम्जोंङ्ग इमानसिंह,** 'किँरात मुन्धुम उपदेश', दार्जीलिङ्ग, अखिल भारतिय किँरात चुम्लुङ्ग सभा, २०५७ ।

o **चेम्जोङ, इमानसिंह,** 'History of Culture of Kirat People', याक्थुङ चुम्लुङ, कार्यालय, महालक्ष्मीस्थान ललितपुर, सन् २००३ ।

o **डउई. एच.होल्म्बर्ग** (Order in Paradon; Myth and Enchanged Among Nepal's Tamang' Comall University Press) . सन् १९८९ ।

o सेरी. बि.ओर्थर (Sherpa's Through Their Rituals) Cambridge University Press . सन् १९६८ ।

o थुलुङ्ग नारदमुनी 'किराँतको नाली बेली' श्री अंगुर कन्दङ्वा, बिराटनगर २०४१ ।

o दाहाल पेशल, 'नेपालको इतिहाँस', काठमाण्डौ एम.के. पब्लियर्स एण्ड डिष्ट्रिब्युटर्स, २०५७ ।

o नेपाली गोपाल सिंह, 'The Newar' , पुस्तक सन्. १९६५ ।

o न्यौपाने, गोविन्द, 'नेपालको जातिय प्रश्न' काठमाण्डौं, सेन्टर फर डेभेलोप्मेन्ट स्टडिज बि.स. २०५७ ।

o नेपालमा जनजातिको धर्म संस्कार, 'किराँत धर्म तथा साहित्य उत्थान संघ' काठमाण्डौ २०४८'

o पि.क्याप्लान (Prist and Cobblere, (A Study of Social Change in a Hindu Village in Western Nepal', Lonon को Chamdler Publishing Company). सन् १९७२ ।

o बिष्ट, डोर बहादुर, 'People of Nepal' Kathnandu, Ministry of Information and Broadcasting, सन् २००२ ।

o बिष्ट, डोर बहादुर 'सबै जातको फूलबारी' साझा प्रकाशन, पुल्चोक ललितपुर, बि.स. २०३२ ।

o मेची महाकाली भाग १, काठमाण्डौं: श्री ५ को सरकार सञ्चारमन्त्रालय, महासंघ चौथो राष्ट्रिय महाधिवेशन स्मारिका, सन् २०००, पृ ३२-४

o याक्थुङवा ऋषि कुमार, 'साङपाङवे, याकथुङ्ग चोकथिम', कालेबुङ किराँती प्रकाशन, सन् १९९२ ।

o रेग्मी ऋषि केशवराज, 'Dimension of Nepali culture and Society' SANN नामक अनुसन्धान संस्थाबाट प्रकाशित कृति, सन् १९९९ ।

o रेग्मी ऋषी केशव राज रेग्मी, 'Dhimal Mirachious Migrants of Himalays' निरला प्रकाशन भारत नयाँ दिल्लीबाट प्रकाशित, सन्. १९९१ ।

o लावती येहाङ, 'आदिबासी लिम्बू जातिको संक्षिप्त परिचय' ललितपूर बि.स. २०६२ पृ.३ ।

o शर्मा लबचन्द्र, 'नेपालको ऐतिहाँसिक रुप रेखा' (कृष्णकुमारी देवी बारायणी प्रकाशन) बि. स. २०२२ ।

o सुब्बा चैतन्य, 'The Culture and Religion of Limbus' K.B. Subba, Hayigauda, Kathmandu' सन् १९९८ ।

o **सुब्बा सुनिता,** 'लोकसंगीतको माध्यमबाट देखिएका लिम्बू जातिको परिवर्तन र सामाजिक जीवन' सम्बन्धी नवमी डाँडा पाँचथरमा गरिएको एक समाजशास्त्रीय अध्ययन २०५२ । समाजाशास्त्र /मानवशास्त्र केन्द्रिय बिभाग त्रि.बि.,कीर्तिपुर ।

o **स्वामी, प्रपन्नचार्य,** 'प्राचिन किँरात इतिहाँस' पाँचथर, किरातेश्वर प्रकाशन २०५७ ।

o **शर्मा प्रयागराज,** (Cast Social Mobility Saskritization) सन् १९७७ कैलाश पत्रिकाबाट प्रकाशित लेख ।

o **शर्मा, जनकलाल,** 'हाम्रो समाज एक अध्ययन' काठमाण्डौं, साझा प्रकाशन २०४५ ।

o **शर्मा बालचन्द्र,** 'नेपालको ऐतिहाँसिक रुपरेखा' (वाराणसी कृष्ण कुमारी देवी,) बि.स. २०२२ ।

o **सेरी. बि.ओर्थर** (Sherpa's Through Their Rituals) Cambridge University Press . सन् १९६८ ।

o **सुब्बा, चैतन्य**, 'लिम्बू जाति र तिनका संस्कारहरु' नेपाल जनजाति महासंघ चौथो राष्ट्रिय महाधिबेशन स्मारिका, सन. २०००, पृ ३२-४२ ।

o **साङपाङवे ऋषिकुमार,** (कालेबुङ्ग याक्थुङ्गवा चोक्यिम किराँत प्रकाशन) बि.स **२०४९** ।

o **क्षेत्री देश बन्धु,** योजना साप्ताहिक, काठमाण्डौ २०५५ । (१-३१ वर्ष १६ अङ्क ५) ।

**काव्य संग्रहहरू**

o **तुम्याङ अमर,** 'सेवारो' वि.स. २०५८ ।

o **फियाक सेसेहाङ** 'तोलिङसोमुबा' वि.स.२०६० ।

o **लावती यङहाङ,** 'याक्थुङ साम्लो' वि.स. २०६२ आदि ।

**खण्डकाब्यहरू**

o **चेम्जोङ्ग इमानसिहं,** 'युमा मुन्धुम'(अप्रकाशित), ।

o **नेम्बाङ्ग खड्ग**, 'किँरात मिक्हन साम्लो' वि स.२०१२ ।

o **नेम्बाङ्ग बिर,** 'सेम्मुइ' '१९६८ आदि ।

**महाकाब्यहरू**

o **तुम्याहाङ अमर,** 'सोधुङगेन् चोत्लुङ' वि. स. २०६० ।

o **थुम्सुहाङ प्रेमदिप**, 'सुक्कुम' वि.स.२०६१ आदि ।

**कथासंग्रहहरू**

o **कन्दङवा काजिमान,** 'पाङखरे योवा आङयेरा' वि.स. २०१८ ।

o **चेम्जोङ्ग र लिङदेन,** 'मिक्तोक्' बि.स. २०६२ ।

o **फियाङ सेसेहाङ,** 'रुमेरे कुसेप्माङ' वि.स.२०६१ आदि ।

**उपन्यासहरू**

o **मुरिङला पदमसिंह,** 'भत्थामा' सिक्किम सन् १९८३ ।

o **यङहाङ उत्तम कुमार,** 'लोजी' बि.स. २०६१ ।

## अनुसूची
## शोधपत्रको अध्ययनको लागि तयार पारि प्रयोग गरिएका प्रश्नहरुको सुची

**(क) ऐतिहाँसिक पृष्ठभूमीका आधारमा सोधिएका प्रश्नहरू**

१) लिम्बू जातिको उत्पत्ति र बिकास कसरी भयो ?

२) लिम्बू जातिलाई आदिबासि जनजाति किन भनिन्छ ?

३) जनसंख्याको आधारमा लिम्बू जाति जनजातिको कुन समुहमा पर्दछ ?

४) लिम्बू जातिको ऐतिहाँसिक पुर्ख्याउली थलो कहाँ हो ?

५) बर्तमान नेपालमा नेपालको कुन कुन क्षैत्रमा लिम्बू जातिको बसोबास रहेको छ ?

६) नेपाल बाहेक अन्या दोस्रो वा तेस्रो मुलुकमा पनि लिम्बू जातिको बसोबास रहेको छ ? छ भने कुन कुन देशमा रहेको छ ?

७) लिम्बू जातिको बसोबास कसरी बिस्तारित हुदै गयो र इलाम जिल्ला ,आम्चोक गा.बि.स.मा लिम्बूहरुको आगमन कसरी भयो ?

८) लिम्बू नातिका थरहरु के के रहेका छन ?

९) लिम्बू जातिको भाषा र संस्कृतिको उत्पत्ति र बिकास कसरी भयो ?

१०) बर्तमान अवस्थामा लिम्बू जातिको उत्पत्ति बिकास र भाषा संस्कुति सम्बन्धि कस्ता-कस्ता तर्क र मत भिन्नताहरु रहेका छन ?

**(ख) लिम्बू जनजातिको सामाजिक अवस्था सम्बन्धि प्रश्नहरु :-**

१) लिम्बू जातिको सामाजिक संरचना वा सामाजिक ब्यावस्था कस्तो रहेको छ ?

२) लिम्बू जातिमा एक आपसमा मिलेर बस्ने वा सहयोग गर्ने चलन छ की छन ? छ भने कस्तो छ ?

३) लिम्बू जाति भित्र सार्वजनिक कार्यहरु कसरी गरिन्छ ?

४) लिम्बू जातिमा कुनै सार्वजनिक गुठी राख्ने चलन छ की छैन ?

५) लिम्बू जातिमा कुनै सांस्कृतिक कार्यक्रम वा कुनै पर्बहरु र बिबाहामा भेला हुने चलन छ की छैन ? छ भने कस्तो रहेको छ ?

६) सार्वजनिक कार्यक्रममा भोज भतेरको ब्यावस्था कसरी गरिन्छ ?

७) कुनै पनि ब्यात्तिको घरमा मान्छे मर्‍यो वा संकटको अवस्था आयो भने आफन्त वा छिमेकीहरुले कसरी सहयोग गर्ने चलन रहेको छ ?

८) लिम्बू जातिको मुख्य पेशा ब्यावसाय के के हुन ?

९) पहिलाको तुलनामा बर्तमान अवस्थामा लिम्बू समुदायमा के-कस्ता परिबर्तनहरु आएका छन ?

१०) अन्य जातिसँगको सम्पर्कको प्रभावले लिम्बू जातिमा कस्तो प्रभाव परेको छ ?

**(ग ) सांस्कृतिक अवस्था सम्बन्धि प्रश्नहरु**

१) लिम्बू जातिको सांस्कृतिक अवस्था कस्तो रहेको छ ?

२) लिम्बू संस्कारमा पर्ने मुख्य मुख्य चाडपर्बहरु के के हुन ?

३) लिम्बू जातिमा जन्म संस्कार, बिबाह संस्कार र मृत्यु संस्कार कसरी गरिन्छ ?

४) लिम्बू जातिको मातृ भाषा लिम्बू भाषा हो भने , लिम्बू भाषा बोल्नेको संख्या कति रहेको छ ?

५) लिम्बू जातिका मुख्य मुख्य पोषकहरु के के हुन् ?

६) लिम्बू जातिको जातिय अस्तित्व झल्काउने गर-गहनाहरु के के हुन् ,?

७) लिम्बू जातिका मुख्य-मुख्य खानपानहरु के के हुन् ?

८) लिम्बू जातिमा परम्परादेखि चलि आएको मुख्य पेषा ब्यावसायहरु के के हुन् ?

९) बिगतको तुलनामा बर्तमान अवस्थामा लिम्बू समुदायमा के-कस्ता परिवर्तनहरु आएकाछन् ?

**(घ) शैक्षिक अवस्था सम्बन्धि प्रश्नहरु**

१) हाल लिम्बू जातिको शैक्षिक अवस्था कस्तो रहेको छ ?

२) शैक्षिंक स्तरमा एस. एल. सी . भन्दा तल अध्ययन गर्ने, एस.एल. सी, प्रमाणपत्र तह, स्नातक तह र स्नातकोत्तर तहसम्म अध्ययन गर्नेको संख्या कति कति रहेको छ ?

३) यस लिम्बू समुदायबाट हाल अध्ययनरत बिद्यार्थी संख्या कति कति रहेको छ ?

४) शिक्षामा महिला र पुरुषको सन्दर्भमा कसलाई बढी महत्व दिने गरिन्छ ?

५) लिम्बू जातिमा मातृ भाषामा शिक्षा दिने स्कुलहरु कति रहेका छन् ?

६) हाल यस गाउँमा कुनै बिद्यालय छ की छैन छ भने यसले यस समाजमा कस्तो प्रभाव पारेको छ ?

७) छोरा र छोरीको शिक्षालाई कसरी हेर्ने गरिन्छ ?

८) तपाईको गाउँमा कुनै पौढ शिक्षाका कक्षाहरु खुलेका छने कि छैनन्र छन भने यसलै समाजमा कस्तो प्रभाव पारेको छ ?

९) तपाईको बिचारमा शिक्षा के हो जस्तो लाग्दछ ?

१०) बिगतमा भन्दा बर्तमानमा शैक्षिक स्तरमा कस्तो परिबर्तन आएको छ ?

**(ङ) स्वस्थ्य अवस्था सम्बन्धि प्रश्नहरु**

१) यो लिम्बू समुदायमा सबभन्दा बढी कुन रोगको प्रभाब परेको पाइन्छ र यो रोग कुन मौसममा बढी देखा पर्ने गर्दछ ?

२) कुनै दिर्घ रोगको कारण मानिसहरु अंगभंग वा अपांग भएका छन् कि छैनन् छन भने कति छन् ?

३) याहाँको खाने पानीको मुख्य स्रोत के-के हुन् र कस्तो पानी पिउने गरिन्छ ?

४) तपाँइहरु कस्तो  चर्पी प्रयोग गर्नुहुन्छ ?

५) खाना पकाउँनको लागि के को प्रयोग गर्नुहुन्छ ?

६) बच्चाहरुलाई कस्तो खाना खूवाउने गर्नुहून्छ र कस्तो अवस्थामा राख्ने गर्नुहन्छ ?

७) गर्भवती वा सुत्केरी महिलालाई कस्तो अवस्थामा राख्नुहुन्छ ?

८) महिलालाई सुत्केरी गराउनको लागि घरैमा मासिका बोलाउनु हुन्छ की कुनै स्वास्थ्य चौकी वा अस्पतालमा लाने गर्नु हुन्छ ?

९) तपाईको गाउँमा कुनै मासिका वा तालिम प्राप्त सुडेनीहरु छन की छैनन् ?

१०) यो गा.बि.स. वा वडामा जनचेतना सम्बन्धि या कुनै स्वास्थ्य सम्बन्धि कार्याक्रमहरु भएका छन् की छैनन् ? छन् भने कस्ता-कस्ता प्रकारका भएका छन् ?

११) यो वडामा कुनै पनि समयमा कुनै महामारी रोग फैलिएको छ की छैन , छ भने कस्तो प्रकारको छ ?

**(च) राजनीति सम्बन्धि प्रश्नहरु**

१) यो गा. बि. स. का सबै मानिसहरुलाई राजनीति सम्बन्धि ज्ञान छ की छैन, छ भने कति प्रतिशतलाई भएको अनुमान गर्न सकिन्छ ?

२) राजनीतिमा महिलाको सहभागिता कति रहेको छ ?

३) यस गाउँको समुदायबाट कुनै स्थानिय निकाय वा कुनै राजनीति पक्षमा पद धारण गर्ने मानिसहरु कति रहेका छन् ?

४) यो समुदायमा कुनै पार्टीगत राजनीतिमा आस्था राख्ने मानिसहरु बढी छन् की जनजातिय राजनीतिमा आस्था राख्ने बढी छन् ?

५) बर्तमान अवस्थामा यो समुदायमा राजनीति प्रभाब कस्तो रहेको छ ?

६) लिम्बुवान स्वयत्त गणराज्यको माग राख्नुको मुख्य उदेश्य वा कारणहरु के के हुन् र भबिष्यमा यसले समाज वेपरिचालन र संरचना गर्ने कस्तो लक्ष्य राखेको छ ?

७) पार्टीगत राजनीति र लिम्बुवान जनजातिय राजनीतिमा के के भिन्नता पाइन्छ ?

८) लिम्बूवान् स्वयत्त गणराज्यको माग कहिलेबाट शुरु भएको हो र यसका प्रमुख प्रतिनिधि व्यत्तिहरु को को थिए ?

९) हालसम्ममा लिम्बूवान स्वयत्तताको लागि कति आन्दोलनहरु सफल भएका छन् ?

१०) लिम्बूवान स्वयत्त गण राज्यले कस्तो सामाजिक संरचनाको परिकल्पना गरेको

**(छ) आर्थिक अवस्था सम्बन्धि प्रश्नहरु**

१) यस गाउँका मानिसहरुको मुख्य आय स्रोतहरु के के हुन ?

२) आफ्नो आयस्रोतले खान पुग्नेको घर संख्या कति रहेको छ ?

३) यस लिम्बू समुदायमा आफ्नो आयस्रोतले खान नपुग्नेको घर संख्या कति रहेकोछ ?

४) आफ्नो आयस्रोतले खान पुगेर बचाउँनेको घरपरिवार संख्या कति रहेको छ ?

५) कस-कसको जग्गा स्वामित्व कति कति रहेको छ ?

६) यस गाउँका मानिसहरुको बैकल्पिक रोजगारीका स्रोतहरु केहि छन् की छैनन् ?

७) सरकारी रोजगारी वा बैदेशिक रोजगारीमा लाग्नेको संख्या कति कति रहेको अनुमान गर्न सकिन्छ ?

८) यस गाउँमा ब्यापार ब्यावसायमा लाग्नेको संख्या कति रहेको छ ?

९) आर्थिकउत्पादन कार्यमा महिलाको सहभागिता कति रहेको अनुमान गर्न सकिन्छ ?

१०) सधै मजदुरी गरेर जीबिकोपार्जन गर्नेको संख्या कति रहेको छ ?

११) यस गाउँमा नगदे बालीहरु के के लाई मान्न सकिन्छ ?

१२) यस लिम्बू समुदायमा बर्तमान अवस्थामा कस्तो आर्थिक परिवर्तन आएको पाउँन सकिन्छ ?

**(ज) धार्मिक अवस्था सम्बन्धि प्रश्नहरु :-**

१) किराँत (लिम्बू) धर्मको उत्पत्ति र बिकास कहिले र कसरी भएको हो ?

२) लिम्बू जातिको मुख्य धर्म ग्रहन्थ केलाई मान्न सकिन्छ र यसका धर्मगूरु कसलाई मानिन्छ ?

३) किराँत (लिम्बू) धर्मका मुख्य मुख्य मान्यताहरु के के रहेका छन् ?

४) लिम्बू जातिमा मूख्य-मूख्य देबी-देवता कस-कसलाई मान्न सकिन्छ ?

५) किराँत (लिम्बू) धर्म अनुसार मुख्य-मुख्य चाड पर्बहरु के के रहेका छन् र यिनलाई कसरी मनाउने गरिन्छ ?

६) किराँत (लिम्बू) धर्म अनुसार लिम्बू जातिमा जन्म देखि मृत्युसम्मका संस्कारहरु कस्ता-कस्ता रहेका छन् ?

७) किराँत (लिम्बू) धर्मले महिलालाई कस्तो दृष्टिले हेर्ने गरेको पाइन्छ ?

८) पूर्ण रुपमा किराँत (लिम्बू) धर्म मान्नेको संख्या कति पाउँन सकिन्छ र अन्या धर्म मान्नेको संख्या कति रहेको अनुमान गर्न सकिन्छ ?

९) किराँत (लिम्बू) धर्ममा अन्या धर्मको प्रभाब परेको छ की छैन , छ भने कस्तो परेको छ ?

१०) किराँत (लिम्बू) धर्मावलम्बीहरुको लागि मुख्य मुख्य तिर्थस्थलहरु कहाँ कहाँ पर्दछन् र ती के के हुन् ?

११) किराँत (लिम्बू) धर्म अनुसार धर्मगुरुको स्थान कस्तो रहेको हुन्छ ?

१२) बिगतका तुलनामा बर्तमान अवस्थामा लिम्बू धर्ममा केहि परिवर्तन आएको छ की छैन छ भने कस्तो छ ?

**झ) लैङ्गिक अवस्था वा महिलाको अवस्था सम्बन्धि प्रश्नहरु**

१) यो लिम्बू समुदायमा महिला र पुरुषको सम्बन्ध कस्तो रहेको हुन्छ ?

२) कुनै पनि घरायसी काम वा आर्थिक काम ब्यावहारको लागि महिलाको निर्णय मान्य हुन्छ की हुदैन ?

३) कुनै पनि कार्यको निर्णय गर्ने अधिकार महिलालाई छ की छैन ? छ भने कति छ ?

४) कुनै पनि कार्यको लागि महिलालाई हिडडुल गर्ने अधिकार कस्तो रहेको छ ?

५) किराँत धर्मले महिलालाई कस्तो दृष्टिले हेर्ने गर्दछ ?

६) पैत्रिक सम्पत्तिमा महिलाको अधिकार कस्तो रहेको हुन्छ ?

७) बिबाह हुँदा महिलाको राजीखुशीमा हुने गर्दछ की परिवारको हस्तक्षेपमा हुने गर्दछ ?

८) बिबाह गर्नको लागि केटीको उमेर कति भए उचित मानिन्छ ?

९) बहु बिबाह प्रथा वा पारपाचुके प्रथा कस्तो रहेको छ ?

१०) महिलाको शिक्षालाई कस्तो प्राथमिकता दिने गरिन्छ ?

११) उत्पादनमुलक कार्य वा रोजगारीको अवस्थामा महिलाको पहुच कस्तो रहेको छ ?

१२) घरपरिवारमा छोरी र बुहारीमा कुनै भेदभाव गर्ने चलन छ की छैन ?

# लिम्बु संस्कृति झल्काउने केही फोटाहरु








Tiger BEER









